नगर कार्यपालिकाको १३१ औं बैठक बाट स्वीकृत :२०८३/०२/२१

# नगर शिक्षा योजना

## (आ.व. २०८२/८३ बाट २०८६/८७)

## पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## स्याङ्जा

# पुतलीबजार नगरपालिका
# नगर शिक्षा योजना
# लेखन कार्यदल

संयोजक: धर्मराज ढुङ्गाना प्रमुख प्रशासकीय अधिकृत, पुतलीबजार नगरपालिका

सदस्य :इमबहादुर सेन कार्यपालिका सदस्य, पुतलीबजार नगरपालिका

सदस्य : बाबुराम बराल नगर शिक्षा अधिकारी पुतलीबजार नगरपालिका

सदस्य : मुक्तिप्रसाद रेग्मी सदस्य नगर शिक्षा समिति पुतलीबजार नगरपालिका

सदस्य : लेखनाथ रेग्मी प्रिन्सिपल श्री स्याङ्जा आवासीय मा .वि.पुतलीबजार

सदस्य : कृष्णबहादुर गोदार प्रधानाध्यापक श्री सरस्वती मा वि

सदस्य : पुष्पा पौडेल कार्की शिक्षक, श्री त्रिभुवन आदर्श मा.वि.

सदस्य : चण्डीप्रसाद सुवेदी शिक्षक, श्री कोल्मा बराहचौर मा. वि .

सदस्य सचिव :शोभा बस्याल अधिकृतस्तर (छैटौं) पुतलीबजार नगरपालिका

## हार्दिक शुभकामना

शिक्षा मानव जीवनको तेस्रो आँखा हो । समाज र राष्ट्र रूपान्तरणको मुख्य मेरुदण्ड हो। यही ध्येयलाई आत्मसात गर्दै पुतलीबजार नगरपालिकाले नगरको समग्र शैक्षिक विकासका लागि पाँच बर्से नगर शिक्षा योजना (आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्म) तर्जुमा गरेको छ। यो योजना विगतका अनुभवबाट प्राप्त पाठ, वर्तमानका चुनौती र भविष्यको आवश्यकतालाई मध्यनजर गर्दै तयार पारिएको एक सुदृढ र दूरगामी मार्गचित्र हो। कार्यान्वयनमा देखिएका जटिलता, स्रोतको न्यून उपयोग र गुणस्तर एवम् समान पहुँचको अभाव जस्ता समस्यालाई चिर्दै, शिक्षालाई संस्कार, प्रविधि र समावेशितासँग जोड्नु नै हाम्रो प्रमुख लक्ष्य हो।

हामीले यस योजनामार्फत विद्यालय तहदेखि प्राविधिक तथा उच्च शिक्षासम्मको गुणस्तर र उत्तरदायित्वलाई सुनिश्चित गर्ने अठोट लिएका छौं। विशेषगरी शैक्षिक पूर्वाधारको आधुनिकीकरण, शिक्षकको क्षमता अभिवृद्धि, बालमैत्री वातावरणको निर्माण तथा विपन्न र पछाडि पारिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने विषयलाई हामीले उच्च प्राथमिकतामा राखेका छौं। यस योजनाको मस्यौदा निर्माणमा सक्रिय सहकार्य गर्नुहुने आदरणीय जनप्रतिनिधिज्यूहरू, सामाजिक बुद्धिजीवी, शिक्षक, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरूमा म हार्दिक आभार व्यक्त गर्दछु ।

नगरपालिकाको नेतृत्व, स्थानीय स्रोतको न्यायोचित परिचालन, विज्ञहरूको सल्लाह र समुदायको सक्रिय सहकार्यमा यो योजना कार्यान्वयन गरिने छ। हाम्रो साझा उद्देश्य पुतलीबजारलाई संस्कारयुक्त, प्रविधिमैत्री, नवप्रवर्तनशील र आत्मनिर्भर शैक्षिक केन्द्रको रूपमा स्थापित गर्नु हो। यस ऐतिहासिक योजनाको सफल कार्यान्वयनका लागि सम्पूर्ण शैक्षिक संस्था, शिक्षक, अभिभावक, विद्यार्थी र सामाजिक संघ-संस्थाहरूबाट सदाझैं सक्रिय भूमिका र निरन्तर सहयोगको अपेक्षा गर्दछु। शिक्षाको माध्यमबाट समृद्ध र सभ्य समाज निर्माण गर्ने हाम्रो साझा अभियानमा सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

तुलसीराम रेग्मी
नगर प्रमुख
पुतलीबजार नगरपालिका,
स्याङ्जा

## शुभकामना

शिक्षा प्रत्येक बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने माध्यम र राष्ट्रको सर्वाङ्गीण विकासको आधारस्तम्भ हो। यस सत्यलाई हृदयङ्गम गर्दै, पुतलीबजार नगरपालिकाले शैक्षिक रूपान्तरणको परिकल्पनासहित पाँच बर्से नगर शिक्षा योजना (२०८२/८३-२०८६/८७) तर्जुमा गरेको छ। यो केवल एक दस्तावेज नभई, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय नीतिहरूको मर्मअनुरूप हाम्रो नगरको समग्र शैक्षिक विकासको मार्गचित्र हो।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा हामीले शिक्षालाई स्वास्थ्य, रोजगारी र जीवनपद्धतिसँग जोड्नुपर्ने दायित्व बोकेका छौं। गुणस्तरीय शिक्षाको अर्थ केवल अक्षरारम्भ मात्र होइन; नैतिक, चारित्रवान्, सिर्जनशील र वैज्ञानिक चिन्तनयुक्त जनशक्ति निर्माण गर्नु हो। सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याई निरन्तरता सुनिश्चित गर्नु र शैक्षिक गुणस्तर कायम गर्नु हाम्रो साझा चुनौती हो। मलाई पूर्ण विश्वास छ, समुदायको परिचालन, अभिभावकको सक्रियता र सरोकारवालाहरूको हातेमालोबाट यी चुनौतीहरूलाई हामी अवसरमा बदल्न सक्नेछौं।

यस योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, राजनैतिक दल तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको अविछिन्न परिश्रम र लगनशीलता अपरिहार्य छ। यो योजना हाम्रो शैक्षिक विकासमा मात्र नभई नगरको सामाजिक र आर्थिक प्रगतिको आधार बन्नेछ भन्ने कुरामा म विश्वस्त छु।

अन्त्यमा, पुतलीबजारको शैक्षिक विकासका लागि कोसेढुङ्गा साबित हुने यस पाँच बर्से योजनाको पूर्ण सफलताको कामना गर्दछु। शिक्षाको माध्यमबाट एक सभ्य, समृद्ध र शिक्षित समाज निर्माणको यो महाअभियानमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

देवी अर्याल
उपप्रमुख
पुतलीबजार नगरपालिका, स्याङ्जा

## मेरो भनाइ

शिक्षा केवल व्यक्तिमा निहित एक नैसर्गिक अधिकार वा ज्ञानको आर्जन मात्र होइन, बरु यो समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने र सभ्य समाजको जग बसाल्ने सबैभन्दा सशक्त माध्यम पनि हो। हाम्रो संविधानले परिकल्पना गरेबमोजिम लोकतान्त्रिक मूल्य–मान्यतामा आधारित, सर्वसुलभ, समावेशी र गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको स्थानीय सरकारको सर्वाधिक प्राथमिक र महत्त्वपूर्ण दायित्व हो। व्यक्तिको चेतना र व्यवहारमा सकारात्मक रूपान्तरण गर्दै राष्ट्र निर्माणको अभियानमा शिक्षाले खेलेको भूमिका अद्वितीय छ। यसै सन्दर्भमा, पुतलीबजार नगरपालिकाले तयार पारेको 'पाँच बर्से नगर शिक्षा योजना (२०८२/८३–२०८६/८७)' लाई म केवल एक नीतिगत दस्तावेजका रूपमा मात्र नभई, नगरको शैक्षिक गन्तव्य तय गर्ने एक गतिशील र पथ प्रदर्शक 'ब्लुप्रिन्ट' को रूपमा लिएको छु।

गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न केवल नीतिगत घोषणा पर्याप्त हुँदैन । यसका लागि स्पष्ट कार्यदिशा, स्रोतहरूको विवेकशील लगानी र शैक्षिक सुधारका कार्यक्रमहरूको इमानदार कार्यान्वयन अपरिहार्य छ। कुनै पनि योजना आफैंमा पूर्ण नहुन सक्छ । यसका लक्ष्यहरू केही महत्त्वाकाङ्क्षी हुनु स्वाभाविक पनि हो। तसर्थ, हामीले यो पाँच बर्से योजनालाई मार्गचित्र मान्दै प्रत्येक वर्ष यसैका आधारमा वार्षिक कार्ययोजना र कार्यान्वयन रणनीतिक योजनाहरू तर्जुमा गर्दै अघि बढ्नुपर्ने आवश्यकता छ। योजना निर्माण टोलीले पुतलीबजारलाई शैक्षिक गन्तव्यको थलो/हबका रूपमा विकास गर्न जुन मिहिनेत र दूरदर्शिता देखाएको छ, त्यसले पक्कै पनि शैक्षिक क्षेत्रमा सकारात्मक नतिजा ल्याउनेछ भन्नेमा म विश्वस्त छु।

शैक्षिक योजनाको सफलताका लागि कुनै एक निकायको प्रयास मात्र पर्याप्त हुँदैन। सङ्घीय, प्रदेश र स्थानीय सरकारबीचको समन्वय, जनप्रतिनिधिहरूको उच्च राजनीतिक इच्छाशक्ति, तथा सरकारी र गैरसरकारी संस्था एवं नागरिक समाजको सक्रिय हातेमालो यसको सफलताको मूल कडी हो। हामीले शिक्षाका विभिन्न आधारस्तम्भहरूलाई एकीकृत दृष्टिकोणले हेर्दै, शैक्षिक सुधारमा एकरूपता कायम गर्नुपर्दछ। यो योजना कार्यान्वयनको क्रममा आइपर्ने हरेक चुनौतीहरूलाई हामीले अवसरका रूपमा ग्रहण गर्दै, पुतलीबजारको शैक्षिक धरातललाई थप उचाइमा पुऱ्याउने सङ्कल्प गर्नुपर्छ।

अन्तमा, पुतलीबजार नगरपालिकाको शैक्षिक स्तरलाई प्रविधिमैत्री, प्रतिस्पर्धी र संस्कारयुक्त बनाउने यो गौरवपूर्ण यात्रामा सम्पूर्ण सरोकारवालाहरूको निरन्तर सहयोग र प्रतिबद्धता रहनेछ भन्ने पूर्ण विश्वास राख्दछु। यस ऐतिहासिक योजनाको प्रभावकारी कार्यान्वयनले हाम्रा सन्ततिको भविष्य उज्ज्वल बनाउने छ भन्ने अपेक्षासहित, सम्पूर्ण नगरवासीमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

# दुई शब्द

गन्तव्यहीन यात्रा र योजनाविहीन कार्यको कुनै सार्थकता हुँदैन। निश्चित उद्देश्य प्राप्तिका लागि सुव्यवस्थित योजना अपरिहार्य हुन्छ । जब कुरा राष्ट्रको सर्वाङ्गीण विकासको मेरुदण्ड मानिने 'शिक्षा' को आउँछ, तब यसको महत्त्व झनै अतुलनीय बन्न जान्छ। नेपालको संविधानप्रदत्त शैक्षिक अधिकारको सुनिश्चितता गर्दै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावनाअनुरूप पुतलीबजार नगरपालिकाले आफ्नो शैक्षिक रूपान्तरणका लागि यो 'पाँच वर्षे नगर शिक्षा योजना' तर्जुमा गरेको छ। यो केवल एउटा प्रशासनिक दस्तावेज मात्र होइन, बरु हाम्रो नगरको शैक्षिक भविष्य कोर्ने बलियो आधारस्तम्भ हो।

संविधानले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकारको काँधमा सुम्पेको छ। आजको विश्वपरिवेशमा शिक्षालाई केवल औपचारिक प्रमाणपत्रमा सीमित नराखी व्यावहारिक, वैज्ञानिक, रोजगारमुखी र प्रतिस्पर्धी बनाउनु हाम्रो प्रमुख दायित्व हो। हाम्रो कला, संस्कृति, सभ्यता र मौलिक ज्ञानलाई आधुनिक प्रविधि र समयानुकूल सिपसँग जोड्दै सिर्जनशील जनशक्ति उत्पादन गर्न हामी कटिबद्ध छौं। यही आवश्यकतालाई बोध गर्दै, हामीले यस योजनामा प्रारम्भिक बाल शिक्षादेखि माध्यमिक तहसम्म, र अनौपचारिक शिक्षादेखि आजीवन सिकाइसम्मका विषयवस्तुलाई समेटेका छौं। साथै, शैक्षिक गुणस्तरको मुख्य कडीका रूपमा रहेका पाठ्यक्रम, शिक्षक व्यवस्थापन, समता र समावेशीकरण, विद्यालय सुरक्षा, भौतिक पूर्वाधार र सूचना प्रविधिको प्रयोगलाई पनि हामीले उत्तिकै प्राथमिकता दिएका छौं।

यस योजनाको तयारीमा सुरुवाती चरणदेखि नै आफ्नो अमूल्य समय, ज्ञान र सुझाव प्रदान गर्नुहुने शिक्षा योजना मस्यौदा लेखन समिति, निर्माण समिति, प्रधानाध्यापकज्यूहरू, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षक प्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। तपाईंहरूको सक्रिय सहभागिता र प्रतिबद्धता नै यो योजनाको सफलताको मुख्य आधार हो।

अन्त्यमा, हामीले कोरेको यो शैक्षिक मार्गचित्र केवल कागजी दस्ताबेजमा सीमित नभई, व्यवहारमा पूर्णतः रूपान्तरण हुने छ भन्नेमा म विश्वस्त छु। नगरको शैक्षिक विकास र समृद्धिको यो महायात्रामा सम्पूर्ण शैक्षिक संस्था र सरोकारवालाहरूबाट रचनात्मक भूमिका र निरन्तर साथको अपेक्षा गर्दछु। यो योजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**बाबुराम बराल**
शिक्षा शाखा प्रमुख
पुतलीबजार नगरपालिका,
स्याङ्जा

विषय सूची

१विषय प्रवेश . ........................................................................१६
२शिक्षा योजना निर्माणको आवश्यकता ....................................................१६
३शिक्षा योजना निर्माणको औचित्य . ........................................................१७
४शिक्षा योजना निर्माणका आधार . ..........................................................१७
५शिक्षा योजना निर्माण प्रक्रिया . ..............................................................१८
परिच्छेद : एक.................................................................................२०
परिचय..........................................................................................२०
११ पृष्ठभूमि. ....................................................................................२०
१२ परिचय. ......................................................................................२२
१.२१ नगरको इतिहास र नामाकरण. .........................................................२२
१.२ २.भूगोल .......................................................................................२३
१.२.३ नगरपालिकाको जनसाङ्ख्यिक संरचना...............................................२४
१.२४ वडागत जनसङ्ख्या. .....................................................................२४
१.२ ५.जातजाति ....................................................................................२५
१.२.७ उमेरअनुसार जनसङ्ख्या विवरण......................................................२६
१३ विद्यालयगत विवरण.२. ..................................................................२८
११ वडागत सामुदायिक विद्यालय विवरण.३.२...........................................२९
१२ वडागत संस्थागत विद्यालय विवरण विवरण.३.२. .................................३०
१.२.४ विद्यार्थी विवरण विवरण ...............................................................३०
१४.२..१ विद्यार्थी विवरण .......................................................................३१
१.२.४.२ शिक्षक विवरण..........................................................................३३
तहगत शिक्षक दरबन्दी विवरण ...............................................................३३
१४.२..३ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था.....................................३४
१४ प्रमुख शैक्षिक समस्या तथा चुनौती. ....................................................३६

१.५ समस्या तथा चुनौतीको विश्लेषण....................................................३६

१.५.१ प्रमुख समस्या ....................................................................३७

समस्याका कारणहरू ....................................................................३८

खशिक्षा क्षेत्रको समस्या र चुनौतीको विश्लेषण ( ..................................३८

सबल पक्ष (अवसरहरू)..................................................................३८

कमजोर पक्ष...............................................................................३९

आन्तरिक चुनौतीहरू ....................................................................३९

वाह्य चुनौतीहरू ..........................................................................४०

परिच्छेद दुई...............................................................................४१

दूरदृष्टि, उद्देश्य, रणनिति, उपलब्धि र लक्ष्य............................................४१

२१ परिचय..................................................................................४१

२दूरदृष्टि .२...............................................................................४१

२.३ ध्येय ....................................................................................४१

२४ उद्देश्य. .................................................................................४१

२५ रणनीतिहरू...............................................................................४२

२४ अपेक्षित मुख्य उपलब्धि..............................................................४३

२.५ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य..............................४४

परिच्छेद : तीन ...........................................................................४९

विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू ................................................४९

३.१ प्रारम्भिक बालविकास र शिक्षा......................................................४९

३.१.१ परिचय....................................................................................४९

३२ वर्तमान अवस्था.१. ......................................................................४९

३३ अवसर एवम् सबल पक्ष.१. ...........................................................५०

३.१.४ समस्या तथा चुनौतीहरू...............................................................५०

क) समस्याहरू.......................................................................५०

ख ) चुनौती ...........................................................................५१

३.१.५ उद्देश्य.........................................................................५१

३६ रणनीति तथा कार्यनीतिहरू.१. ....................................................५१

३उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य .७.१. .......................५४

३१ उपलब्धि.७.१. ......................................................................५४

३२ नतिजा.७.१. .........................................................................५४

३.१.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य..........................५६

३२ आधारभूत शिक्षा.....................................................................५८

३१ परिचय.२.............................................................................५८

३२ वर्तमान अवस्था.२. .................................................................५८

३४ अवसर एवम् सवल पक्ष.२. ........................................................५८

ख) चुनौतीहरू ..........................................................................६०

३५ उद्देश्य.२. ............................................................................६०

३६ रणनीति तथा कार्यनीतिहरू.२. .....................................................६१

३.२.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य..........................६८

३१ उपलब्धि.६.२. .......................................................................६८

३नतिजा .२.७.२. .......................................................................६८

३ ७.२.उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य .......................७०

३३ माध्यमिक शिक्षा. ...................................................................७२

३१ परिचय.३.............................................................................७२

३२ वर्तमान अवस्था.३. .................................................................७२

३३ समस्या तथा चुनौतीहरू.३. .........................................................७२

क) समस्याहरू.......................................................................७२

ख) चुनौतीहरू ....................................................................७३
३४ अवसर एवम् सवल पक्ष.३. ......................................................७३
३५ उद्देश्य.३. ...........................................................................७४
३६ रणनीति त.३.था कार्यनीतिहरू ...................................................७५
३.३.७ उपलब्धि मुख्य नतिजाहरू मुख्य क्रियाकलाप र लक्ष्य....................८१
३१ उपलब्धि.७.३. .......................................................................८१
३२ प्रमुख नतिजा.७.३. ...................................................................८२
३७ उप.३.लब्धि मुख्य नतिजाहरू मुख्य क्रियाकलाप तथा लक्ष्य ................८३
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम .......................................८६
३१ परिचय.४..............................................................................८६
३२ वर्तमान अव.४.स्था ...................................................................८६
३३ अवसर र चुनौतीहरू.४.............................................................८७
क) अवसर...................................................................................८७
ख) चुनौतीहरू ............................................................................८७
३४ उद्देश्य.४. .............................................................................८७
३५ रणनीतिहरू.४. ......................................................................८८
३६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य.४. ........................८९
३१ उपलब्धिहरू.६.४.....................................................................८९
३२ नत.६.४.िजाहरू.......................................................................८९
३.४.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य............................९०
३५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ. ......................................९२
३१ परिचय.५..............................................................................९२
३२ वर्तमान अवस्था.५. .................................................................९३
३३ अवसर र चुनौतीहरू.५.............................................................९३

३४ उद्देश्यहरू.५.........................................................................९४
३५ रणनी.५.तिहरू.........................................................................९५
३६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य.५.........................९५
३१ उपलब्धि.६.५.........................................................................९५
३२ नतिजाहरू.६.५.........................................................................९५
३.५.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य...........................९७
परिच्छेद चार.........................................................................९९
४अन्तरसम्वन्धित विषय तथा क्षेत्रहरू ................................................९९
४१ पाठ्यक्रम., पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन......................९९
४१ परिचय.१.........................................................................९९
४२ वर्तमान अवस्था.१.........................................................................१००
४३ अवसर र चुनौतीहरू.१.........................................................................१०१
४.१.४ उद्देश्यहरू.........................................................................१०२
४५ रणनीतिहरू.१.........................................................................१०३
४६ उपलब्धि नतिजा र प्रमुख कियाकलाप तथा लक्ष्य.१.......................१०४
४१ उपलब्धिहरू.६.१.........................................................................१०४
४२ नतिजाहरू.६.१.........................................................................१०४
४.१.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य.........................१०६
४२ शिक्षक व्यवस्थापन र विकास.........................................................१०९
४१ परिचय.२.........................................................................१०९
४२ वर्तमान अवस्था.२.........................................................................११०
४३ अवसर र चुनौतीहरू.२.........................................................................१११
४४ उद्देश्यहरू.२.........................................................................११३
४५ रणनीतिहरू.२.........................................................................११३

४६ उपलब्ध.२.ि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य .................. ११५
४उपलब्धिहरू .१.६.२............................................................. ११५
४२ नतिजाहरू.६.२.................................................................. ११६
४.२.६.३ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........................... ११७
४३ शिक्षामा समता र समावेशीकरण............................................... १२०
४१ परिचय.३......................................................................... १२०
४२ वर्तमान अवस्था.३. ............................................................ १२०
४३ उद्देश्य.३. ....................................................................... १२२
४४ रणनीति.३.हरू ................................................................. १२२
४५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य.३. ..................... १२३
४.१.५.३. उपलब्धि......................................................... १२३
४नतिजा .२.५.३. .................................................................. १२३
४.३.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य........................ १२४
४४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम. ...................................... १२६
४१ परिचय.४......................................................................... १२६
४२ वर्तमान अवस्था.४. ............................................................ १२६
४ ३.४.उद्देश्य......................................................................... १२७
४४ रणनीतिहरू.४. ................................................................. १२८
४५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य.४. ..................... १२९
४१ उपलब्धि.५.४. .................................................................. १२९
४२ नतिजा.५.४. ..................................................................... १२९
४.४.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य........................ १३०
४५ विद्यालयमा सुरक्षा., विपत् न्यूनीकरण तथा उत्थानशीलता................. १३२
४१ परिचय.५......................................................................... १३२

४२ वर्तमा.५.न अवस्था ........................................................ १३२

४३ उद्देश्य.५. ........................................................ १३३

४४ रणनीतिहरू.५. ........................................................ १३४

४५ उपलब्ध.५.ि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ................... १३५

४१ उपलब्धि.५.५. ........................................................ १३५

४२ नतिजा.५.५. ........................................................ १३५

प्रमुख क्रियाकलाप ........................................................ १३६

४६ विद्या.लय भौतिक पूर्वाधार विकास ........................................ १३८

४१ परिचय.६ ........................................................ १३८

४२ वर्तमान अवस्था.६. ........................................................ १३८

४३ उद्देश्य.६. ........................................................ १३८

४४ रणनीति.६.हरू ........................................................ १३९

४५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य.६. ..................... १४०

४१ उपलब्धि.५.६. ........................................................ १४०

४२ नतिजा.५.६. ........................................................ १४०

प्रमुख क्रियाकलाप ........................................................ १४१

४७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि. ........................................ १४३

४१ परिचय.७ ........................................................ १४३

४२ वर्तमान अवस्था.७. ........................................................ १४३

४ ३.७.उद्देश्य ........................................................ १४४

४४ रणनीतिहरू.७. ........................................................ १४५

४५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य.७. ..................... १४६

४१ उपलब्धि.५.७. ........................................................ १४६

४२ नतिजा.५.७. ........................................................ १४६

प्रमुख क्रियाकलाप.......................................................................... १४७
परिच्छेद पाँच.................................................................................. १४८
सुशासन तथा व्यवस्थापन................................................................... १४८
परिचय........................................................................................... १४८
५१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता...................................... १४९
५.१.२ वर्तमान अवस्था.......................................................................... १४९
५३ उद्देश्य.१..................................................................................... १५०
५४ रणनीति.१................................................................................... १५०
५५ उपलब्धि.१., प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य.............................. १५१
५२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध. .................................... १५५
५१ परिचय.२..................................................................................... १५५
५२ वर्तमान अवस्था.२......................................................................... १५५
५३ उद्देश्य.२..................................................................................... १५६
५४ रणनीति.२................................................................................... १५६
परिच्छेद छ..................................................................................... १५७
लगानी र स्रोत व्यवस्थापन.................................................................. १५७
६१ परिचय........................................................................................ १५७
६२ वर्तमान अवस्था. .......................................................................... १५७
६३ उद्देश्य. ...................................................................................... १५८
६४ रणनीति....................................................................................... १५८
६५ उपलब्धि., प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य.................................. १५८
(क) उपलब्धि..................................................................................... १५८
६ ६योजना.कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन........................................................................................ १६५
परिच्छेद : सात................................................................................. १६६

अनुगमन तथा मूल्याङ्कन....................................................... १६६
७.१ परिचय.............................................................................. १६६
७.२ वर्तमान अवस्था ................................................................ १६६
७३ उद्देश्यहरू. .......................................................................... १६७
७.४ रणनीति.............................................................................. १६८
७५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य................................ १६९
७उपलब्धिहरू.१.५...................................................................... १६९
७नति .२.५.जाहरू...................................................................... १६९
७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................. १७०
**सन्दर्भ सामग्रीहरू**.......................................................................... १७१

## १. विषय प्रवेश

शिक्षा विकासको एक महत्त्वपूर्ण पूर्वाधार हो । शिक्षा देश र समाजको सर्वाङ्गीण विकासको मूल आधार हो । शिक्षा क्षेत्रको विकास नगरी कुनै पनि क्षेत्रको विकास हुन सक्दैन । त्यसका लागि स्पष्ट योजना चाहिन्छ । बिना योजना गन्तव्यहीन यात्रा भए जस्तै शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भइ कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयनमा भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

नेपालमा शिक्षा योजनाको क्रमबद्ध विकासको समय त्यति लामो छैन। वि.सं. २०२० सालको विकेन्द्रीकरणको दस्तावेजले शिक्षा योजनाको अवधारणा ल्याएको हो। यही वर्षवाट सुरु भएको जिल्ला शिक्षा योजनाले सन् १९९९ मा पुग्दा व्यापक रूप लियो । खास गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरण लागू भएपछि मात्र जिल्ला शिक्षा योजना निर्माण क्रममा नियमितता आयो । यसै सन्दर्भमा जिल्लाका प्रत्येक विद्यालयले सरोकारवालाहरूको आम सहभागितामा सूक्ष्म योजना प्रक्रियाबाट विद्यालय सुधार योजना, गा.वि.स.ले गाउँ शिक्षा योजना, नगरपालिकाले नगर शिक्षा योजना र तत्कालीन जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा योजना बनाउने गरेका थिए। यही प्रक्रियाबाट नै पुतलीबजार नगरपालिकाले वि.सं. २०८२ सालमा पाँच बर्से नगर शिक्षा योजनाको निर्माण गरी प्रस्तुत गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा एवम् विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्दै विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश सहित सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखियो । विज्ञान तथा प्रविधिमा भएको विकास एवं परिवर्तनलाई आत्मसाथ गरी सिर्जनशील, सक्रिय एवम् नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्दै

शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत् समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

## ३. शिक्षा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाबिच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न

३.२ सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३.३ कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

३.४ साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

३.५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता हासिल गर्न ।

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार मानिएको छ :

- नेपालको संविधान
- राष्ट्रिय शिक्षा नीति २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- शिक्षा ऐन २०२८
- शिक्षा नियमावली २०५९
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७
- विद्यालयको तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६
- विद्यालय शिक्षा क्षेत्र योजना
- शिक्षाको सोचपत्र २०७९
- सोह्रौं आवधिक योजना, २०८१/०८२देखि २०८५/०८६
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- बालमैत्री स्थानीय शासन कार्यान्वयन ढाँचा
- हरित विद्यालय निर्माण कार्यविधि
- आवधिक विकास योजना २०८१/०८२ देखि २०८६/०८७

- विद्यालय सुधार योजना र अन्य सरकारी गैह्रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम
- आव २०८३/८४ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट
- नगर शिक्षा ऐन पुतलीबजार नगरपालिका

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

नेपालको संविधानअनुसार विद्यालय तह सम्मको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी एवम् अधिकार स्थानीय सरकारको मातहतमा रहने संवैधानिक व्यवस्था अनुसार सोही संवैधानिक अधिकार कार्यान्वयन गर्न शिक्षा क्षेत्रको पहिलो योजना निर्माण गर्ने कार्यमा पालिकाले अग्रसरता लिएको छ। विगतमा पालिकाको आवधिक योजनाअन्तर्गत शिक्षा क्षेत्रको योजना समावेश गरिएको भए तापनि अलग्गै शिक्षा योजना तयार हुन सकेको थिएन। सोही आवश्यकतालाई महसुस गरी चालु आर्थिक वर्षमा पाँच बर्से शिक्षा योजना निर्माणको थालनी तपसिल बमोजिमको प्रक्रिया अपनाई गरिएको छ-

(क) योजनाको पूर्वतयारी एवम् प्रथम चरणः यस चरणमा नगर शिक्षा योजनाको औचित्य, आवश्यकता तथा निर्माणका लागि पालिकाका नेतृत्व, जनप्रतिधिहरू, प्रधानाध्यापकहरूसँग नगरकार्यापालिकाको कार्यालयमा नै छलफल तथा अन्तक्रिया गरी पालिकाका शैक्षिक क्षेत्रमा देखिएका समस्या चुनौती सहित समाधानका सम्भाव्य उपायहरूको खोजी गर्दै क्षेत्रगत रूपमा विश्लेषण पश्चात पालिकाको दूरदृष्टि स्थापित गरिएको छ ।

(ख) दोस्रो चरणः यस चरणमा विद्यालयहरूको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थाको जानकारी लिन प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी तथा नगरपालिकाअन्तर्गतका सबै वडाहरूसँग प्रत्यक्ष सम्पर्क, पत्राचार र सञ्चार माध्यमहरूबाट जानकारी लिने गरिएको छ।

(ग) तेस्रो चरणः यस चरणमा शैक्षिक योजना निर्माणका लागि आवश्यक शैक्षिक सूचनाहरू सङ्कलन र विश्लेषण गरिएको छ। यसका अलवा नगरपालिकामा रहेको प्रारम्भिक दस्तावेज अध्ययन तथा विश्लेषण गरिनुका साथै नगरपालिकामा सम्पन्न भएका छलफल र गोष्ठीबाट प्राप्त विद्यालय शिक्षासँग सम्बन्धित सबै क्षेत्रको सुझाव तथा प्रतिक्रियाको आधारमा क्षेत्रगत रणनीति तथा आवश्यकता अनुसार कार्यनीति तयार गरी नतिजा खाका विकास आदि कार्यहरू सम्पन्न गरिएका छन् ।

(घ) चौथो चरणः यस चरणमा शिक्षा क्षेत्रको योजनाको प्रारम्भिक मस्यौदालाई छलफलको लागि नगरपालिका स्थित नगर शिक्षा समितिका पदाधिकारीहरूसँग

नगरकार्यपालिकाको कार्यालयमा नै प्रस्तुतीकरण र छलफल भए पश्चात प्राप्त सुझावलाई टिपोट गरी लेखन कार्य गरिएको छ।

(ङ) पाँचौ चरणः यस चरणमा पाण्डुलिपी शिक्षा योजनामाथि नगरपालिका कार्यालयमा भएको छलफल पश्चात प्राप्त बुँदाहरूलाई योजनामा समायोजन गरी अन्तिम योजनाको खाका एवम् दस्तावेज तयार गरिएको छ।

# परिच्छेद : एक
# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा नै विकास र संवृद्धिको मूल आधार हो । शिक्षा प्रणालीमा आएको सुधारले समाज र राष्ट्रको चौतर्फी विकास हुनुको साथसाथै स्वयम् व्यक्तिलाई पनि गुणस्तरीय जीवन जीउने आधार प्राप्त हुन्छ। विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या, आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर विद्यालय शिक्षापछि विश्वविद्यालयहरूमा जाने विद्यार्थीको सङ्ख्या, देशमा रोजगारीको दर तथा विश्वस्तरमा देशबाट उत्पादित विद्यार्थीहरूको खपत आदि कारणहरूले देशको शिक्षा प्रणालीको स्तर निर्धारण भइरहेको हुन्छ।

राणाकालबाट नेपालमा औपचारिक शिक्षाको विकास सुरुवात भएको हो। यही अनुरूप नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षालाई व्यवस्थित रूपमा अगाडि बढाउन प्रयास गरेको थियो। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदन तयार भई कार्यान्वयन भएका छन्। देशमा प्रजातन्त्र पश्चात् सन १९९१ पछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट तीन वटा प्रमुख शैक्षिक योजना सञ्चालन गरिए जसमा BPEP (Basic and Primary Education Program Nepal) १९९३-२००८, SSRP(School sector reform program) २००९-२०१५, SSDP (School Sector Development Plan) २०१६-२०२३ रहेका छन। उल्लिखित शैक्षिक कार्यक्रमहरूले विद्यालयमा विद्याधीहरूको पहुँच, समता वृद्धि, समानता, नियमितता, भौतिक पूर्वाधारको साथसाथै गुणस्तरीय शिक्षामा विशेष जोड दिएको पाइन्छ। यी शैक्षिक कार्यक्रमहरूवाट विद्यार्थीको विद्यालयमा पहुँचमा वृद्धि, विद्यालयहरूको भौतिक पूर्वाधारहरूमा सुधार, छात्रा भर्ना अनुपात वृद्धि, साक्षरता दरमा सुधार तथा समानतामा सुधार भएता पनि शिक्षाको अपेक्षित रूपमा गुणस्तरमा सुधार हुन सकेको देखिँदैन।

शैक्षिक सुधारको विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै दिगो विकासका लक्ष्यहरूको प्राप्ति र तिनीहरूलाई संस्थागत गर्नको लागि शिक्षा क्षेत्रमा नयाँ योजनाको महसुस गरी School Education Sector Plan (SESP) २०२१-२०३० लागू गरिएको छ। जसको मुख्य उद्देश्य विगतमा भएको शैक्षिक उपलब्धिलाई निरन्तरता दिई शिक्षामा समानता, दक्षता र गुणस्तर सुधार कायम गर्ने रहेको छ। सबैका लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० (World Declaration on Education for All १९९०) तथा इन्चोन पोषणा सन् २०१५, दिगो

विकास लक्ष्य सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४ सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइको अवसरको प्रवर्धन गर्ने उद्देश्य र लक्ष्य प्रातिको लागि विद्यालयहरूको विद्यमान शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी नविनतम् शैक्षिक प्रविधि तथा उपयुक्त शैक्षिक सामाग्रीको व्यवस्थापन र प्रयोगको माध्यमबाट विद्यार्थीहरूको सिकाइ सुधार गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनु पर्दछ।

चालु आवधिक सोह्रौं योजनाले व्यक्तिको सर्वाङ्गीण विकास, सामाजिक आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा प्रणालीको विकास, बिचमै पढ़ाइ छोड्नुपर्ने अवस्थाको अन्त्य, रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपसँग एकीकरण भई शैक्षिक क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापनमा जोड दिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ वटा अधिकारको साथै सङ्घीय सरकारको शिक्षा क्षेत्रको ५ बर्से योजना, शिक्षा नीति २०७६, सोही आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ। समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको मुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी पुतलीबजार नगरपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ। उक्त योजना निर्माण गर्दा सङ्घ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा समावेशीकरण, विपत् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरूको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ । नेपाललाई वि.सं. २०८७ सम्ममा मध्यम आय भएको राष्ट्र बनाउन आवश्यक जनशक्ति उत्पादन गर्न नेपाल सरकारले राखेका २५ वर्षीय दीर्घकालीन सोचअन्तर्गत **"समृद्ध नेपाल सुखी नेपाली"** को लक्ष्य प्राप्तिको लागि शिक्षा क्षेत्रको विकास, सुधार, सहभागिता र योगदान सुनिश्चित गर्न स्थानीय सरकारले सहयोग पुऱ्याउनु आजको आवश्यकता हो।

सङ्घीय र प्रदेश सरकारबाट प्राप्त बजेट र स्थानीय तहको आन्तरिक बजेटबाट स्थानीय सरकारले कार्यक्रम बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । शिक्षा क्षेत्रको सुधारका लागि नगरपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा

कार्यान्वयनका लागि योजना निर्माण गर्नु अति आवश्यक छ। राज्यको लक्ष्य, उद्देश्य, नीति कार्यक्रम पूरा गर्नका लागि नगरपालिकाले ५ बर्से शिक्षा योजना तयार गर्नु सान्दर्भिक रहेको छ । नेपालका शैक्षिक क्षेत्रको अवस्थामा सुधार ल्याउन दीर्घकालीन योजनाको आवश्यकता रहेको छ । यस नगरपालिकाको शिक्षा क्षेत्रमा पनि समस्याहरूका साथमा अवसर र सम्भावनाहरू छन् । तसर्थ यस परिवेशमा ५ बर् शिक्षा योजना निर्माण र उक्त योजनामा लिपिबद्ध कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच आवश्यक समन्वय र सहकार्यबाट शिक्षाको गुणस्तरमा सुधार गर्न सम्भव छ र ल्याउनु अति आवश्यक छ।

## १.२ परिचय

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेशअन्तर्गत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो । स्याङ्जा जिल्लाको प्रसिद्ध आँधीखोलाको काखमा पुतलीबजार नगरपालिका रहेको छ ।अविरल रूपमा बगिरहने पौराणिक महत्त्व बोकेको आँधीखोलाको साथै बाडखोला, अरौंदीखोला, राङखोला, सुरौंदीखोला, दरौंखोला, वैदीखोला, सेतीखोलाजस्ता खोलाहरूले पुतलीबजार नगरपालिकाको शोभा बढाएका छन् । यो नगरपालिका गण्डकी प्रदेशको राजधानी पोखरादेखि करिब एक घण्टाको दुरीमा रहेको छ । गण्डकी प्रदेशको राजधानी पोखरादेखि लुम्बिनी प्रदेशको सुनौलीसम्म जोड्ने सिद्धार्थ राजमार्ग अन्तर्गत भालुपहाडबाट हेलुसम्म रहेको यो नगरपालिकाले सिद्धार्थ राजमार्गको २७ कि.मी दुरी ओगटेको छ । पोखरा देखि ३४ कि.मि दुरीमा रहेको स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जाबजारको प्रगतिनगरमा पुतलीबजार नगरपालिकाको कार्यालय रहेको छ । यो सांस्कृतिक तथा पर्यटकीय हिसाबले जिल्लाकै महत्त्वपूर्ण नगरपालिकाको रूपमा चिनिन्छ ।

वि सं २०५३ सालमा साविकका स्याङ्जा पुतलीबजार, करेन्डाँडा, सातुपसल, गणेशपुर र चण्डीकालिका गरी पाँचओटा गाउँ विकास समितिहरू मिलेर यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकारको मिति २०७३ फाल्गुण २९ गतेको निर्णयबमोजिम राज्यको पुनर्संरचनपछि यस नगरपालिकामा साबिकका गाउँ विकास समिति टक्सार, पौवैगौडे, ठुलाडिही, बहाकोट, कोल्मा, राङ्भाङ् (१-३ र ९) र पेल्काचौर (१-२, ४-८) गाभिन आई कुल १४ वडाको नयाँ पुतलीबजारको संरचना बनेको छ ।

### १.२.१ नगरको इतिहास र नामाकरण

पुतलीबजार नगरपालिका स्याङ्जा जिल्लाको सदरमुकाममा रहेको नगरपालिका हो । स्याङ्जा जिल्लाको नामकरणका सन्दर्भमा विभिन्न कथनहरू पाइन्छन् । अठारौं शताब्दीतिर

आँधीखोला उर्लदैआएपछि खोला ठेलिएछ । यसरी ठेलिएको देखेपछि मानिसहरूमा हाहाकार मच्चिन थालेछ । एक जना सज्जन वृद्धले भगवानलाई पुकार्दै खोलो स्यौंइय जा"' भन्ने कामना गरेछन् । वृद्धको कामनासँगै ठेलिएको खोलो स्यौंइय सुकेर गएपछि 'स्यौंइय जा' को अप्रभंश भएर स्याङ्जा हुन गएको जनश्रुति पाइन्छ । त्यसै गरी नेपाल एकीकरण पूर्व सेन वंशीय चौबिसे राज्यअन्तर्गत सतौं, गह्रौं, नुवाकोट र भीरकोट राज्यमा विभक्त भै 'सेन जा' भन्दै कालान्तरमा स्याङ्जा नाम रहन गएको जनविश्वास समेत रहेको छ । त्यस्तै यस जिल्लामा सिंजाली मगरहरूको ठुलो बस्ती भएकाले उनीहरूकै थरबाट अपभ्रंस भएर यस जिल्लाको नाम स्याङ्जा रहन गएको हो भन्ने जस्ता भनाइहरू पाइन्छन् ।

त्यस्तै पुतली नामक खेतको गह्रा रहेको थियो । उक्त पुतली गह्रामा स्थानीयहरूले बाजागाजा सहित हर्षोल्लासपूर्वक खेत रोपिने प्रचलन रहेको जनश्रुति पाइन्छ । त्यो पुतली गह्राको वरपर बिस्तारै घरहरू  निर्माण हुन थाले र बजारको विकास भयो । पुतली गह्राको नजिक बजार बसेको हुनाले त्यसको नाम पुतलीबजार रहेको जनविश्वास रहेको छ । त्यस्तै हालको पुतलीखेत रहेको क्षेत्रमा पुतली नागको बसोबास रहेको र पुतली नागले स्थानीय व्यापारीको पैसा राख्ने बाकसमा बसी धन सम्पत्तिको रक्षा गर्ने गरेको जनश्रुति रहेको पाइन्छ । त्यही पुतली नागको बसोबास रहेको बजारको नाम पुतलीबजार रहेको स्थानीय अग्रजहरूको भनाइ रहेको छ ।साथै यस क्षेत्रमा पहिलो पटक गाउँ पञ्चायत बसेकाले पुतलीबजार गाउँ पञ्चायत भएको मानिन्छ । त्यही पुतलीबजार नामलाई गाउँ विकास समिति र नगरपालिका हुँदा निरन्तरता दिइएको पाइन्छ ।

## १.२.२ भूगोल

पहाडी जिल्ला स्याङ्जामा रहेको पुतलीबजार नगरपालिकाको अधिकांश भूगाभ पहाडी भूधरातलले बनेको छ । केही ठाउँमा समथर मैदानी भूभाग रहेको छ । ठुली बेसीं, लामागे, सतौं नगरकमा मुख्य खेतीयोग्य फाँट हुन् । यस नगरपालिकाको पूर्वमा पोखरा महानगरपालिका र तनहुँको शुक्लागण्डकी नगरपालिका, उत्तरमा फेदीखोला गाउँपालिका र पोखरा महानगरपालिका, पश्चिममा आँधीखोला गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका र भीरकोट नगरपालिका, दक्षिणमा भीरकोट नगरपालिका र बिरुवा गाउँपालिका रहेका छन् ।समुन्द्र सतहदेखि करिब ७४९ देखि १९३१ मिटरसम्मको उचाइमा रहेको यस नगरपालिका ८३°४७'३०" देखि ८३°५४'३४" पूर्वी देशान्तर र २८°०३'१८" देखि २८°०८'४४" उत्तरी अक्षांशमा पर्दछ । पुतलीबजार नगरपालिकाकाको क्षेत्रफल १४७.१९ वर्ग कि. मि.रहेको छ ।

### १.२.३ नगरपालिकाको जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कूल जनासङ्ख्या ४१,७४३ रहेको छ । उक्त जनसङ्ख्या मध्ये महिलाको सङ्ख्या २२,४७७ रहेको छ भने पुरूषको जनसङ्ख्या १९,२६६ रहेको छ । घरधुरी ९,९५५ रहेका छन् । कुल जनसङ्ख्यामा दलित जनसङ्ख्या १६.६ प्रतिशत, जनजातिको जनसङ्ख्या २६.१ रहेको छ भने अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या २ प्रतिशत रहेको छ । कुल जनसङ्ख्यामा ५ देखि १४ वर्षसम्मको जनसङ्ख्या १५.६५ प्रतिशत रहेकोमा लैङ्गिक अनुपात ८५.७१ प्रतिशत छ । कुल साक्षरता ८२.८ प्रतिशत, महिलाको ७६.२ प्रतिशत र पुरूष ९०.७ प्रतिशत रहेको छ । नगर जनघनत्व २८४ रहेको छ । वडागतरूपमा यस पुतलीबजार नगरपालिकाको जनसङ्ख्या संरचना देहायअनुसार रहेको छ ।

### १.२.४ वडागत जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार पुतलीबजार नगरपालिकाको वडागत तथा लैङ्गिक जनसङ्ख्याको विवरण निम्न रहेको छ -

| नयाँ वडा नं. | साविक वडा | क्षेत्रफल | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | पुतलीबजार १ | ५.२४ वर्ग किमी | ३१४१ | ३४८२ | ६६२३ | ९०.२१ |
| २ | पुतलीबजार २ राङभाङ १-३ र ९ | ८.१२ वर्ग किमी | ७०४ | ८८१ | १५८५ | ७९.९१ |
| ३ | पुतलीबजार ३, ४, ५ | ११.८ वर्ग किमी | २७१५ | ३१६६ | ५८८१ | ८५.७५ |
| ४ | गणेशपुर १-९ | १४.०५ | १२५१ | १५५४ | २८०५ | ८०.५ |
| ५ | पौवेगौंडे १-९ | १४.५९ वर्ग किमी | ११५४ | १३८८ | २५४२ | ८३.१४ |
| ६ | टक्सार १-९ | २०.१४ वर्ग किमी | ७४८ | ८५५ | १६०३ | ८७.४९ |
| ७ | ठुलाडिही १-९ | १९ वर्ग किमी | ११४४ | १३४५ | २४८९ | ८५.०६ |
| ८ | बहाकोट १-९ | ५.६ वर्ग किमी | ६०१ | ७२० | १३२१ | ८३.४७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | कोल्मा १-९ | १९ वर्ग किमी | ६३९ | ७२० | १३५९ | ८८.७५ |
| १० | पुतलीबजार १३ | ६.२१ वर्ग किमी | १४९० | १६७५ | ३१६५ | ८८.९६ |
| ११ | पुतलीबजार १३ | ६.२१ वर्ग किमी | १०४९ | १२२० | २२६९ | ८५.९८ |
| १२ | पेल्काचौर १-२, ४-८ | ६.५ वर्ग किमी | ६१२ | ६९७ | १३०९ | ८७.८ |
| १३ | पुतलीबजार १० र ११ | १३.९३ वर्ग किमी | २३८२ | २७८४ | ५१६६ | ८५.५६ |
| १४ | पुतलीबजार ८ र ९ | ९.३४ वर्ग किमी | १६३६ | १९९० | ३६२६ | ८२.२१ |
| **जम्मा** | | १४७.१९ वर्ग किमी | **१९२६६** | **२२४७७** | **४१७४३** | **८५.७१** |

***(स्रोत : राष्ट्रिय जनगणना २०७८)***

### १.२.५ जातजाति

पुतलीबजार नगरपालिकाको जातजातिगत जनसङ्ख्याको विवरण निम्न छ

| क्र सं | जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राहमण | १०४२७ | २५ |
| २ | क्षेत्री | ६९५८ | १६.७ |
| ३ | मगर | ४८२२ | ११.६ |
| ४ | गुरुङ | ४६३५ | ११.१ |
| ५ | विश्वकर्मा | २९५१ | ७.१ |
| ६ | परियार | २३४२ | ५.६ |
| ७ | ठकुरी | १९८७ | ४.८ |
| ८ | घर्ती/भुजेल | १६८३ | ४ |
| ९ | मिजार | १६४३ | ३.९ |
| १० | नेवार | १३८० | ३.४ |
| ११ | अन्य | २९१५ | ६.८ |
| | जम्मा | ४१७४३ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

यस नगरपालिकामा माथि उल्लिखित जातिका अतिरिक्त मुसलमान, कुमाल, माझी, गन्धर्वलगायतका जातिहरूको पनि बसोबास रहेको छ । नेपालका अधिकांश पहाडी क्षेत्रहरूमा आन्तरिक बसाइँसराइको प्रवृत्ति उच्च रहेको पाइन्छ । त्यस्तै पुतलीबजार नगरपालिकामा पनि आन्तरिक बसाइँसराइ हुने गरेको छ । बसाइसराइको कारण पुतलीबजार नगरपालिकाको सामाजिक संरचनामा तथा जातीय संरचनामा पनि परिवर्तन आएको देखिन्छ । यहाँ नेपालका विभिन्न जिल्लाहरूबाट मानिसहरू आएर स्थायी रूपमा बसोबास गरेको पाइन्छ ।

## १.२.६ भाषा

राष्ट्रिय जनगणना २०७८ अनुसार पुतलीबजार नगरपालिकाको जनसङ्ख्याको बनावट :

| क्र सं | मातृभाषा | भाषा बोल्ने जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३४५५९ | ८२.८ |
| २ | गुरूङ | ३६८८ | ८.८ |
| ३ | मगर | २५०९ | ६.० |
| ४ | नेवारी | ३३६ | ०.८ |
| ५ | भुजेल | - | ०.३ |
| ६ | मुसलमान | - | ०.२ |
| ७ | भोजपुरी | - | ०.२ |
| ८ | हिन्दी | - | ०.२ |
| ९ | थारु | - | ०.१ |
| १० | अन्य | - | १.० |
| | | जम्मा | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## १.२.७ उमेरअनुसार जनसङ्ख्या विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५+ | १७ | २८ | ४५ |

| | | | |
|---|---|---|---|
| ९०-९४ | ४८ | ७४ | १२२ |
| ८५-८९ | ९८ | ११४ | २१२ |
| ८०-८४ | २४० | २३५ | ४७५ |
| ७५-७९ | ४३६ | ४५८ | ८९४ |
| ७०-७४ | ५९५ | ७४६ | १३४१ |
| ६५-६९ | ७७४ | ९४५ | १७१९ |
| ६0-६४ | ९९४ | ११४७ | २१४१ |
| ५५-५९ | ९६२ | ११८३ | २१४५ |
| ५०-५४ | ११८६ | ११४३ | २६२९ |
| ४५-४९ | ९९६ | १३५३ | २३४९ |
| ४०-४४ | ११०० | १५४६ | २६४६ |
| ३५-३९ | ११५७ | १६५१ | २८०८ |
| ३०-३४ | ११८७ | १७२६ | २९१३ |
| २५-२९ | १३१९ | १९१७ | ३२३६ |
| २०-२४ | १५१२ | १८६९ | ३३८१ |
| १५-१९ | १८२६ | १७५३ | ३५७९ |
| १०-१४ | १७६६ | १६७५ | ३४४१ |
| ५-९ | १६९१ | १४०२ | ३०९३ |
| ०-४ | १३६२ | १२१२ | २५७४ |
| | जम्मा | ४१७४३ | |

स्रोत : राष्ट्रिय जनगणना २०७८

### १.२.३ विद्यालयगत विवरण

पुतलीबजार नगरपालिकाभित्र सामुदयिक र संस्थागत दुबै सञ्चालनमा रहेका छन् । बाल विकास, धार्मिक, सामुदायिक सिकाइ केन्द्र, विशेष देखि उच्च शिक्षासम्म सञ्चालन भएको पालिकाभित्र रहेका शैक्षिक संस्थाहरू देहायअनुसार रहेका छन्-

| क सं | शैक्षिक संस्थाको प्रकृति | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बाल बिकास मात्र | १८ | २ | २० |
| २ | आधारभूत विद्यालय<br>(बाल विकासदेखि कक्षा ३) | १५ | ० | १५ |
| ३ | आधारभूत विद्यालय<br>(बाल विकासदेखि कक्षा ५) | ९ | २ | ११ |
| ४ | आधारभूत विद्यालय<br>(बाल विकासदेखि कक्षा ८) | ५ | ४ | ९ |
| ५ | माध्यमिक विद्यालय<br>(बाल विकासदेखि कक्षा १०) | ६ | २ | ८ |
| ६ | माध्यमिक विद्यालय<br>(बाल विकासदेखि कक्षा १२) | ११ | ५ | १६ |
| ७ | क्याम्पस | २ | १ | ३ |
| ८ | गुरुकुलम् (कक्षा ६ देखि कक्षा ८) | १ | ० | १ |
| ९ | मदरासा | ५ | ० | ५ |
| १० | स्रोत कक्षा सञ्चालन भएको<br>(बहिरा कक्षा ५ सम्म) | २ | ० | २ |
| ११ | सामुदायिक सिकाइ केन्द्र | ६ | ० | ६ |
| जम्मा | | | | |

**१.२.३.१ वडागत सामुदायिक विद्यालय विवरण**

| वडा | आधारभूत | | | माध्यामिक | | उच्च शिक्षा | धार्मिक शिक्षा | सामुदायिक सिकाइ केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| | बाल वि.-३ | बाल वि.-५ | बाल वि.-८ | बाल वि.-१० | बाल वि.-१२ | | | |
| १ | १ | ० | ० | ० | १ | १ | **मदरसा १** | **०** |
| २ | ० | १ | ० | ० | ० | ० | **०** | **१** |
| ३ | ० | २ | १ | १ | १ | ० | **मदरसा १** | **०** |
| ४ | २ | १ | ० | १ | १ | ० | **०** | **०** |
| ५ | १ | ० | १ | ० | १ | ० | **०** | **१** |
| ६ | १ | १ | १ | ० | १ | ० | **०** | **०** |
| ७ | ० | ० | ० | १ | १ | ० | **०** | **१** |
| ८ | १ | १ | ० | १ | ० | ० | **०** | **०** |
| ९ | ० | ० | ० | १ | १ | १ | **०** | **०** |
| १० | ० | ० | १ | ० | ० | ० | **मदरसा १** | **१** |
| ११ | २ | १ | ० | ० | ० | ० | **०** | **१** |
| १२ | २ | ० | ० | ० | १ | ० | **०** | **०** |
| १३ | १ | ३ | १ | ० | २ | ० | **मदरसा १** | **१** |
| १४ | १ | १ | ० | १ | १ | ० | **गुरुकुलम् १ मदरसा १** | **०** |
| जम्मा | **१२** | **११** | **५** | **६** | **११** | **२** | **६** | **६** |

स्रोत : इमिस २०८२

माथि उल्लिखित विद्यालयहरूमध्ये पुतलीबजार नगरपालिका वडा नं. १ मा रहेको श्री त्रिभुवन आदर्श माध्यिमक विद्यालय संघ तथा प्रदेश सरकारबाट नमुना विद्यालयको रूपमा विकास गर्न छनौट भई कार्यक्रम सञ्चालनमा रहेको छ । ५ वटा विद्यालय मदरसा, कक्षा ६-८ सञ्चालन भएको पाणिनी गुरुकुलम् वडा नं. १४ मा रहेको छ ।

| **१.२.३.२ वडागत संस्थागत विद्यालय विवरण विवरण** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा** | **बाल विकास कक्षा** | **आधारभूत** | | | **माध्यामिक** | | **उच्च शिक्षा** | **धार्मिक** | **सामुदायिक सिकाइ केन्द्र** |
| | | बाल वि.-३ | बाल वि.-५ | बाल वि.-८ | बाल वि.-१० | बाल वि.-१२ | | | |
| १ | १ | ० | ० | ० | १ | ३ | १ | ० | ० |
| २ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ३ | १ | ० | ० | ० | ० | २ | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| १४ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| जम्मा | २ | ० | २ | ३ | २ | ५ | १ | ० | ० |

स्रोत : इमिस २०८२

पुतलीबजार नगरपालिकामा संस्थागत रूपमा सञ्चलित बाल विकास मात्र २ वटा, बाल विकास देखि ५ कक्षा सम्म सञ्चालन भएका दुईओटा, बाल विकास देखि कक्षा ८ सम्म सञ्चालन भएका ४, बाल विकास देखि कक्षा १० सम्म सञ्चालन भएका २, बाल विकास देखि कक्षा १२ सम्म सञ्चालन भएका ५ र १ स्नातक तह सञ्चालित उच्च शैक्षिक संस्था रहेका छन् ।

### १.२.४ विद्यार्थी विवरण विवरण

बाल विकास सामुदायिक विद्यालयतर्फ प्रारम्भिक बाल शिक्षा तथा विकासमा ५६१ जना, आधारभूत तह (१-५) १३०६ जना, आधारभूत तह (६-८) ९५४ जना, माध्यमिक तह (९-१०) ८४७ जना, माध्यमिक तह (११-१२) ४९७ जना गरी कुल ४,१६५ जना विद्यार्थीहरू अध्ययनरत छन् भने संस्थागत विद्यालयमा प्रारम्भिक बाल शिक्षा तथा विकासमा

१३०३ जना, आधारभूत तह (१-५) ३३२७ जना विद्यार्थीहरू रहेका छन् । आधारभूत तह (६-८) १९१९ जना, माध्यमिक तह (९-१०) १३२९ जना, माध्यमिक तह (११-१२) ७७७ जना गरी कूल ८६५५ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

### १.२.४.१ विद्यार्थी विवरण

यस पालिका अन्तर्गतका विद्यायलयमा जम्मा ८६५५ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । उक्त विद्यार्थीमध्ये तहगत तथा लिंग, जातजातिअनुसारको विद्यार्थी विवरण देहाय अनुसार रहेको छ –

**तालिकाः सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थी सङ्ख्या**

| कक्षा/तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | ५८३ | ७२० | १३०३ | १४४ | १८१ | ३२५ | १७९ | २११ | ३९० |
| कक्षा १-५ | १५७७ | १७५० | ३३२७ | ३९५ | ४०९ | ८०४ | ४५४ | ४६२ | ९१६ |
| कक्षा ६-८ | ८६७ | १०५२ | १९१९ | २०६ | २१९ | ४२५ | २४४ | २७७ | ५२१ |
| आधारभूत १-८ | २४४४ | २८०२ | ५२४६ | ६०१ | ६२८ | १२२९ | ६९८ | ७३९ | १४३७ |
| कक्षा ९-१० | ६२५ | ७०४ | १३२९ | १५२ | १५० | ३०२ | १८६ | २०३ | ३८९ |
| कक्षा ११-१२ | ३६७ | ४१० | ७७७ | ८२ | ७८ | १६० | ११९ | १२७ | २४६ |
| माध्यमिक ९-१२ | ९९२ | १११४ | २१०६ | २३४ | २२८ | ४६२ | ३०५ | ३३० | ६३५ |
| **जम्मा** | ४०१९ | ४६३६ | ८६५५ | ९७९ | १०३७ | २०१६ | ११८२ | १२८० | २४६२ |

माथिको तालिकाअनुसार पालिकाअन्तर्गत अध्ययनरत विद्यार्थीमध्ये दलित विद्यार्थीको सङ्ख्या २३.२९प्रतिशत रहेको, जनजाति विद्यार्थीको २८.४५ प्रतिशत रहेको छ । कक्षागत तथा विद्यालय प्रकार अनुसार विद्यार्थीको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

## तालिकाः विद्यार्थी विवरण सामुदायिक र संस्थागत

| कक्षा/तह | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **पूर्व प्राथमिक** | **२५७** | **३०९** | **५६६** | **३२६** | **४११** | **७३७** |
| कक्षा १-५ | ६९२ | ६८५ | १३७७ | ८८५ | १०६५ | १९५० |
| कक्षा ६-८ | ५०६ | ४७७ | ९८३ | ३६१ | ५७५ | ९३६ |
| **आधारभूत १-८** | **११९८** | **११६२** | **२३६०** | **१२४६** | **१६४०** | **२८८६** |
| कक्षा ९-१० | ४३५ | ४१८ | ८५३ | १९० | २८६ | ४७६ |
| कक्षा ११-१२ | २६५ | २५८ | ५२३ | १०२ | १५२ | २५४ |
| **माध्यमिक ९-१२** | **७००** | **६७६** | **१३७६** | **२९२** | **४३८** | **७३०** |
| जम्मा | २१५५ | २१४७ | ४३०२ | १८६४ | २४८९ | ४३५३ |

स्रोत : इमिस २०८२

माथिको तालिकाअनुसार नगरपालिका अन्तर्गत अध्ययनरत सामुदायिक र संस्थागत विद्यार्थीको विवरण उल्लेख गरिएको छ । विद्यार्थी सङ्ख्या हेर्दा आधारभूत तहसम्म सामुदायिक विद्यालयमा भन्दा संथागत विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै रहेको तर माध्यमिक तहमा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा विद्यार्थीको सङख्या धेरै रहेको छ ।

तालिका : अपाङ्गता भएका विद्यार्थी विवरण

| **कक्षा/तह** | **जम्मा विद्यार्थी** | | |
|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** |
| **कक्षा १-५** | १२ | १५ | २७ |
| **कक्षा ४-५** | - | - | - |
| **कक्षा ५-८** | - | - | - |
| **आधारभूत १-८** | - | - | - |
| **कक्षा ९-१०** | - | - | - |
| **कक्षा ११-१२** | - | - | - |
| **माध्यमिक ९-१२** | - | - | - |

स्रोत : इमिस २०८२

पालिकामा रहेका विद्यालयको अभिलेखमा अपाङ्ग विद्यार्थी विवरण सङ्ख्या धेरै देखिए पनि अपाङ्गको परिचय पत्र नभएका कारण परिचय पत्र भएका आधारमा अपाङ्ग विद्यार्थी विवरण थोरै भएको देखिन्छ ।

### १.२.४.२ शिक्षक विवरण

यस पालिकामा स्वीकृत दरबन्दी, राहत अनुदान तथा सङ्घीय शिक्षण सिकाइ अनुदानमा शिक्षकको व्यवस्था रहेको छ । यी शिक्षक पदका लागि सङ्घीय सरकारबाट बजेट उपलब्ध हुने गरेको छ । सङ्घीय शिक्षण सिकाइ अनुदानमा ७ जना शिक्षकहरू रहेका छन् । हाल यस नगरपालिकामा आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात ८ जना रहेको, कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात १२ रहेको र कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १० रहेको छ । हालसम्म आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० तथा कक्षा ११-१२ मा सबै विद्यालयमा आवश्यकताअनुसार विषयगत शिक्षक व्यवस्था हुन सकेको छैन ।यस नगरपालिकामा देहाय अनुसारको शिक्षक सङ्ख्या रहेको छ ।

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.सं. | तह | स्थायी दरवन्दी | राहत अनुदान | सङ्घीय अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|
| १. | बालविकास केन्द्र | ७२ | ० | ० | ७२ |
| २. | आधारभूत १-५ | १८३ | ५ | ० | १८८ |
| ३. | आधारभूत ६-८ | ६८ | १८ | ० | ८६ |
| ४. | माध्यमिक ९-१० | ५८ | ११ | ७ | ७६ |
| ५ | माध्यमिक ११-१२ | ७ | १२ | ० | १९ |
| | जम्मा | ३८८ | ४६ | ७ | ४४१ |

माथिको तालिका अनुसार यस पालिकामा शिक्षक दरबन्दी सङ्घीय सरकारबाट उपलब्ध रहेका छन् भने स्थानीय तहबाट ७ शिक्षक व्यवस्था भएको छ । स्थानीय स्रोतबाट विविध विषय शिक्षक आपूर्ति हुने गरी शिक्षक व्यवस्था गरिएको छ ।

### १.२.४.३ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था

यस पालिकाका प्रमुख शैक्षिक सूचकहरू देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८२ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर* (%) | स्थानीय | १०३ | | |
| | | राष्ट्रिय | १०१.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९८ | | |
| | | प्रदेश | ७८.३ | | |
| | | राष्ट्रिय | ७६.३ | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९२.५ | | |
| | | प्रदेश | ९३.६ | | |
| | | राष्ट्रिय | ९३.७ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११२.१ | | |
| | | प्रदेश | १३१.५ | | |
| | | राष्ट्रिय | १४१.१ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्नादर* (%) | स्थानीय | ९४.४ | | |
| | | प्रदेश | ९५.२५ | | |
| | | राष्ट्रिय | ९४.४ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्नादर* (%) | स्थानीय | १२२.५ | | |
| | | प्रदेश | १३१ | | |
| | | राष्ट्रिय | १३० | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउदर* (%) | स्थानीय | ८५.२ | | |
| | | प्रदेश | ८७.९ | | |
| | | राष्ट्रिय | ८७.६ | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा १-८) कूल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | १ | | |
| | | प्रदेश | १.०१ | | |
| | | राष्ट्रिय | १ | | |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८२ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| २.७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर* (%) | स्थानीय | ९३.४ | | |
| | | प्रदेश | ९४.४ | | |
| | | राष्ट्रिय | ९४.१ | | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्नादर (%) | स्थानीय | ११८.९ | | |
| | | प्रदेश | १२५.७ | | |
| | | राष्ट्रिय | १२४.५ | | |
| २.९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउदर* (%) | स्थानीय | ८४.३ | | |
| | | प्रदेश | ८६.७ | | |
| | | राष्ट्रिय | ८६.५ | | |
| २.१० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ४४.१ | | |
| | | प्रदेश | ४९.०५ | | |
| | | राष्ट्रिय | ४९.३२ | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर* (%) | | ५७.५ | | |
| | | | ५७.९ | | |
| | | | ५५.८ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्नादर* (%) | | ७३.५ | | |
| | | | ८०.३ | | |
| | | | ८०.६ | | |
| ३.३ | माध्यमिक तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | १.० | | |
| | | | १.१ | | |
| | | | १.० | | |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | १८.१८ | | |
| | | | ३१.५३ | | |
| | | | १८.१ | | |

## १.४ प्रमुख शैक्षिक समस्या तथा चुनौती

नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । त्यस्तै गरी आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा समेत व्यवस्था गरेअनुसार पुतलीबजार नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्रको शैक्षिक व्यवस्थापन गर्ने योजनाबद्ध प्रयासहरू गर्दै आएको छ। शिक्षा व्यवस्थापनमा सहजता ल्याउनका लागि यस नगरपालिकाले नगर शिक्षा ऐनका अतिरिक्त शैक्षिक व्यवस्थापनका विभिन्न कार्यविधिहरू पारित गरी लागू गरेको छ। प्रचलित कानुनअनुसार विद्यालयमा व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन भई क्रियाशील रहेका छन्। नगर क्षेत्रभित्र संस्थागत विद्यालयहरूको साझा संस्था प्याब्ःसनको क्रियाशीलता रहेको छ। पुतलीबजार नगरभित्रका संस्थागत विद्यालयहरूले प्याब्सनअन्तर्गत रही पेस नाम एउटा साझा सङ्गठन समेत स्थापना गरेका छन् । पुतलीबजार नगरपालिकाले सरोकारवालाको सुझाव र प्रधानाध्यापकहरू समेतको सहभागितामा विगत केही वर्षदेखि शैक्षिक कार्यपात्रो निर्माण गरी कार्यान्वयन गर्दै आइएको छ। विषयगत समिति निर्माण गरी सिकाइ सञ्जालको व्यवस्था गरिएको छ । शिक्षालाई सूचना र प्रविधिमैत्री बनाउन विभिन्न तहको सरकार र सार्वजनिक संस्थानको सहयोगमा सूचना प्रविधि ल्याब स्थापना, कक्षाकोठामा आवश्यक उपकरणको व्यवस्था गर्ने कार्यहरू भएका छन्। विज्ञान प्रयोगशाला र पुस्ताकलयको व्यवस्थापन गरिएको छ। स्वच्छ शैक्षिक प्रतिस्पर्धाको वातावरणमा गुणात्मक शिक्षाको व्यवस्थापन गर्ने सबैको प्रतिबद्धता रहेको छ। सर्वसाधारणमा अङ्ग्रेजी माध्यमको शिक्षाप्रतिको आकर्षण बढ्दो छ। सार्वजनिक विद्यालयहरूमा समेत अङ्ग्रेजी माध्यमको शिक्षा सञ्चालन गर्दा सकारात्मक सुधार देखिएको छ। यद्यपि नगरभित्र देखिएक शैक्षिक समस्या तथा चुनौतीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

## १.५ समस्या तथा चुनौतीको विश्लेषण

पुतलीबजार नगरपालिकामा विद्यालय शिक्षाको पहुँचका लागि गरिएका व्यवस्थाहरूबाट आधारभूत तहसम्मको शिक्षा पहुँचयोग्य देखिन्छ। पहाडी भेगमा छरिएर रहेको बस्ती र कम जनसङ्ख्याका कारणले बढीमा एक घण्टासम्म आधारभूत शिक्षाको पहुँच छ। सबै वडा र भौगोलिक क्षेत्रमा सामुदायिक विद्यालय स्थापना भएका छन्। समुदाय रहेको स्थानको भौगोलिक, सामाजिक कठिनाइ र गरिबी तथा पछौटेपन, विद्यालयको अपर्याप्त र असान्दर्भिक पुराना भौतिक पूर्वाधार र परम्परागत शैक्षिक क्रियाकलाप, बालमैत्री वातावरणको अभावले कक्षामा विद्यार्थीको नियमित उपस्थिति, उत्तीर्ण प्रतिशत र सिकाइ उपलब्धि न्यून छ। बाल विकास केन्द्रहरूको स्थापना विद्यालय केन्द्रित गर्दा चार वर्षका बालबालिकालाई पहुँचमा समस्या भएकाले केही संस्थागत रूपमा पनि सञ्चालन भएका छन्। बालविकास केन्द्रहरूको न्यूनतम मापदण्ड पूरा गर्न लगानी अभाव रहेको छ।

आधारभूत तहको कक्षा १-३, १-५ र १-८ का विद्यालयहरूमा विद्यार्थीरूको सङ्ख्या न्यून हुँदै गएको छ । कक्षा ९-१२ मा विद्यार्थी सङ्ख्या भए पनि विषयगत दरबन्दी पुऱ्याउन नसक्दा पठनपाठनमा कठिनाइ भएको छ ।

पाठ्यक्रमले तोकेको क्रियाकलापहरू कक्षामा सञ्चालन गर्न शिक्षकलाई अभिमुखीकरण र प्राविधिक सहयोगको अभाव छ। मूल्याङ्कन मापदण्ड कार्यान्वयन सही ढङ्गवाट गर्न नसक्दा विद्यार्थी परीक्षाको समयमा मात्र पढ्ने र जसरी पनि पास हुनुपर्ने अभ्यासमा रहेका छन्। नगरपालिकाबाट भएका सुधारका क्रियाकलाप पर्याप्त छैनन्। कक्षा ८, १० र १२ को अन्तिम परीक्षामा सबै विद्यार्थी न्यूनतम जिपिए हासिल गर्न सकेको देखिँदैन। राष्ट्रियस्तरको नतिजा कायम गरे पनि पुतलीबजार नगरपालिकाको समग्र सिकाइ उपलब्धि सुधार गर्नुपर्ने देखिन्छ ।

विद्यार्थी सङ्ख्या थोरै भएका विद्यालयको समायोजन भौगोलिक विकटताले समस्या ल्याएको छ। विद्यार्थी र शिक्षक अनुपात, विषयगत दरबन्दी वितरण र समयोजन, मिलान क्रममा समस्या भएको छ। सूचना प्रविधिको यथोचित विकास हुन सकेको छैन । नियुक्ति, तालिम, सरुवा, बढुवा र सेवा सुविधाका विषयमा पुरानो कानुनको प्रबन्धले योग्य र प्रतिस्पर्धी जनशक्ति आकर्षित हुन सकिरहेका छैनन् । यसले पनि शैक्षिक गुणस्तरमा प्रभावित पारेको छ|

न्यूनतम जिपिए प्राप्त गर्ने विद्यार्थीको विषयगत र क्षेत्रगत सिकाइ उपलब्धि अधिकांशको ५० प्रतिशत भन्दा कम रहेको छ। सिकाइ उपलब्धि सुधार गर्न शैक्षिक क्रियाकलाप सुधार गर्न विद्यालयको भौतिक पूर्वाधार, आवश्यक मात्रामा दरबन्दी र विषयगत दरबन्दीमा दक्ष शिक्षकको पदपूर्ति, विज्ञान प्रयोगशाला, सूचना प्रविधिको पूर्वाधार, सिकाइ सामग्रीहरूको प्रबन्ध र सही सदुपयोग गरी सिकाइमा सुधार गर्नु आवश्यक छ। शिक्षकलाई पेसागत विकास तालिम, पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग तालिम, मूल्याङ्कन प्रणालीको उपयुक्त प्रयोग, समावेशी विद्यालय बनाउन आवश्यक पूर्वाधार विकास, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न तीनै तहको सरकारले लगानी बढाउनु आवश्यक छ।

विद्यालय र बालविकास केन्द्रको न्यूनतम मापदण्डहरू पूरा गर्न, निरन्तर सिकाइ सुधार गर्न, उत्तीर्ण प्रतिशत वा न्यूनतम जिपिए प्राप्त गर्ने विद्यार्थी प्रतिशत र सिकाइ उपलब्धि राष्ट्रियस्तरभन्दा माथि पुऱ्याउन, प्रतिस्पर्धी जनशक्ति विकास गर्नका लागि नगरमा निम्न समस्याहरू विद्यमान छन्।

### १.५.१ प्रमुख समस्या

**सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर**

**अन्य समस्याहरू**

१. सर्वसुलभ पहुँच,

२. कानुनी, नीतिगत र संरचनागत व्यवस्था,

३. शिक्षामा समावेशीकरण र समता,
४. विद्यालय शिक्षाको संस्थागत सुशासन र व्यवस्थापन,
५. निःशुल्क तथा अनिवार्य आधारभूत र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन,

**समस्याका कारणहरू**

१. भौगोलिक विकटता र अभिभावकको न्यून आर्थिक अवस्था,
२. निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत शिक्षक आपूर्ति,
३. शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन सान्दर्भिक र पर्याप्त शिक्षक तालिम र सामग्री,
४. अपर्याप्त आधुनिक पूर्वाधार
५. पुराना तथा स्रोत सुनिश्चित नभएको नीतिगत र कानुनी व्यवस्था,
६. अनिवार्य र निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि स्रोत,
७. शिक्षक व्यवस्थापन र पेसागत विकास प्रणालीमा योग्य शिक्षक आकर्षित हुने प्रणाली विकास र अभ्यास,
८. सूचना प्रविधिको पर्याप्त पूर्वाधार र सिकाइमा उपयोग,
९. विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासनमा पारदर्शिता, जवाफदेहिता,
१०. अन्तर तह र क्षेत्रको प्रभावकारी सहकार्य,
११. शिक्षामा पर्याप्त र आवश्यक लगानी,
१२. विद्यार्थीको सिकाइ सक्षमता र श्रम बजारको अवस्था,
१३. समुदायमा भएको विज्ञता र अनुभवको उपयोग,

## ख) शिक्षा क्षेत्रको समस्या र चुनौतीको विश्लेषण

**सबल पक्ष (अवसरहरू)**

अवसरको रूपमा हेर्दा पुतलीबजार नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ। शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था रहेको छ । यस नगरपालिकाका शिक्षा क्षेत्रका अवसर तथा सबल पक्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ–

१. शिक्षालाई संविधानमा मौलिक हकको रूपमा समावेश,
२. सङ्घ, प्रदेश र स्थानीय सरकारको शिक्षा सम्बन्धी कार्य गर्ने संस्थागत संयन्त्र,
३. तीनै तहमा विद्यालय स्थापना, सञ्चालन, नियमन र विकासका लागि कानुनी र संस्थागत व्यवस्था,
४. नगरपालिकामा आवश्यक सङ्ख्यामा शैक्षिक संस्थाहरू खुलेको,

५. प्रदेशस्तरमा शिक्षक तालिम केन्द्रको व्यवस्था,
६. सङ्घीय सरकारबाट शिक्षक र विद्यालय कर्मचारीको व्यवस्था,
७. विद्यार्थीको दिवा खाजा, बालविकास सहजकर्ता, विद्यालय कर्माचारी व्यवस्थापनमा नगरबाट थप आर्थिक सहयोग,
८. विद्यालय शिक्षामा तीनै तहको सरकारले लगानी गर्न सक्ने कानुनी व्यवस्था,
९. गरिब असहाय तथा विपन्न वर्गका विद्यार्थीहरूलाई कक्षा ११ र १२ को प्राविधिक शिक्षामा सहयोग,
१०. नगरस्तरीय वर्षिक कार्यपात्रो, विषयगत समिति निर्माण गरी सिकाइ सञ्जालको व्यवस्था गरिएको,

**कमजोर पक्ष**

१. माध्यमिक तहको प्राविधिक शिक्षा प्राप्तिका लागि विद्यालय पहुँचमा कठिनाइ,
२. शिक्षामा प्रविधिको आशातीत उपयोग नभएको
३. पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयनका लागि पर्याप्त क्षमता विकास तालिम अभाव,
४. मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्ष कमजोर रहनु,
५. विद्यालय शिक्षामा सरकारको पर्याप्त लगानी नहुनु
६. संस्थागत प्रणालीको कुशल र प्रभावकारी उपयोगमा सीमितता
७. विद्यालयमा सूचना प्रविधिको पूर्वाधार विकास र सिकाइमा उपयोग पर्याप्त नहुनु
८. शिक्षामा अभिभावकको पर्याप्त लगानी र चासो नहुनु
९. शिक्षक सहायता, सुपरिवेक्षण र अनुगमन प्रणालीसम्बन्धी स्थानीय संस्थागत सक्षमता,
१०. शिक्षालाई सिप, सिपलाई श्रम र श्रमलाई उत्पादनसँग जोड्ने कार्यको थालनी व्यावहारिक रूपमा लागू गर्न नसकिएको

**आन्तरिक चुनौतीहरू**

१. सबै बालबालिकाका विद्यालयमा भर्ना र नियमितताको प्रबन्ध गर्नु,
२. विद्यालयमा सूचना प्रविधिको आधुनिक पूर्वाधार र आन्तरिक सक्षमता सुधार गर्नु,
३. उपयुक्त र पर्याप्त सिकाइ सामग्री, कक्षाकोठा र विषयगत शिक्षकको व्यवस्था गर्नु,
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नु,
५. आन्तरिक तथा वाह्य स्रोत र शिक्षामा लगानी वृद्धि गर्नु,
६. विद्यालय प्रशासन र शैक्षिक प्रशासनमा जवाफदेहिता, पारदर्शिता र सुशासन कायम
७. सबै शिक्षकको सक्षमता विकास गर्नु,
८. नगरभित्रको भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधतालाई व्यवस्थापन गर्नु

**वाह्य चुनौतीहरू**

१. विपतजन्य घटनाहरू,
२. न्यून आर्थिक वृद्धि र बजारमा सङ्कुचन,
३. कानुनी र नीतिगत व्यवस्था,
४. सूचना प्रविधिमा आउने परिवर्तन

# परिच्छेद दुई
# दूरदृष्टि, उद्देश्य, रणनिति, उपलब्धि र लक्ष्य

## २.१ परिचय

यस परिच्छेदमा योजनाको दूरदृष्टि ध्येय उद्देश्य रणनीति तथा नतिजाहरू र योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त प्रस्तुत गरिएको छ । दूरदृष्टि ध्येय उद्देश्यहरू मूलतः नेपालको संविधानको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दिगो विकास लक्ष्य तथा सोह्रौं योजनाका प्राथमिकतासँगको सामञ्जस्यमा आधारित छन्। परिच्छेद दुईमा उल्लेख गरिएको स्थानीय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आगामी पाँच वर्षको मार्गचित्र पहिचानका लागि आधार तयार गरेका छन्।यसमा मूल रूपमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइजस्ता कुराहरू यसमा समेटिएको छ।

## २.२. दूरदृष्टि

***"संस्कार र प्रविधि सहितको समावेशीतामा आधारित गुणस्तरीय शिक्षा; समृद्ध पुतलीबजार नगरपालिका"***

## २.३ ध्येय

संस्कार र समावेशितामा आधारित भई आधुनिक प्रविधिको ज्ञान तथा सिप सहितको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न सुव्यववस्थित सक्षम उत्तरदायी विद्यालय पद्धतिको विकास गर्ने ।

## २.४ उद्देश्य

पुतलीबजार नगरपालिकाका शैक्षिक उद्देश्यहरू निम्नबमोजिम रहेका छन्-

१. सबै बालबालिकालाई गुणस्तरयुक्त विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुधार गर्नु,
३. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
४. सुरक्षित भौतिक पूर्वाधार निर्माण गरी आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्ने पाउने अवसर निर्माण गर्नु ।

## २.५ रणनीतिहरू

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न विद्यालय नक्साङ्कन गर्ने,

२. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा सहभागी नभएका लक्षित तथा सीमान्तकृत समुदायका बालबालिकालाई समेट्ने,

३. विपत् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिने,

४. विद्यालयबाहिर रहेका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा सुनिश्चितता गर्ने,

५. विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने,

६. स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्ने,

७. शिक्षक निर्देशिका, स्रोत सामग्री, स्वाध्ययन सामग्री विकास, परिमार्जन तथा समायोजन गर्ने एवम् तिनीहरूलाई विद्युतीय अनलाइन पोर्टलमार्फत सुलभ बनाउने,

८. प्रत्येक सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला तथा सिकाइ सामग्रीसहितको पुस्तकालय र बुक कर्नरलाई स्तरीकरण गर्ने,

९. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि आवश्यक संरचनाको विकास गर्दै स्थानीय स्तरमा अनुगमन तथा पृष्ठपोषण क्रियाकलापलाई जोड दिने,

१०. शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मार्गदर्शन गर्ने पद्धतिको विकास गर्ने। शिक्षकको उपस्थिति, नियमितता तथा कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धतिको विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोड्ने,

११. विद्यालयमा रहेका भौतिक तथा शैक्षिक पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री बनाई प्रकोपबाट सुरक्षित बनाउने,
१२. विद्यालय पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण, स्थानीय भूगोल र हावापानीका आधारमा मापदण्ड विकास गर्ने,
१३. योजनावद्ध रूपमा विद्यालयको भौतिक पूर्वाधारको विकास गर्ने,
१४. विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक छनोट गर्ने विद्यमान प्रणालीमा सुधार गरिने छ,
१५. मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधि र सञ्जालको प्रयोग गर्न एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कनको विकास गर्ने र कार्यान्वयनका लागि आवश्यक पर्ने मार्गदर्शनको निर्माण गरिने छ।

## २.४ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने छ । परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुने छ ।
२. सबै विद्यालयमा तोकिएको न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था हुने छ ।
३. माध्यमिक तहमा भर्ना दर र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने छ
४. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने छ।
५. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुने छन् ।
६. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि हुने छ ।
७. सबै बालबालिकाहरूमा व्यवहार कुशल सिप तथा सामाजिक र नागरिक सक्षमता सहित सान्दर्भिक सिकाइ प्राप्त गर्न सक्षम भएको हुने छ।
८. बालबालिकाहरूमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको पहुँच पुगेको हुने छ ।
९. सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने छ ।
१०. लैंगिक जातीय अपाङ्गता आर्थिक तथा सामाजिक रूपमा पिछडिएका अनाथ आदि बालबालिकाहरूलाई कुनै पनि आधारमा विभेद नगरी समान सिकाइको अवसर सुनिश्चित हुने छ ।

११.सबै विद्यालयहरूमा बालमैत्री अपाङ्गमैत्री सबै प्रकारका प्रकोपबाट सुरक्षित भौतिक पूर्वाधारको निर्माण हुने छन् ।

१२. विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुने छ ।

१३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापनामार्फत् योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुनेछ ।

## २.५ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ -

**तालिका २.१**

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| सि.न. | सूचक | एकाइ | आधार वर्ष २०८१/८२ | लक्ष्य २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | प्रतिशत | १०३ | १०१ | |
| १.२ | चार वर्ष उमेर पुगेका बालबालिकाहरू भर्ना अनुपात | | ८०.६ | ९५ | |
| १.३ | न्यूनतम योग्यता पुगेका सहजकर्ता | प्रतिशत | ९६.५६ | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त सहजकर्ता | प्रतिशत | ६० | ९० | |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बाल विकासको अनुभव प्राप्त बालबालिका | प्रतिशत | ८९ | १०० | |
| १.६ | आधारभूत मापदण्ड पूरा गरेका बाल विकास केन्द्र | सङ्ख्या | ३५ | ७२ | |
| १.७ | सञ्चालित बाल विकास केन्द्र | सङ्ख्या | ७२ | ७२ | |
| १.८ | बालबालिकाहरूका लागि सिकाइ सामग्री उपलब्ध केन्द्र | सङ्ख्या | ७२ | ७२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.९ | दिवा खाजा प्राप्त बालबालिका | सङ्ख्या | शतप्रतिशत | | |
| १.१० | अभिभावक र व्यवस्थापन समितिलाई अभिमुखीकरण केन्द्र | सङ्ख्या | १४ | २८ | |
| १.११ | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्रीहरूको पूर्वाधार निर्माण | सङ्ख्या | ७२ | ७२ | |
| **२** | **आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | प्रतिशत | ११२.१ | १०५ | |
| २.२ | कक्षा १मा खुद प्रवेशदर | प्रतिशत | ९२ | १०० | |
| २.३ | कुल भर्नादर (१-५) | प्रतिशत | १२२.५ | ११० | |
| २.४ | खुद भर्नादर (१-५) | प्रतिशत | ९३.५ | १०० | |
| २.५ | कुल भर्नादर (१-८) | प्रतिशत | ११८.९ | १०८ | |
| २.६ | खुद भर्नादर (१-८) | प्रतिशत | ९४.२ | ९८ | |
| २.७ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | १.० | १.० | |
| २.८ | कक्षा १ मा दोहोऱ्याउने दर | प्रतिशत | १०.२ | ५ | |
| २.९ | कक्षा १ मा छाड्ने दर | प्रतिशत | ७.१ | २ | |
| २.१० | कक्षा ८ सम्म टिकाउदर | प्रतिशत | ८४.३ | ९० | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | ८२.१ | १०० | |
| २.१२ | १ महिना भन्दा बढी सञ्चित बिदा र सुत्केरी शिक्षकको सट्टा शिक्षक | सङ्ख्या | - | २५ | |
| **३** | **माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्नादर | प्रतिशत | १०२.३ | १०० | |
| ३.२ | कक्षा ९-१० को खुद भर्नादर | प्रतिशत | ७७.२ | ८० | |
| ३.३ | कक्षा ९-१२ को कुल भर्नादर | प्रतिशत | ७३.५ | ७८ | |
| ३.४ | कक्षा ९-१२ को खुद भर्नादर | प्रतिशत | ५७.५ | ६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.५ | कक्षा ११-१२ को खुद भर्नादर | प्रतिशत | ३७.९ | ४३ | |
| ३.६ | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | १.० | १.० | |
| ३.७ | सङ्घीय अनुदानमार्फत् न्यूनतम दरबन्दी सुनिश्चित गर्नका लागि थप शिक्षक व्यवस्थापन | सङ्ख्या | ७ | १० | |
| ३.८ | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | प्रतिशत | १०० | १०० | |
| ३.९ | पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी प्रतिशत | | १०० | १०० | |
| ३.१० | प्राविधिक धारका विद्यालय | सङ्ख्या | - | १ | |
| ३.११ | नमुना विद्यालय | सङ्ख्या | १ | २ | |
| ४ | **विद्यालय व्यवस्थापन र नियमन** | | | | |
| ४.१ | २०५ दिन पठनपाठन भएको सुनिश्चित भएका विद्यालय | प्रतिशत | १०० | १०० | |
| ५ | **अनैपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ५.१ | डिजिटल तथा वित्तीय साक्षरता कक्षा सञ्चालन | पटक | १० | २० | |
| ५.२ | सामुदायिक पुस्तकालय एवम् सिकाइ केन्द्र सञ्चालन तथा सहयोग | | ६ | १४ | |
| ६ | **पाठ्यक्रम र मूल्याङ्कन** | | | | |
| ६.१ | राष्ट्रिय पाठ्यक्रम तथा प्रारूप २०७६ अनुसार विकास भएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको अभिमुखीकरण तथा कार्यान्वयन | प्रतिशत | ७८ | १०० | |
| ६.२ | स्थानीय पाठ्यक्रम विकास | सङ्ख्या | १ | १ | ५ वर्षमा परिमार्जन |
| ६.३ | सिकाइ उपलब्धि परीक्षण | सङ्ख्या | ४६ | ४६ | |
| ६.४ | स्थानीय पाठ्यपुस्तक विकास | सङ्ख्या | ० | ८ | सिकाइ सहजीकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुस्तिका प्रकाशन |
| ७ | **शिक्षक विकास र व्यवस्थापन** | | | | |
| ७.१ | महिला शिक्षक प्रतिशत (आधारभूत तह) | प्रतिशत | ४४.१ | ५० | |
| ७.२ | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | प्रतिशत | १८.१ | २० | |
| ७.३ | शिक्षक क्षमता विकास तालिम | सङ्ख्या | ४ | १० | |
| ७.४ | व्यवस्थापन तालिम | वटा | ३ | ४ | |
| ७.५ | शिक्षक सहयोग समूह गठन र परिचालन | समूह | ५ | ७ | |
| ७.६ | शिक्षक सहयोग र पृष्ठपोषण पद्धतिको विकास | पटक | ४ | ५ | |
| ८ | **सूचना तथा सञ्चार प्रविधि** | | | | |
| ८.१ | पूर्वाधार विकास | विद्यालय | ४६ | ४६ | |
| ८.२ | इन्टरनेट कनेक्टिभिटी | विद्यालय | ४६ | ४६ | |
| ८.३ | सूचना प्रविधि ल्याब | विद्यालय | २३ | ३३ | |
| ८.४ | सूचना प्रविधि सम्बन्धित क्षमता विकास | प्रतिशत | ६० | ७० | |
| ९ | **शासकीय प्रवन्ध तथा व्यवस्थापन** | | | | |
| ९.१ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार | विद्यालय | १७ | ४६ | |
| ९.२ | कर्मचारीहरूको क्षमता विकास | प्रतिशत | ९८ | १०० | |
| ९.३ | प्रतिवेदन प्रणालीको सुदृढीकरण | प्रतिशत | ९० | १०० | |
| ९.४ | शिक्षा समिति बैठक | सङ्ख्या | १२ | १२ | |
| ९.५ | शिक्षा सम्बन्धी कानुन तथा मापदण्ड विकास | सङ्ख्या | ५ | आवश्यकता अनुसार | |
| ९.६ | विद्यालय सुधार योजना निर्माण | सङ्ख्या | ४६ | ४६ | |
| ९.७ | सामाजिक परीक्षण | सङ्ख्या | ४६ | ४६ | |
| ९.८ | EMIS व्यवस्थापन | सङ्ख्या | ६० | ६० | संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सहित |
| ९.९ | विद्यालय कार्यसम्पादन परीक्षण | प्रतिशत | ३६.९५ | १०० | |
| **१०** | **शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | | | |
| १०.१ | पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको प्रतिशत | प्रतिशत | २ | ३ | |
| १०.२ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) | प्रतिशत | ४.५ | ५ | |

# परिच्छेद : तीन
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

मानव जीवनको पहिलो कक्षा परिवार हो भने औपचारिक शिक्षाको सुरुवात बाल विकास कक्षाबाट हुने गर्दछ । आमाबाबुको काखमा हुर्केका बालबालिकाहरूलाई विद्यालय शिक्षाको सुरुवात गराउने पहिलो खुड्किलोको रूपमा रहेको बाल विकास शिक्षा वास्तवमै शिक्षाको जग हो । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको सुरुवात सन् १९९० को दशकबाट सुरु भएको हो । यो अवधिमा नेपाल सरकारले बालबालिकाको समग्र विकासलाई प्राथमिकता दिँदै विभिन्न नीतिहरू अवलम्बन गरेको थियो ।

बालविकास शिक्षाको उद्देश्य बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र भावनात्मक विकास सुनिश्चित गर्नु हो। यी कार्यक्रमहरूले बालबालिकालाई विद्यालय जाने उमेरमा आवश्यक आधारभूत सिप र ज्ञान प्रदान गर्दछ। बालबालिकाको कुनै एक पक्षमा मात्र कमजोरी हुँदा व्यक्तित्व विकासमा बाधा पुग्न सक्छ। त्यसैले बालबालिकालाई केवल लेखपढ मात्र गराउनुको साटो सबै पक्षको सन्तुलित विकासमा जोड दिन आवश्यक छ । वर्तमान नीतिगत दस्तावेजले चार वर्ष उमेर पुगेका बालबालिकाहरूका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ।

### ३.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा ७२ वटा सामुदायिक र १४ वटा संस्थागत बालविकास र शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ। जसमा ७२ जना सङ्घीय सरकारको अनुदानमा र संस्थागत तर्फ १४ जना विद्यालयको आन्तरिक स्रोतबाट रहने गरी बालविकास शिक्षकको व्यवस्था गरिएको छ। यस नगरपालिकाभित्र शिशुदेखि चार वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या जम्मा १३०३ रहेको छ । हाल सामुदायिक विद्यालयमा ५६६ जना र संस्थागत बाल विकास केन्द्रमा ७३७ जना बालबालिका भर्ना भइ अध्ययन गरिरहेका छन् । यसरी हेर्दा ४ वर्ष उमेर नपुगेका अथवा बढी उमेर समूहका बालबालिकाहरू समेत प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका देखिन्छन् । प्रारम्भिक बालविकास केन्द्रको सहजै देखिने भर्नादर १०३ % रहेको छ । बालविकास केन्द्र र बालबालिकाको अनुपात १६ रहेको र कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहितको भर्नादर भने ९८ % रहेको छ । प्रारम्भिक बाल विकास केन्द्रमा सामान्यतया ३ वर्ष देखि ५ वर्षसम्मको उमेर समूहका बालबालिकाहरू भर्ना हुने गरेका र कक्षा १ मा अधिकांश बालविकास केन्द्रको अनुभव लिएर जाने गरेको पाइन्छ । प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक अनुपात

१:१ रहेको छ। यस नगरपालिकाभित्र सञ्चालित बालविकास केन्द्रको भौतिक र शैक्षिक अवस्था मिश्रित किसिमको छ । यहाँका सामुदायिक बालविकास केन्द्रमा १०० प्रतिशत महिला शिक्षक हुनुहुन्छ । बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकलाई अभिभावक सचेतना एवम शिक्षा सम्बन्धी कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरिएको छ ।

### ३.१.३ अवसर एवम् सबल पक्ष

१. प्रारम्भिक बालविकास केन्द्रहरूमा शतप्रतिशत महिला शिक्षकको नियुक्ति हुनु,
२. प्रत्येक विद्यालयमा बालमैत्री कक्षाकोठाको व्यवस्थाका साथै उपयुक्त बसाई व्यवस्थापन भएको,
३. केही विद्यालयका बालविकास केन्द्रलाई नर्सरी र के. जी. गरी दुई भागमा विभाजित गरी सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको
४. बाल विकास सहजकर्तालाई तालिमको व्यवस्था तथा कक्षाकोठा सजावट र भित्ते लेखन समेत भएको,
५. बालबालिकाहरूको लागि सिकाइ क्षेत्र सहित खेल सामग्रीको व्यवस्था भएको,
६. बालविकास सहजकर्ताहरूको क्षमता विकासका अवसरहरू दिइएको,
७. विद्यार्थी सङ्ख्या धेरै भएका विद्यालयमा थप बालविकास सहजकर्ताको व्यवस्था गरिएको,
८. कार्यपुस्तिकाको व्यवस्था गरिएको ।

### ३.१.४ समस्या तथा चुनौतीहरू

**क) समस्याहरू**

१. बालबालिकाको पहुँचको आधारमा बालविकास कक्षाहरू स्थापना गर्न नसक्नु,
२. बालबालिकाको संख्याको आधारमा बालविकास शिक्षकको व्यवस्था हुन नसक्नु,
३. बालविकास र शिक्षाको तोकिएको उमेरभन्दा कम र बढी उमेरका बालबालिका पनि सहभागी हुनुले सिकाइ सहजीकरणमा कठिनाई आउनुका साथै उनीहरूको सर्वागीण विकासमा समेत असर पर्नु,
४. सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न नसक्नु,
५. सबै बाल विकास कक्षाहरूमा न्यूनतम मापदण्ड पूरा नहुनु,
६. न्यून पारिश्रमिक तथा पेसागत सुरक्षाको प्रत्याभूतिका कारण बाल विकास सहजकर्ता उत्प्रेरित हुन नसक्नु,

७. बाल विकास सहजकर्ताले अन्य राम्रो रोजगार पाएमा छोड्ने प्रवृत्ति,

८. तालिम पुनर्ताजगी तालिमको कमी,

९. अनुगमन तथा पृष्ठपोषणमा कमी ।

**ख) चुनौती**

१. न्यूनतम पूर्वाधार तथा सिकाइ सामग्री

२. बालबालिकाहरूको सङ्ख्या क्रमिक रूपमा घट्दो

३. बाल विकास सहजकर्ताको स्थायित्व पेसागत सुरक्षा र उत्प्रेरणा

४. सार्वजानिक शिक्षामा आकर्षण

५. न्यूनतम सिकाइको स्तर कायम गर्नु

६. अभिभावकलाई बालबालिकाको सिकाइ क्रियाकलापमा संलग्न बनाउनु

७. आर्थिक लगानी

### ३.१.५ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र गुणस्तर बढाउनु

२. सबै बालबालिकाहरूलाई बालबिकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु,

३. बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि आमाबाबु परिवार संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु,

४. सबै बालबालिकाहरूमा शारिरिक सामाजिक संवेगात्मक संज्ञानात्मक विकास तथा विकासका लागि तयारी सुनिश्चित गर्नु ।

### ३.१.६ रणनीति तथा कार्यनीतिहरू

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. प्रारम्भिक बालविकास शिक्षामा समतामूलक र समावेशी सहभागिता सहित पहुँच र गुणस्तर बढाउनु | १. प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको बालमैत्री समावेशी, समतामूलक गुणस्तरीय सेवा प्रवाह गर्ने | १. बालविकास कक्षाको हालको स्तर पहिचान गरिने छ ।<br>२. हालको स्थितिको आधारमा बालविकास कक्षालाई क ख र ग स्तर |

| | | |
|---|---|---|
| | २. सबै बालबालिकालाई सिकाइको समान अवसर प्रदान गर्ने वातावरण निर्माण गर्ने | गरी तीन वर्गमा वर्गीकरण गरिने छ ।<br>३. न्यूनतम स्तरको विभिन्न वर्ग अनुसार आवश्यक सहयोग गर्न कार्ययोजना बनाइनेछ ।<br>४. कार्ययोजना अनुसार विभिन्न संस्थाहरूको समेत सहयोग लिई बालविकास कक्षालाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड स्तरमा पुऱ्याइने छ ।<br>५. सुरक्षित, आकर्षक र बालमैत्री कक्षाकोठा र खेलकुद क्षेत्रको विकास गरिने छ ।<br>६. सबै बालबालिकाको आवश्यकता र विविधतालाई सम्बोधन गर्ने शिक्षण सामग्रीको विकास तथा व्यवस्थापन गरिने छ ।<br>७. सहजकर्ताहरूको पेसागत क्षमता बढाउन तालिम र व्यावसायिक विकास कार्यक्रम सञ्चालन गरिने छ ।<br>८. बालविकास शिक्षाका कक्षाहरूमा डिजिटल शिक्षण सामग्री र उपकरणहरूको उपलब्धता गराइने छ ।<br>९. बालविकास तथा शिक्षाका संरचना निर्माण |

| | | |
|---|---|---|
| | | गर्दा सुरक्षित बालमैत्री समावेशी समतामूलक तथा आकर्षक संरचनाको मापदण्डअनुसार निर्माण र सुधार गरिने छ<br>१०. गरिब र पिछडिएका समुदायका बालबालिका एवम् विशेष आवश्यकताका बालबालिकालाई आवश्यक सहयोग तथा छात्रवृत्तिको व्यवस्था गरिने छ ।<br>११. निजी क्षेत्र र गैह्र सरकारी संस्थाहरूसँग सहकार्य गरी बालविकास कार्यक्रमहरूको विस्तार र सुदृढीकरण गरिने छ ।<br>१२. प्रारम्भिक बालविकास कार्यक्रमहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरि उचित पृष्ठपोषण प्रदान गरिने छ ।<br>१३. बालबालिकाको सङ्ख्याको आधारमा थप सहजकर्ताको व्यस्थापन गरी केन्द्रको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउनेछ । |
| सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु | १. अभिभावकहरूलाई प्राथमिक शिक्षाको महत्त्व र फाइदाहरूको बारेमा जानकारी दिन अभियान सञ्चालन गर्ने | १. समुदायका नागरिकहरू समाजसेवीहरू र स्थानीय संघसंस्थाहरूको सहयोगमा पूर्व प्राथमिक शिक्षाको महत्त्वको बारेमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरी समुदायका सबै बालबालिकाहरूलाई |

| | | |
|---|---|---|
| | | बालविकास कक्षामा भर्ना गरिने छ ।<br>२ सामाजिक सञ्जालको माध्यमबाट जनचेतना अभिवृद्धि गरिने छ । |
| बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु | २. समुदाय तथा अभिभावकहरूलाई बालविकास शिक्षाको महत्त्व र अवधारणाको बारेमा बोध गराउने | १. बालविकास तथा शिक्षाका बालबालिकाका आमाबाबु वा अभिभावक तथा समुदायका लागि प्रारम्भिक बालविकास केन्द्रका शिक्षक मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिने छ । |

### ३.१.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.१.७.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्-

१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

२. सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।

३ बाल विकास केन्द्रका बालबालिकाहरूले बालमैत्री वातावरणमा तोकिएको सिकाइ उपलब्धि प्राप्त गर्ने छन् ।

४ बालबालिकाहरू कक्षा एकमा अध्ययन गर्नका लागि सक्षम हुने छन् ।

५ सहजकर्ताहरू तालिम प्राप्त भै बालमैत्री तवरले शिक्षण गर्न सक्षम हुनेछन् ।

#### ३.१.७.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. चार वर्ष उमेर समूहका १०० प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षा  कार्यक्रममा सहज पहुँच हुने छ ।

२. प्रारम्भिक बालविकास शिक्षा उमेर समूहका १०० प्रतिशत बालबालिकाहरू प्रारम्भिक

बालविकास शिक्षाको अनुभवसहित कक्षा एकमा प्रवेश गर्नेछन् ।

३. सबै बालविकास केन्द्रमा न्यूनतम भौतिक तथा सिकाइ मापदण्ड पूरा हुने छ ।

४. सबै बालविकास सहजकर्ताको पेसागत सिपको विकास हुने छ ।

५. सामुदायिक विद्यालय अन्तरगतका प्रारम्भिक बालविकास केन्द्रका सबै बालबालिकाले दिवा खाजासहित स्वास्थ्य तथा पोषण सेवा प्राप्त गरेका हुने छन् ।

६ राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेको न्यूनतम सिकाइ उपलब्धि सबै बालबालिकाहरूले पुरा गर्नेछन् ।

### ३.१.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **०८२/८३** | **०८३/८४** | **०८४/८५** | **०८५/८६** | **०८६/८७** | ५ वर्षको लक्ष्य | | | |
| १ | प्रारम्भिक बाल विकास कक्षाका लागि दिवा खाजा कार्यक्रम | सवै विद्यार्थी | ५६१ | ६१० | ६६० | ७१० | ७६० | ३३०१ | २९७० | पालिका | १ |
| २ | प्रारम्भिक बाल विकास कक्षाका सहजकर्ताहरूको पारिश्रमिक | सहजकर्ता | ७२ | ७२ | ७२ | ७२ | ७२ | ३६० | २३४० | पालिका | १ |
| ३ | प्रारम्भिक बाल विकास कक्षाको स्तर निर्धारण | पटक | १ | ० | ० | १ | ० | २ | १०० | पालिका | १ |
| ४ | प्रारम्भिक बाल विकास नीति तथा मापदण्डको प्रबोधिकरण | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | १ |
| ५ | प्रारम्भिक बाल विकास कक्षाको नक्साङ्कन | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | २ |
| ६ | प्रारम्भिक बाल विकासका शैक्षिक सामग्री वितरण | वि वि के | ० | ३६ | ३६ | ० | ० | ७२ | ७२०० | पालिका | १ |
| ७ | उत्कृष्ट बाल विकास सहजकर्ता प्रोत्साहान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १२५ | पालिका | १ |
| ८ | नमुना बाल विकास केन्द्र | वडा | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | २ |
| ९ | अभिभावक शिक्षा कार्यक्रम | अभिभावक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रारम्भिक बाल विकास कक्षाको सिकाइ क्षेत्र ६ कर्नर विकास | विद्यालय | १५ | १५ | १५ | १५ | १२ | ७२ | ३६०० | विद्यालय | १ |
| ११ | बाल विकास सहजकर्ताको अवलोकन भ्रमण | सहजकर्ता | २५ | ० | २५ | ० | २२ | ७२ | ३०० | पालिका | २ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **१४३९५** | | |
| १२ | प्रारम्भिक बाल विकास कक्षाका विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन | विद्यार्थी | ५६१ | ६१० | ६६० | ७१० | ७६० | ३३०१ | ११८८३ | सङ्घीय सरकार | १ |
| १३ | प्रारम्भिक बाल विकास कक्षाका सहजकर्ताहरूलाई पारिश्रमिक | सहजकर्ता | ७२ | ७२ | ७२ | ७२ | ७२ | ३६० | ७०२०० | सङ्घीय सरकार | १ |
| १४ | प्रारम्भिक बाल विकास कक्षामा डिजिटल सामग्री व्यवस्थापन | कक्षा | १५ | १५ | १५ | १५ | १२ | ७२ | ७२० | प्रदेश | २ |
| **जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **८२८०३** | | |
| **आन्तरिक र बाह्य स्रोत गरी जम्मा** | | | | | | | | | **९७१९८** | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनिन्छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय, जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्छ ।नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूत गरेको छ । सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो ।स्थानीय सरकारले आधारभूत शिक्षालाई विशेष प्राथिमकता दिई यस तहसम्मको शिक्षामा समतामूलक पहुँच पुऱ्याइ गुणस्तर सुनिश्चित गर्नु उसको दायित्व हो । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भन्ने उल्लेख गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस नगरपालिकाभित्र सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १-५ मा ९ वटा र कक्षा ६-८ मा ५ वटा गरी जम्मा १४ वटा विद्यालयहरू रहेका छन् । यस तहमा सामुदायिक विद्यालयमा कक्षा १-५ मा १३७७ जना विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा ६९२ र छात्र ६८५ रहेका छन् । त्यस्तै कक्षा ६-८ मा ९८३ जना विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा ५०६ र छात्र ४७७ रहेका छन । शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा ८ र कक्षा ६-८ मा १२ रहेको छ ।

आधारभूत तह (कक्षा १-५) को कुल भर्नादर १२२.५ % र खुद भर्नादर ९४.४% रहेको छ भने आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्नादर ११८.९% र खुद भर्नादर ८९.२% रहेको देखिन्छ। खुद भर्नादर अनुसार अझै कक्षा १-८ का १०.२ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । बालबालिका लागि अनिवार्य तथा निःशल्क आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ३.२.४ अवसर एवम् सवल पक्ष

१. आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा नगरपालिका स्तरीयमा सञ्चालन,

२. सबै विद्यालयमा खानेपानी तथा विद्युत सुविधा भएको बिजुली तथा कक्षा ८ सम्म सञ्चालित आधारभूत विद्यालयहरूमा इन्टरनेटको सुविधा पुगेको,

३. तालिम प्राप्त शिक्षकको व्यवस्था,

४. विद्यालयमा भौतिक पूर्वाधारको उपलब्धता,

५. अभिभावक,विद्यार्थी तथा नागरिक समाज आधारभूत तहको शिक्षाको विकासमा उत्प्रेरित भएका,

६. शिक्षकको क्षमता विकासका लागि तालिम तथा कार्यशाला सञ्चालन,

७. नवप्रवेशी शिक्षकका लागि शिक्षक मेन्टरिङ तालिम सञ्चालन,

८. स्थानीय पाठ्यक्रम अन्तर्गत कक्षा १ देखि ८ सम्मका बालबालिकाहरूका लागि हाम्रो पुतलीबजार नामक स्थानीय पाठ्यक्रम विकास भै सिकाइ सहजीकरण स्रोत पुस्तिका समेत प्रकाशित भएको,

९. आधारभूत तहमा सामूहिक परीक्षा सञ्चालन हुने,

१०. आधारभूत तहका शिक्षकको संलग्नतामा पालिका स्तरीय विषयगत समिति गठन भई क्रियाशिल रहेको ।

### ३.२.३ समस्या तथा चुनौतीहरू

**क) समस्याहरू**

१. आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क तथा गुणस्तरीय बनाउन प्रयाप्त बजेटको कमी

२. पूर्ण बालमैत्री विद्यालयको लागि चाहिने आवश्यक भौतिक तथा मानविय स्रोत साधनको उपलब्धतामा कमी

३. विद्यार्थीहरूको नियमित उपस्थितिमा कमी

४. अभिभावकहरूको विद्यालयप्रतिको चासोमा कमी

५. बालमैत्री भवन कक्षाकोठा शौचालय खानेपानी तथा अन्य भौतिक पूर्वाधारको कमी

६. अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूको शैक्षिक उपलब्धि तथा अन्य शैक्षिक क्रियाकलापहरू प्रति जिम्मेवार बनाउन नसक्नु

७. अभिभावक शिक्षाको कमी

८. खेलमैदानको अभावका कारण बालबालिकाहरूको सर्वाङ्गिण विकामा अवरोध

९. परम्परागत शिक्षण विधिको प्रयोगका कारण नविनतम शिक्षण विधिको प्रयोगमा कमी

१०. विद्यालय छाड्ने दर र कक्षा दोहोर्‍याउने दर शून्य नहुनु

११. अनिवार्य तथा निःशुल्क शिक्षालाई पूर्णरूपमा कार्यान्वयन गर्न नसक्नु

१२. विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु,टिकाउनु र गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु

१३. शिक्षकको पेसागत विकासका अवसरको कमी

**ख) चुनौतीहरू**

१. ग्रामीण क्षेत्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको घट्दो दर

२. भौतिक तथा सिकाइका पूर्वाधारको अपर्याप्तता

३. विद्यार्थीहरूको न्युनतम गुणस्तरको प्राप्ति

४. शिक्षक तालिम तथा उत्प्रेरणा

५. अभिभावक सचेतना तथा विद्यालयप्रतिको धारणा

६. आधारभूत तहमा परीक्षा केन्द्र निर्धारण गरी कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन

७. आधुनिक शिक्षण विधिको व्यवहारिक प्रयोग

८. सूचना तथा सञ्चार प्रविधिको सिकाइमा प्रयोग

## ३.२.५ उद्देश्य

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई समतामूलक पहुँच सुनिश्चित गरी आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउनु

२. कक्षा १ देखि ३ को प्रारम्भिक सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइ बालबालिकाहरूको पठन क्षमतामा सुधार ल्याउनु

३. आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समयसापेक्ष र समावेशी बनाउनु

४. विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षाको सुनिश्चितता गर्नु

५. सबै बालबालिकहरूले न्यूनतम सिकाइ उपलब्धि सहित आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु

६. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, भयरहित र सुरक्षित बनाउनु

७. विद्यार्थीको चाहना अनुरूप कक्षा शिक्षण कार्यमा प्रविधिको प्रयोग गरी सिकाइ दिगो र व्यावहारिक बनाउनु

८. जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रबर्धन गर्नु

९. प्रारम्भिक कक्षाहरूका बालबालिकाको आधारभूत साक्षरता तथा गणितीय सिपको सुनिश्चितत गर्नु

## ३.२.६ रणनीति तथा कार्यनीतिहरू

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई समतामूलक पहुँच सुनिश्चित गरी उक्त तहको शिक्षालाई अनिवार्य र निशुल्क बनाउनु | १. अभिभावक र समुदायलाई शिक्षाको महत्त्वबारे सचेत गराउँदै बालबालिकाहरूलाई नियमितरूपमा विद्यालय पठाउन प्रोत्साहित गरी आफ्ना बालबालिकाहरूको सिकाइमा रुची देखाउन लगाउने । | १. आधारभूत तहका बालबालिकाका आमाबाबु वा अभिभावक तथा समुदायका लागि सोही तहका शिक्षक मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिने छ ।<br>२. प्रेरणादायक वक्ताहरूलाई बोलाएर शिक्षाको महत्त्वबारे अभिभावक र समुदायलाई जागरुक बनाइनेछ ।<br>३. विद्यार्थीहरूको प्रतिभभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरिन्छ ।<br>४. विभिन्न विद्यालयमा गरिएका राम्रा अभ्यास र सफल प्रयोगहरूको अन्य विद्यालयहरूमा समेत अभ्यास गर्न प्रेरित गर्ने । |
| | २. अपाङ्गता बालबालिकाहरूको लागि भएका समावेशी शिक्षा र आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाहरूको लागि छात्रवृत्ति र अन्य सहयोगी कार्यक्रमहरू सञ्चालन गरी आधारभूत शिक्षामा तोकिएका उमेर समूहको पहुँचको सुनिश्चितता गर्ने | १. विद्यालय भवन र कक्षाहरूमा अपाङ्गमैत्री बनाई आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्था गरिने छ ।<br>२. डिजिटल र इ-लर्निङ सामग्रीहरू व्यवस्थापन गरी सबै बालबालिकाहरूलाई सिकाइ क्रियाकलापमा पहुँच योगय बनाइ नेछ |

| | | |
|---|---|---|
| | | ३. समावेशी शिक्षा प्रबर्धनका लागि शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरूमा तालिम दिइ नेछ<br>४. आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति तथा अन्य सहायता उपलब्ध गराइ नेछ |
| | ३. विद्यालय र समुदाय बिचमा विश्वासको वातारण सृजना गर्ने | १. विद्यालयका योजनाहरू, नीतिहरू र प्रगतिसम्बन्धी जानकारी समुदायलाई समयमै दिने व्यवस्था गरिने छ<br>२. पारदर्शिता कायम राख्नका लागि विभिन्न सञ्चार माध्यम (जस्तैः न्यूजलेटर, सामाजिक सञ्जाल, वेबसाइट) को प्रयोग गरिने छ ।<br>३. अभिभावकहरूलाई शिक्षा मार्फत बालबालिकाको भविष्यका बारेमा अभिभावकलाई थप जिम्मेवार बनाइनेछ ।<br>४. विद्यालयमा नियमित उपस्थित अभिभावक र विद्यार्थीहरूलाई पुरस्कृत अथवा सम्मान गरिने छ ।<br>५.अभिभावकहरूको सुझाव र प्रतिक्रिया लिने प्रणाली विकास गरिने छ । |
| २. प्रारम्भिक कक्षा (१-३) को सिकाइ प्रभावकारी कार्यान्वयनबाट | १. प्रारम्भिक कक्षा (१-३) सिकाइको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक | १. प्रारम्भिक कक्षा (१-३) सिकाइ कार्यक्रमको लागि स्पष्ट उद्देश्य र लक्ष्य निर्धारण गरी |

| | | |
|---|---|---|
| बालबालिकाहरूको पठन क्षमता सुधार ल्याउने। | सोत साधनको व्यवस्था गरी विद्यालय शिक्षक अभिभावक तथा समुदायलाई जिम्मेवार बनाउने<br>२. प्रारम्भिक कक्षा सिकाइ को महत्त्वका बारेमा अभिभावक र समुदायलाई सचेत गराई बालबालिकाको पठनमा संलग्नता बढाउने | प्रत्येक कक्षामा हासिल गर्नुपर्ने पठन क्षमता निर्धारण गरी समय समयमा मूल्याङ्कन गरिने छ<br>२. प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको स्थान, समय र आवश्यक डिजिटल तथा सहयोगी सामग्रीहरूको व्यवस्था गरिने छ<br>३. प्रारम्भिक कक्षा सिकाइ सँग सम्बन्धित शिक्षकहरूलाई तालिम/प्रशिक्षण दिइनेछ<br>४. सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गरी प्रारम्भिक कक्षा पठनलाई प्रभावकारी बनाइनेछ<br>५. प्रारम्भिक कक्षा सिकाइ को महत्त्वका बारेमा अभिभावक र समुदायमा व्यक्तिगत भेटघाट, अभिभावक भेला, न्यूजलेटर, सामाजिक सञ्जाल तथा वेबसाइट आदिबाट प्रचार प्रसार गरिने छ<br>६. बालबालिकाका लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन गरिने छ । |
| ३. पाठ्यक्रम र प्रविधि समावेशी शिक्षणको माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशी मैत्री बनाउनु | १. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन गरिने तथा पाठ्यपुस्तक निर्माण गरिने छ । | १. विद्यार्थीहरूको शैक्षिक स्तर, रुचि र क्षमता विश्लेषण गर्दै समुदायका सांस्कृतिक, आर्थिक र सामाजिक आवश्यकताहरूको मूल्याङ्कन |

| | | |
|---|---|---|
| | २. कक्षा कोठामा राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाइने बनाई गुणस्तरमा सुधार गरिने छ । | गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तलाई परिमार्जन गर्दै लगिनेछ । <br>२. राष्ट्रिय पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिने छ । <br>३. पाठ्यक्रम सम्बन्धी अनुभवी भएका शिक्षकहरूबाट नव प्रवेशी शिक्षकहरूलाई मेन्टोरिङ्ग कार्यक्रम सञ्चालन गरिने छ । <br>४. पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ । <br>५. विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिनेछ । <br>६. शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्याङ्कन गर्ने एवम् सुधारका लागि पृष्ठपोषण दिइ उत्कृष्ठ देखिएका शिक्षकहरूलाई पुरस्कार र सम्मान गरिनेछ । |
| | ३. विद्यालयमा नविनतम प्रविधिहरूको स्थापना गरी डिजिटल शिक्षण सिकाइलाई प्रभावकारी बनाइनेछ । | १. सबै आधारभूत विद्यालयहरूमा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रूपमा प्रयोगमा ल्याइनेछ । |

| | | |
|---|---|---|
| | | २. डिजिटल प्रविधि साधनहरूको प्रयोगका बारेमा शिक्षकहरूलाई प्रशिक्षण गरी शिक्षण सिकाइमा प्रविधिहरूको प्रयोगमा दक्ष बनाइनेछ । |
| ४. विद्यालयमा विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्नु | १. विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने, | १. विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम, कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र स्थापना गरिने छ । |
| | २. विद्यालय सुरक्षा नीति बनाई विद्यार्थीहरूको भावनात्मक, मानसिक र शारीरिक सुरक्षाको सुनिश्चित गर्ने, | १. सुरक्षा नीतिको अनुसरण गर्न विद्यार्थी, शिक्षक, समुदाय, अभिभावक तथा विद्यालयलाई जिम्मेवार बनाइनेछ ।<br>२. विद्यालयमा हुने सबै प्रकारका विभेदलाई शुन्य सहनशीलतामा पुर्याइनेछ ।<br>३. विद्यालयमा बालबालिकाहरूलाई हुन सक्ने सम्भावित दुर्घटनाप्रति विशेष कार्य गरिने छ । |
| ५. सबै बालबालिकहरूले सबै न्यूनतम सिकाइ उपलब्धि सहित आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु | १. विद्यार्थीहरूको प्रगतिको नियमित मूल्याङ्कन गरी तिनीहरूको कमजोरी पहिचान गरी सुधारात्मक कदम चालिने<br>२. आधारभूत तह उमेरका बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने अनिवार्य | १. विषयगत, कक्षागत, विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि निर्धारण तथा प्राप्त सिकाइ उपलब्धिको विश्लेषण तथा पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. नियमित विद्यालयमा जाने नसक्ने समूहका बालबालिकाका लागि |

| | | |
|---|---|---|
| | तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा नगर घोषणा गर्दै जाने । <br>३. हरेक विषयगत शिक्षकहरूले शिक्षण सुधार योजना तयार पारी सिकइ उपलब्धि कमजोर भएका विद्यार्थीलाई सहयोगात्मक सिकाइको अवसर प्रदान गर्ने, | सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणिकरण गर्ने व्यवस्था मिलाइनेछ । <br>३ विद्यालयको अनुगमन तथा सुपरीवेक्षणका लागि प्रभावकारी संयन्त्र बनाइनेछ । <br>४. पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाइनेछ । <br>५.आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, नियमलाई कडाइका साथ लागु गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा हुदै नगर घोषणा गरिने छ । |
| | ३. विद्यालयहरूबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्यको आधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइने, | १. विद्यालयहरूबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्यको आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । <br>२. विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि |

| | | |
|---|---|---|
| | | सम्बन्धीको प्रतिवेदन नगरपालिका पेश गरिने छ । |
| ६. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री सिकाइमैत्री भयरहित र सुरक्षित बनाउनु । | १. विद्यालयमा बालमैत्री सिकाइमैत्री भयरहित र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,<br>२. विद्यालय शिक्षालाई विभिन्न प्रकारका प्रकोप संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने, | १. आधारभूत शिक्षाको सबै पक्षमा समान सहभागिताको अवसर प्रदान गरिने छ ।<br>२. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ । |
| ७. विद्यार्थीको चाहना अनुरूप कक्षा शिक्षण कार्यमा प्रविधिको प्रयोग गरी सिकाइ दिगो र व्यवहारिक बनाउनु । | १. विद्यार्थीको रुची अनुसार कक्षा शिक्षणमा प्रविधिको प्रयोगलाई क्रमश बढाउँदै जाने । | १. कक्षा शिक्षण कार्यमा डिजिटल प्रविधिको प्रयोगलाई बढाउने,<br>२. आधुनीक प्रविधिका बारेमा शिक्षण मार्फत जोडेर जाने,<br>३. कम्प्युटर प्रविधिलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिने, |
| ८. प्रविधि जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रवर्धन गर्नु | १. आधारभूत शिक्षामा प्रविधि जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रवर्धन गर्ने । | १. आधारभूत शिक्षामा प्रविधि जीवनोपयोगी सिप तथा मूल्य आधारित शिक्षाको प्रवर्धन गरिनेछ ।<br>२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा मानव मूल्यमा आधारित विषयवस्तु समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ । |
| ९. विद्यार्थी मूल्याङ्कनलाई व्यवहारिक वैज्ञानिक र पारदर्शी बनाउने | १. आधारभूत तहमा राष्ट्रिय पाठ्यक्रमले तोकेको व्यवस्था अनुसारको मूल्याङ्कन प्रणाली अबलम्बन गर्ने । | १. आधारभूत तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेको व्यवस्था अनुसारको कक्षा १ देखि ३ सम्म सतप्रतिशत |

| | | |
|---|---|---|
| | २. विद्यार्थीको आन्तरिक मूल्याङ्कनलाई वास्तविकतामा आधारित बनाउने<br>३. सिकाइ आपुरण तथा द्रुत सिकाइ योजनालाई विद्यार्थीको मूल्याङ्कन र शैक्षिक उपलब्धि सुधारमा उपयोग गर्ने । | आन्तरिक मूल्याङ्कन तथा नेपाल सरकारको निर्देशनानुसार कक्षा ४ र ५ मा समेत सतप्रतिशत आन्तरिक तथा कक्षा ६ देखि ८ सम्म ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत आवधिक मूल्याङ्कन गर्ने ।<br>२. विद्यार्थीको आन्तरिक मूल्याङ्कनलाई वैज्ञानिक र व्यवहारिक बनाउने तथा वास्तविकतामा आधारित बनाउने<br>३. सिकाइ आपुरण तथा द्रुत सिकाइ योजनालाई विद्यार्थीको मूल्याङ्कन र शैक्षिक उपलब्धि सुधारमा उपयोग गर्ने |

### ३.२.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

### ३.२.६.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ ।

२. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।

३. पाँच देखि बाह वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भइ सबैले आधारभूत शिक्षाको प्राप्त गर्नेछन् ।

४. आधारभूत तहका बालबालिकाहरूको सिकाइ उपलब्धि औषतमा ७० प्रतिशतभन्दा माथी हुने छ ।

५. आधारभूत तहका सबै शिक्षकहरू आधुनीक शिक्षण विधि तथा प्रविधिमा निपूर्ण हुने छन् ।

### ३.२.७.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्

१. उमेर समूहका सतप्रतिशत बालबालिका विद्यालयमा भर्ना भइ आधारभूत तहको शिक्षा पूरा गरेको हुने छन् ।
२. विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने छ ।
३. बालबालिकाको सिकाइका लागि सरोकारवालाहरूको जवाफदेहिता बढ्नेछ ।
४. सबै वडाहरू अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा भएको हुने छन्
५. कक्षा १ मा नयाँ भर्ना भएका १०० प्रतिशत बालबालिकाहरूले आधारभूत तह उत्तीर्ण परीक्षामा उत्तीर्ण भै माध्यमिक शिक्षामा प्रवेश गर्नेछन् ।
६. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको उपलब्धता, शिक्षक विद्यार्थीको पहुँच तथा शिक्षण सिकाइमा यसको प्रयोगमा विस्तार हुने ।
७. कक्षा शिक्षणमा आधुनिक प्रविधिको प्रयोगलाई हालको अवस्थाबाट वृद्धि गरी न्यूनतम ६० प्रतिशत पुगेको हुने छ ।
८. आधारभूत तह ( कक्षा १ ५ ) का सबै विद्यार्थीहरूले विद्यालयमा पौष्टिक दिवा खाजा प्राप्त गर्नेछन् ।

## ३.२.७ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| २ | दिवा खाजा कार्यक्रम १ देखि ५ | विद्यार्थी | १३७७ | १४०० | १४५० | १५०० | १५५० | ७२७७ | ६५४९.३ | पालिका | १ |
| ३ | प्रेरणादायी व्यक्तित्वबाट प्रशिक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ४ | भर्ना अभियान तथा नीति निर्माण एवम् कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र विद्यालय | १ |
| ५ | अभिभावक प्रोत्साहान तथा सम्मान कार्यक्रम | संख्या | २० | २० | २० | २० | २० | १०० | २५० | पालिका | २ |
| ६ | विविध विधामा विद्यार्थी प्रतिभा प्रदर्शन तथा प्रतियोगिता | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५०० | पालिका | १ |
| ७ | विद्यालयका असल अभ्यासहरूको आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ८ | उत्कृष्ट शिक्षक सम्मान कार्यक्रम | शिक्षक | १० | १० | १० | १० | १० | ५० | ५०० | पालिका | १ |
| ९ | न्यूनतम सिकाइ सुनिश्चित गर्न प्रबर्धनात्मक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विषयगत कक्षागत विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि विश्लेषण र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ११ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | सबै विद्यालयकहरूको अनुगमन तथा सुपरीवेक्षण | | | | | | | ५०० | पालिका | १ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | १२०४९.३१ | | |
| ११ | दिवा खाजा व्यवस्थापन | विद्यार्थी | १३७७ | १४०० | १४५० | १५०० | १५५० | ७२७७ | २६१९७.२ | सङ्घीय सशर्त | १ |
| १२ | एकीकृत पाठ्यक्रम सम्बन्धी क्षमता विकास | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | १००० | संघ प्रदेश | १ |
| १३ | आन्तरिक मूल्याङ्कन क्षमता विकास कार्यक्रम | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | १००० | संघ प्रदेश | २ |
| १४ | डिजिटल र इलर्निङ सामग्रीहरू व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५०० | संघ प्रदेश | २ |
| | जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट | | | | | | | | ३०६९७.२ | | |
| | **आन्तरिक र बाह्य स्रोत गरी जम्मा** | | | | | | | | ४२७४६.५१ | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालमा विद्यालय तहको सबैभन्दा माथिल्लो तहको शिक्षा माध्यमिक शिक्षा हो । आधारभूत शिक्षा प्राप्त गरिसकेका बालबालिकाका लागि कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । यस तहको शिक्षाले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास गर्ने शिक्षा पनि हो। यस तहको शिक्षाले उच्च शिक्षाका लागि आधार पनि तयार गर्छ। माध्यमिक तहको शिक्षा साधारण धार, संस्कृत धार र प्राविधिक धारको हुने व्यवस्था गरिएको छ ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हकका रूपमा व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षाका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जिम्मेवार हुने गरी तीने सरकारको साझा सूचिमा राखेको छ तर पनि व्यवस्थापनको जिम्मेवारी भने स्थानीय सरकारलाई सुम्पेको अवस्था छ ।

### ३.३.२ वर्तमान अवस्था

यस नगरपालिकामा १७ वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन् । यस नगरपालिकाको त्रिभुवन आदर्श माध्यमिक विद्यालयमा सिटिइभिटी अन्तर्गतको प्राविधिक शिक्षा सञ्चाल रहेको छ । यस नगरपालिकामा ११ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरूमा कक्षा १-१२ सम्मको पठनपाठन हुन्छ । एउटा सामुदायिक क्याम्पसले कक्षा ११/१२ को सञ्चालन गरेको छ । नगरपालकाभित्रका सामुदायिक विद्यालयमा ४३०२ जना विद्यार्थीले अध्ययन गरिरहेका छन् । यहाँका सामुदायिक विद्यालयमा स्थायी राहत र सङ्घीय अनुदानमा गरी माध्यमिक तहमा ७८ वटा दरबन्दी रहेको छ । सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १० रहेको छ । विषययगत शिक्षकहरू सबै विद्यालयमा पुर्‍याउन सकेको अवस्था छैन ।

### ३.३.३ समस्या तथा चुनौतीहरू

**क) समस्याहरू**

१. सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको अभावले गर्दा पठन पाठनमा असहजता भइ विद्यार्थीहरूको अपेक्षित शैक्षिक उपलब्धिमा हासिल हुन नसक्नु,

२. विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित नहुने,

३. शिक्षक तालिमको अभावले गर्दा शिक्षकहरूलाई नयाँ शैक्षणिक विधि तथा प्रविधिको बारेमा

जानकारी कम हुनु,

४. विज्ञान प्रयोगशाला तथा सूचना तथा सञ्चार ल्याबको अभावले गर्दा नविनतम शैक्षणिक प्रविधिबाट शिक्षण सिकाइ नहुनु,

५. अभिभावकहरूको आफ्ना बालबालिकाहरूको शैक्षिक उपलब्धिको बारेमा कम चासो दिनु,

६. विद्यालयहरूमा नियमित अनुगमन तथा सुपरीवेक्षणमा कमी,

७. मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठनसँग जोड्न नसक्नु,

८. प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु,

९. परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत रुपान्तरण गर्न नसकिनु,

१०. शिक्षकको पेसागत विकासका अवसरको कमी,

११. विद्यालयहरूमा विद्यार्थीहरूको संख्या क्रमश घट्दो,

**ख) चुनौतीहरू**

१. विद्यार्थीहरूमा अध्ययन संस्कृतिमा कमी

२. समुदायले सामुदायिक विद्यालयलाई पूर्णरूपमा विश्वास गर्न नसक्नु

३. विद्यालयहरूको माध्यमिक शिक्षा परीक्षामा उत्तीर्णस्तर

४. विषयगत शिक्षकको उपलब्धता र पेगागत विकास

५. भौतिक तथा सिकाइका पूर्वाधारको कमी

६. प्रधानाध्यापक व्यवस्थापन

७. दरबन्दी मिलान तथा न्यूनतम शिक्षकको सङ्ख्याको निर्धारण

८. कम्प्युटर खेल तथा संगीत नृत्य शिक्षकको व्यवस्था

९. माध्यमिक शिक्षामा गरिने लगानी

१०. सबै विद्यालयको कक्षा ११ र १२ को कक्षा दिवा सत्रमा सञ्चालन

### ३.३.४ अवसर एवम् सवल पक्ष

१. नगरपालिकाका सबै माध्यमिक विद्यालयहरूको भौतिक अवस्था राम्रो रहेको,

२. माध्यमिक विद्यालयहरूको आधारभूत विद्यालयहरूसँग राम्रो समन्वयकारी सम्बन्धले गर्दा विद्यालयका गतिविधिहरूबारे जानकारी भइ सुधार गर्नुपर्ने पक्षमा विद्यालयहरू स्वप्रेरित भएका,

३. विद्यालय तथा अन्तरविद्यालय स्तरीय प्रतियोगिताहरू हुने गरेका,

४. खेलकुद सम्बन्धी कार्यक्रम जस्तै राष्ट्रपति रनिङसिल्ड समयमे सम्पन्न हुने गरेको,

५. अनिवार्य पाँच विषयका पालिकास्तरीय विषयतग समिति गठन भई क्रियाशील रहेको,

६. विषयगत समितिबाट सामुहिक परीक्षा लिने अभ्यास सुरु भएको,

७. सिकाइमा आधुनीक प्रविधिको प्रयोग हुन थालेको स्मार्ट बोर्ड तथा लुमा कक्षाको कार्यान्वयन गरिएको,

८. शिक्षकको पेसागत विकास तथा पेसागत सहयोगका कार्यक्रम शुरु गरिएको,

९. शिक्षकको पेसागत विकासका लागि कार्यविधि तयार भै कार्यान्वयन भएको,

१०. माध्यमिक शिक्षा परीक्षा लक्षित गरी विद्यालयहरूले छात्रावासको व्यवस्था सुरु गरेका,

११. कक्षा ११ र १२ विहानी तथा दिवा सत्रमा कक्षा सञ्चालन हुने गरेको ।

### ३.३.५ उद्देश्य

१. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु,

२. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,

४. सबै माध्यमिक विद्यालयमा एक कम्प्युटर शिक्षकको व्यवस्था,

५. सबै माध्यमिक विद्यालयमा ब्रोडब्यान्ड इन्टरनेट कनेक्टिभिटी भएको कम्प्युटर ल्याव र कम्तिमा एक स्मार्ट बोर्डको व्यवस्था गर्नु,

६. सबै सामुदायिक विद्यालयले माध्यमिक शिक्षा परीक्षा लक्षित गरी न्यूनतम ३ महिना परीक्षा लक्षित छात्रावासको व्यवस्था गर्ने,

७. सबै माध्यमिक विद्यालयमा शिक्षा नियमावलीले तोकेअनुसारको न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गर्नु,

८. माध्यमिक विद्यालयका विद्यार्थीहरूको विद्यालयगत रूपमा एस् एल सी र एसईई परीक्षामा उत्तीर्ण दर न्यूनतम ८० प्रतिशत हुने,

९. कक्षा १० उत्तीर्ण सतप्रतिशत विद्यार्थीहरू कक्षा ११ मा प्रवेश गराउनु,

१०. यस नगरपालिकाबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण विद्यार्थीहरू मध्ये कम्तिमा ९०प्रतिशत विद्यार्थीलाई यही पालिका अन्तर्गतका विद्यालयमा कक्षा ११ मा भर्ना गराउनु

११. शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउने विषयगत शिक्षक तथा विद्यालयलाई प्रोत्साहित गर्नु

१२. बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि खेल शिक्षक गीत तथा नृत्य शिक्षकको व्यवस्था गरी पर्याप्त अवसर उपलब्ध गराउनु

## ३.३.६ रणनीति तथा कार्यनीतिहरू

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइ मैत्री, समावेशी र सुरक्षित बनाउनु | १. सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्न विद्यालयमा निष्पक्ष प्रवेश प्रणाली लागु गरिने । | १. विद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरूमा उनीहरूको धर्म जाति लिङ्ग तथा अपाङ्गता आदिको आधारमा कुनै भेदभाव नगरी विद्यालयमा भर्ना गरिने वातावरण तयार गरिने छ । |
| | २. शिक्षक विद्यार्थी र अभिभावक बिच सकारात्मक र सहयोगी सम्बन्ध निर्माण गरिने | २. विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरी एक आपसमा अन्तरक्रियाको वातावरण बनाइनेछ ।<br>३. विभिन्न विद्यालयमा गरिएका असल अभ्यास र सफल प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार (जस्तैः न्यूजलेटर, सामाजिक सञ्जाल, वेबसाइट आदि) गरिने व्यवस्था मिलाइनेछ |
| | ३. विद्यालयका भवन, कक्षाकोठा, शौचालय तथा अन्य भौतिक सुविधाहरू अपाङ्गमैत्री, लैगिक मैत्री, बालमैत्री अनुकूल हुने गरी सुधार तथा निर्माण गरिने | ४. विद्यालयको भवन, कक्षाकोठा, शौचालय तथा अन्य सुविधाहरूलाई अपाङ्गमैत्री, लैगिक मैत्री एवम् बालमैत्री बनाउनका लागि सम्बन्धित विद्यार्थीहरूको समेत सल्लाह लिइ उक्त सुविधाहरूको डिजाइन निर्माण र सुधार गरिने छ |

| | | |
|---|---|---|
| | ४. शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी तथा बालमैत्री शिक्षण विधि तथा क्रियाकलापहरूमा तालिम तथा क्षमता विकासको अवसर दिइनेछ । | ५. शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी क्रियाकलापहरूमा तथा शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरू, विविधतालाई सम्बोधन गर्ने गरी क्षमता विकासको अवसर दिइनेछ ।<br>६. खेल समूह कार्य र सहभागितामूलक शिक्षण विधिहरू प्रयोग गरी सिकाइलाई रमाइलो र आकर्षक बनाइनेछ । |
| | ५. शारीरिक मानसिक र भावनात्मक रूपमा सुरक्षित र सहयोगी विद्यालय वातावरण बनाइने । | ७. विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र स्थापना गरिने छ । |
| | ६. आर्थिक रूपले विपन्न र असमर्थ समुदायका विद्यार्थीहरूका लागि आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराइने । | ८. आर्थिक रूपमा असमर्थ विद्यार्थीहरूलाई सिकाइ क्रियाकलापको निरन्तरताका लागि वित्तीय सहायता उपलब्ध गराइनेछ ।<br>९. आर्थिक रूपले विपन्न तथा असमर्थ विद्यार्थीहरूलाई विभिन्न संघ संस्थाहरूको समेत सहयोग लिइ विविध शैक्षिक सामग्रीहरू उपलब्ध गराइने ।<br>१०. विद्यालयमा अभिभावक दिवस सामाजिक परीक्षण जस्ता कार्यक्रमहरूमा विद्यालयले |

| | | |
|---|---|---|
| | | विद्यार्थीहरूबाट कुनै पनि शुल्क नलिई निशुल्क माध्यमकि शिक्षा प्रदान गरिरहेको भनी स्वघोषणा कार्यक्रम सञ्चालन गर्ने ।<br>११. निजी तथा गैरसरकारी संस्थाहरूसँग छलफल र सहकार्य गरी अतिरिक्त स्रोहरूको व्यवस्था गरिने छ<br>१२. निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित निगरानी र मूल्याङ्कन गरिने छ । |
| २. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु | १. विद्यालयमा लिङ्ग, जाति, धर्म, भाषा तअपाङ्गाका आधारमा कुनै विभेद नगरी विद्यार्थीहरूका लागि समतामूलक पहुँचको सुनिश्चित गरिने | १. न्यून सिकाइ स्तर भएका विद्यार्थीहरूलाई अतिरिक्त कक्षाको सेवा प्रदान गरिने छ<br>२. विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि आवश्यक सुविधा र सहयोग व्यवस्था गरिने छ ।<br>३. छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू जस्तै प्रोजेक्ट कार्य, कार्यशाला, वादविवाद प्रतियोगिता, अन्य शैक्षिक गतिविधि, सांस्कृतिक प्रदर्शनी, नाटक, नृत्य र संगीत मिश्रित खेल र खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।<br>४. पालिका भित्रका माध्यमिक विद्यालयहरूमा खेल तथा नृत्य/संगीतको सिप विकास गराउनका लागि घुमन्ते |

| | | |
|---|---|---|
| | | शिक्षकको व्यवस्था गरी विद्यार्थीको प्रतिभा विकासका लागि अवसर प्रदान गरिने छ |
| | २.कक्षा कोठामा पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम बनाईने | ४. नयाँ पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरी व्यवहारिक कार्यान्वयनमा जोड दिइनेछ ।<br>५.पाठ्यक्रम सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन सम्बन्धी पर्याप्त अनुभव भएका शिक्षकहरूबाट नयाँ शिक्षकहरूलाई मेन्टोरिङ्ग कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. सबै विद्यालय तथा शिक्षकहरूलाई पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ ।<br>७. विद्यालयमा पुस्तकालय तथा विषयगत प्रयोगशालाको व्यवस्था गरिने छ<br>८. शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्याङ्कन एवम् सुधारका लागि पृष्ठपोषण दिने र उत्कृष्ट देखिएका शिक्षकहरूलाई पुरस्कृत तथा सम्मान गरिने छ । |
| | ३. वर्तमान नविनतम शैक्षणिक प्रविधि र डिजिटल शिक्षण सामग्रीहरूको व्यवस्थापन तथा प्रयोग गरेर शिक्षाको गुणस्तर सुधार गरिने | ९. सबै माध्यमिक विद्यालयहरूमा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको |

| | | |
|---|---|---|
| | | प्रमुख अङ्गको रूपमा प्रयोगमा ल्याइनेछ ।<br>१०. सबै विद्यालयलाई कम्तिमा एउटा स्मार्टबोर्ड उपलब्ध गराई डिजिटल सिकाइलाई प्रोत्साहान गरिने छ ।<br>११. विद्यालयहरूमा भएका स्मार्टबोर्ड, कम्प्युटर, प्रोजेक्टर तथा इन्टरनेट जस्ता डिजिटल उपकरण लाई सिकाइ क्रियाकलापसँग आवद्ध गराइनेछ।<br>१२. अनलाइन प्लेटफर्ममा पाठ्यक्रम सामग्री, भिडियो र इ-बुकहरू उपलब्ध गराइनेछन्<br>१३. शिक्षकहरूलाई डिजिटल शिक्षण विधिहरूमा तालिम दिइनेछ ।<br>१४ एक माध्यमिक एक कम्प्युटर शिक्षकको व्यवस्था गरिने छ । |
| | ४. STEAM Education लाई कार्यान्वयन गरिने रूपमा कार्यान्वयन गरिने | १४. STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम दिई प्रभावकारी रूपमा सञ्चालन गरिने छ<br>१५. विशेष गरी STEAM सँग सम्बन्धित विषयहरूमा विषयगत प्रयोगशाला स्थापना गरी प्रयोगशालाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ । |

| | | |
|---|---|---|
| | | १६. STEAM Education सम्बन्धी नगरस्तरीय प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गरिने छ |
| ३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु | १. प्रत्येक विद्यार्थीको क्षमता र आवश्यकताअनुसार विद्यार्थीहरूले सिकाइ सुधार योजना सिकाइ सुधार योजना तयार गर्ने<br>२ सबै विषयगत शिक्षकहरूले शिक्षण सुधार योजना बनाइ कार्यान्वयन गर्ने । | १. विद्यार्थीको शैक्षिक आवश्यकता, क्षमता र रुचिहरू पहिचान गर्न प्रारम्भिक मूल्याङ्कन गरिने छ ।<br>२. शिक्षक र विद्यार्थीहरूले शिक्षण सुधार योजना र सिकाइ सुधार योजना तयार गरि कार्यान्वयन गर्ने<br>३. शिक्षण सुधार योजना र सिकाइ सुधार योजनाको प्रभावकारिता सुनिश्चित गर्न निरन्तर रूपमा समीक्षा गर्ने र आवश्यकतानुसार परिमार्जन गरिने छ<br>४. विद्यार्थीको विशेष आवश्यकताहरू पूरा गर्न उपयुक्त शैक्षिक साधन र स्रोतहरूको व्यवस्था गरिने छ |
| | २. विद्यार्थीहरूको प्रगति नियमित रूपमा मूल्याङ्कन गर्ने र तत्काल सुधारात्मक कदमहरू उठाउइने | ५. विषयगत, कक्षागत, विद्यालयगत, पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण र पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूलाई थप जिम्मेवार बनाइनेछ । |

| | | |
|---|---|---|
| | ३. विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका लागि प्रवर्तनात्मक कार्यको आधारमा प्रस्तावना माग गरी आवश्यकताका आधारमा कार्यान्वयन गर्ने । | ७. विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका गर्न प्रवर्तनात्मक कार्यको आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।<br>८. विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धीको प्रतिवेदन नगरपालिकामा पेश गरिने छ |

### ३.३.७ उपलब्धि मुख्य नतिजाहरू मुख्य क्रियाकलाप र लक्ष्य

#### ३.३.७.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्

१. माध्यमिक शिक्षाको पहुँच सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।

२. निःशुल्क माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चत भएको हुने छ ।

३. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने छ ।

४. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने

५. माध्यमिक तहका सबै बालबालिकाहरूमा कम्प्युटरको आधारभूत ज्ञान तथा सिपको विकास भएको हुने छ ।

६. सामुदायिक तथा संस्थागत विद्यालयहरूले कक्षा ११ र १२ दिउँसो सञ्चालन गर्ने छन् ।

७. विषयगत शिक्षकहरूले आधुनिक शिक्षण विधिको प्रयोग गरी शिक्षण गरेका हुने छन् ।

८. बालबालिकाहरूले आफ्नो रुची अनुसारको खेल गीत संगीत नृत्य तथा अन्य सफ्ट स्किलको विकास गर्नेछन् ।

### ३.३.७.२ प्रमुख नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन् :

१. न्यूनतम ९५ प्रतिशत विद्यार्थीहरूको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित हुने छ ।

२. माध्यमिक तहका सबै विषयको सिकाइ उपलब्धिमा न्यूनतम ८० प्रतिशत हुने छ ।

३. सबै विद्यालयहरूमा आवश्यक न्यूनतम मापदण्ड पूरा हुने छ ।

४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाहरू विद्युतीय रूपमा उपलब्ध हुने छ ।

५. कक्षा ९-१२ का १००० छात्राहरूले छात्रवृत्ति पाएका हुने छन् ।

६. महिला, दलित, जनजाति, अपाङ्ग र पिछडिएका वर्गका बालबालिकाहरू विद्यालय शिक्षामा समावेश हुने छन् ।

७. माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको उपलब्धता, शिक्षक विद्यार्थीको पहुँच तथा शिक्षण सिकाइमा बसको प्रयोगमा विस्तार हुने छ

८. सबै प्रकारको भय विभदे हिंसा र दुर्व्यवहारबाट मुक्त गर्दै बालबालिकालाई बालमैत्री लैंगिक तथा अपाङ्गमैत्री वातावरणमा शिक्षण सिकाइ सुनिश्चितताको मापदण्ड पूरा गर्ने विद्यालयको सङ्ख्यामा वृद्धि हुने छ ।

## ३.३.७ उपलब्धि मुख्य नतिजाहरू मुख्य क्रियाकलाप तथा लक्ष्य

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ४५०० | पालिका | १ |
| २ | शैक्षिक गुणस्तर वृद्धिका लागि नवप्रवर्तनात्मक कार्यमा आधारित विद्यालयलाई अनुदान | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ३० | ३००० | पालिका | २ |
| ३ | सिकाइ उपलब्धि सुधारका लागि प्रोत्साहान अनुदान | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ४२५० | पालिका | १ |
| ४ | कम्प्युटर शिक्षक व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | ६५०० | पालिका र विद्यालयय | १ |
| ५ | एक विद्यालय एक स्मार्टबोर्ड कार्यक्रम | विद्यालय | ४ | ३ | ३ | ३ | ४ | १७ | ५१०० | पालिका | १ |
| ६ | शैक्षिक सामग्री निर्माण र व्यवस्थापन | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ४२५० | पालिका | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | खेल तथ नृत्य /गायन शिक्षक व्यवस्थापन | वटा | ६ | ६ | ६ | ६ | ६ | ३० | १२०० | पालिका | २ |
| ८ | विद्यालय स्तरीय प्रतियोगिता | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५०० | पालिका | १ |
| ९ | ICT नवप्रवर्तनात्मक मेला | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| १० | शिक्षक सम्मान तथा पुरस्कार | शिक्षक | २० | २० | २० | २० | २० | १०० | १००० | पालिका | १ |
| ११ | अभिभावक शिक्षा तथा मनोपरामर्श कार्यक्रम | पटक | ४ | ३ | ३ | ३ | ४ | १७ | १७०० | पालिका | २ |
| १२ | नमुना विद्यालय तथा नविन शैक्षिक कार्यक्रमको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | पालिका | २ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **३०५५०** | | |
| ८ | शिक्षकहरूलाई डिजिटल सिकाइ सम्बन्धि तालिम | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | १००० | प्रदेश | १ |
| १० | शिक्षकहरूलाई STEAM Education सम्बन्धि तालिम | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ५०० | संघ प्रदेश | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | STEAM प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५००० | संघ प्रदेश | १ |
| १२ | शिक्षकको पेसागत विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ७५० | संघ प्रदेश | २ |
| **जम्मा बाह्य स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **७२५०** | | |
| **कुल जम्मा आन्तरिक र बाह्य प्रतिवर्ष बजेट** | | | | | | | | | **३६८००** | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ३.४.१ परिचय

शिक्षा समयको आवश्यकता तथा सामाजिक चाहना र आवश्यकताका आधारमा निरन्तर परिवर्तित हुन्छ । नेपालमा शिक्षाको विकासक्रमलाई हेर्दा प्राचीन गुरुकुल ऋषिकुलदेखि विकास भएको शिक्षा आज प्राविधिक तथा व्यवसायिक तर्फ ढल्कन थालेको छ । शिक्षा विकासको संवाहक मात्र नभइ पूर्वाधार विकासको पनि पूर्वाधार हो। त्यस्तै वर्तमान समयमा विकासको मूल आधार नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो भन्न सकिन्छ ।

रोजगार एवम् स्वरोजगारको मेरुदण्डको रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिने गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले बालबालिकाहरूमा आत्मनिर्भरताको विकास गरी रोजगारका लागि अभिप्रेरित गर्दछ साथै स्वरोजगार बन्न सहयोग गर्छ । बोली खाने शिक्षा भन्दा पनि गरी खाने शिक्षा प्रति अभिभावकको चासो र विद्यार्थीहरूको रुचीलाई सम्बोधन गर्न नेपाल सरकारले सामुदायिक विद्यालयहरूमा माध्यमिक तह देखि प्राविधिक धारको रूपमा कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा व्यावसायिक शिक्षालाई समावेश गरेको छ। उक्त तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कृषि, पशु. इन्जिनियरिङ लगायतका प्राविधिक विषयहरूमा अध्ययनको अवसर प्रदान गरिएको छ ।

एक पालिका एक प्राविधिक विद्यालयको नीतिगत व्यवस्था भएता पनि यस नगरपालिकामा हालसम्म कुनैपनि प्राविधिक धारको शिक्षालय सञ्चालन हुन सकेको छैन । यस पालिकाका एउटा माध्यमिक विद्यालयमा तीन बर्से सिभिल इन्जिनियरिङको कक्षा सञ्चालनमा रहेको छ । यहाँका अभिभावकको चासो र रुची सरकारी अनुदान प्राप्त विद्यालयमा कार्यक्रम सञ्चालनको पहिलो वर्षमा विद्यार्थीहरू इच्छुक भए पनि क्रमश घट्दो क्रममा विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । सिभिल इन्जिनियरिङमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई यस नगरपालिकाले प्रत्येक वडाबाट २ जनाका दरले १४ वटा वडाबाट २८ जना विद्यार्थीहरूलाई ५० प्रतिशत छात्रवृत्ति उपलब्ध गराएको छ । यसबाट पालिका भित्रका बालबालिकाहरूले आफ्नो घरआँगनमा नै सिभिल इन्जिनियरिङको कक्षा लिने अवसर पाएका छन् ।

### ३.४.२ वर्तमान अवस्था

१. पालिकामा प्राविधिक धारको विद्यालय सञ्चालन नभएको,
२. श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालयमा ३ बर्से डिप्लोमा इन सिभिल इन्जिनियरिङ कक्षा सञ्चालनमा रहेको,
३. प्राविधिक धार तर्फको अन्य विषय अध्ययन गर्न अन्यत्र जानु पर्ने बाध्यता,
४. सिभिल इन्जिनियरिङका कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या घट्दो क्रममा रहेको,

### ३.४.३ अवसर र चुनौतीहरू

**क) अवसर**

१.नगरपालिका क्षेत्रबाट प्राविधिक शिक्षामा अध्ययन गर्नका लागि सयौं विद्यार्थीहरू पालिका बाहिर तथा जिल्ला बाहिर जाने गरेका,

२. पालिका जिल्लाको सदरमुकाममा अवस्थित भएकोले प्राविधिक शिक्षाका लागि अध्यापन गर्ने जनशक्तिको अभाव नरहेको,

३. स्थानीयबासीहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षाप्रति बढ्दो चासो ।

**ख) चुनौतीहरू**

१. प्राविधिक धारको विद्यालय सञ्चालन र व्यवस्थापन,

२. नगरपालिकाको आफ्नो लगानी एवम् अभिभावकको लगानीमा प्राविधिक धार तर्फ शैक्षिक कार्यक्रम सञ्चालन गर्न खर्चिलो,

३. १० कक्षा उत्तीर्ण विद्यार्थीहरू अन्य शहरीक्षेत्रमा अध्ययन गर्न जाने प्रवृत्ति

४. अभिभावकको अधिक चासो र विद्यार्थीको रुचीलाई सम्बोधन गर्न नसकिएको अवस्था ।

### ३.४.४ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,

२. पालिका भित्र एउटा प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने,

३. प्राविधिक तथा व्यावसायिक सिप विकासका अवसरलाई सान्दर्भिक र गुणस्तरीय बनाउनु,

४. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति अभिभावक सचेतना जगाई न्यूनतम लगानीको वातावरण तयार गर्नु,

५. पढ्दै कमाउदै कार्यक्रमलाई व्यवसायिक शिक्षासँग आबद्ध गर्ने,

६. निर्वाहमुखी कृषिलाई व्यावसायिक तर्फ रुपान्तरण गर्न विद्यालयहरूमा पढ्दै कमाउदै कार्यक्रमलाई नीतिगत रूपमै व्यवस्थित गर्ने,

७. पढ्दै कमाउदै कार्यक्रमलाई विद्यार्थीको दिवा खाजा व्यवस्थापनमा आवद्ध गराउने,

८. स्थानीय विज्ञको उपयोग गरी परम्परागत सिपलाई विद्यार्थीहरूमा पुस्तान्तरण गर्नु,

९. माध्यमिक तथा आधारभूत विद्यालयहरूमा एक विद्यालय एक करेसावारी र एक फूलबारी अभियान सञ्चालन गर्नु,

१०.सामुदायिक विद्यालयमा छोटो अवधिका तालिमहरू सञ्चालन गरी युवाहरूमा स्वरोजगारका अवसर सिर्जना गराउनु,

११. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदसँगको सम्बन्धनबाट नगरपालिका भित्र सर्भे इन्जिनियरिङका कक्षाहरू सञ्चालन गर्ने,

१२. कक्षा ११ र १२ मा कम्प्युटर विज्ञान तथा होटेल म्यानेजमेन्टका कक्षा सञ्चालन गर्न सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई प्रेरित गर्नु ।

### ३.४.५ रणनीतिहरू

१. स्थानीय तहमा प्राविधिक र व्यावसायिक शिक्षाको अध्ययनको अवसर सिर्जना गर्ने,

२. स्वरोजगार एवम् आयआर्जनका केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता वृद्धि गर्ने,

३. एक पालिका एक प्राविधिक धारको विद्यालयको सञ्चालन गर्ने,

४. प्राविधिक शिक्षा अन्तर्गत सर्भे इन्जिनियरिङका कक्षा सञ्चालन गर्न चाहने विद्यालयसँग प्रस्तावना माग गरी सम्बन्धनका लागि पहल गर्ने,

५. वडास्तरमा लिडर र फिडर विद्यालयको रूपमा कलष्टर बनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने,

६. प्रत्येक विद्यालयमा फूलबारी र करेसाबारीको व्यवस्था गर्ने,

७. पढ्दै कमाउदै कार्यक्रमका लागि विद्यार्थी तथा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने,

८. विद्यालय आय आर्जन कार्यक्रमका लागि विद्यार्थीहरूको समूह बनाइ (बिउ पुँजी) अनुदान उपलब्ध गर्ने,

९. पढ्दै कमाउदै कार्यक्रमका लागि पालिका भित्रका शिक्षा कृषि पशु विकास शाखासँग समन्वय गरी पालिकास्तरीय पढ्दै कमाउदै कार्यक्रमको कार्यविधि बनाई कार्यान्वयन गर्ने,

१०. विद्यालयमा आधारित छोटो अवधिका तालिम सञ्चालनका लागि प्रक्रिया अगाडी बढाउने,

११. परम्परागत सिप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्ने,

१२. कक्षा ११ १२ मा कम्प्युटर विज्ञान होटेल म्यानेजमेन्ट जस्ता प्राविधिक व्यवसायिक विषय पढाउन प्रेरित गर्ने ।

### ३.४.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.४.६.१ उपलब्धिहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्

१. विद्यार्थीहरूमा रोजगारी उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुने

२. विद्यार्थीहरूमा गरी खाने शिक्षा सहित जीवनोपयोगी सिप एवम् व्यवहार कुशल सिप हासिल भएको हुनेछ ।

३. विद्यार्थी एवम् घर परिवारका सदस्यको जीवनस्तरमा सुधार हुनेछ ।

४. स्थानीय तहमा परम्परागत ज्ञान तथा सिपको युवा पुस्तामा हस्तान्तरण हुनेछ ।

५ विद्यार्थीहरू पालिका भित्रै बसेर प्राविधिक शिक्षा हासिल गर्न सक्नेछन् ।

६ युवाहरूमा स्वरोजगारका लागि आधारभूत सिप तथा दक्षताको विकास हुनेछ ।

७ पढ्दै कमाउँदै कार्यक्रमले सिकाइसँग आयआर्जन तर्फ बालबालिकाहरूको ध्यान जानेछ ।

#### ३.४.६.२ नतिजाहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. आफ्नै घर आँगनमा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको अवसर प्राप्त हुनेछ ।

२. पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीको सिकाइ सामग्रीको खाँचो पूरा हुनेछ ।

३. पढ्दै कमाउदै कार्यक्रमवाट आम्दानी र खर्चको आधारमा बचत गर्ने बानीको विकास हुने

४. निर्वाहमुखी कृषि पेसा व्यवसायिक तर्फ रुपान्तरण हुन थाल्नेछ ।

५. प्रत्येक विद्यालयमा करेसाबारी र फूलबारी तयार भएको हुने छ ।

६. सर्भे इन्जिनियरिङ, कम्प्युटर विज्ञान, होटेल म्यानेजमेन्टका कक्षा सञ्चालन हुँदा कक्षा ११/१२ अध्ययन गर्न पालिका बाहिर जाने विद्यार्थीको सङख्यामा कमी आउनेछ ।

### ३.४.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | पढ्दै कमाउँदै कार्यक्रमका लागि एक विद्यालय एक करेसाबारी र एक विद्यालय एक फूलबारी कार्यक्रम ( विद्यालयस्तर ) | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | ६०० | पालिका | २ |
| २ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन र व्यवस्थापनका लागि नीति निर्माण र समिति गठन ( पालिकास्तर ) | वटा | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका | २ |
| ३ | स्थानीय विज्ञलाई आमन्त्रित स्रोतव्यक्तिको रूपमा परिचालन ( वडास्तर ) | पटक | ३ | ३ | ३ | ३ | २ | १४ | ७०० | पालिका | २ |
| ४ | पढ्दै कमाउँदै कार्यक्रममा लागि विद्यालयलाई अनुदान | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | १२०० | पालिका | २ |
| ५ | पढ्दै कमाउँदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम ( वडास्तर ) | जना | ३ | ३ | ३ | ३ | २ | १४ | ७०० | पालिका | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सिपमूलक र रोजगारमूलक तालिम तथा व्यवहारकुशल सिपको विकास | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | १०० | पालिका | २ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **३५५०** | | |
| ७ | प्राविधिक धारको विद्यालय सञ्चालन | वटा | ० | ० | १ | ० | ० | १ | १४० | संघ | १ |
| ८ | कृषि, स्वास्थ्य तथा सर्भे इन्जिनियरिङका कक्षा सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ | ५००० | संघ | १ |
| ९ | परम्परागत सिप पुस्तान्तरण कार्यक्रम | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | प्रदेश | २ |
| **जम्मा बाह्य स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **५६४०** | | |
| **कुल जम्मा आन्तरिक र बाह्य प्रतिवर्ष बजेट** | | | | | | | | | **९१९०** | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

सिकाइ विभिन्न तरिकाबाट हुने गर्छ । यो निरन्तर र अविछिन्न चलिरहने मानवीय प्रकिया हो । सिकाइ जन्मदेखि मृत्युपर्यन्त चलिरहने भएकोले सिकाइबाट व्यक्तिले आफ्नो जीवनकालागि आवश्यक हुने ज्ञान,सिप र अनुभवहरू प्राप्त गरिरहेका हुन्छन् । जीवनपर्यन्त एवम् आजीवन सिकाइ नै अनौपचारिक शिक्षा हो । विद्यालय संरचनाभन्दा बाहिरबाट प्राप्त हुने यो सिकाइ अति महत्त्वपूर्ण हुने गर्दछ । अनौपचारिक सिकाइका लागि उमेरको सीमा रहदैन । आवश्यकताको आधारमा सबै उमेर समूहका व्यक्तिले विभिन्न माध्यमबाट सिक्ने कार्य ने अनौपचारिक शिक्षा हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर रहि आफ्नो जीवनयापन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभव प्राप्त गर्ने प्रकिया नै अनौपचारिक शिक्षा मार्ग हो। औपचारिक शिक्षाको अवसरवाट वञ्चित रहेका समूह र बिचमा कक्षा छाडेका वा तह पूरा नगरेका लक्षित समूहका लागि आफ्नो जीवनयापनका क्रममा आवश्यक पर्ने सूचना ज्ञान,सिप र अनुभव प्राप्त गर्न यो सिकाइ मार्ग उपयुक्त मानिन्छ । हिजो आज यो मार्गबाट सिक्ने कार्यमा सहजताको लागि दूर एवम् खुला सिकाइको अवसरहरू प्रदान गरिएको छ। यो प्रक्रिया मूलतः जीवनोपयोगी सिप एवम् व्यवहार कुशल सिप र आयआर्जन सिपसँग सम्बन्धित रहेको छ। यद्यपि यो सिकाइ विशेषगरी आधारभूत साक्षरता कक्षा,कार्यमूलक साक्षोत्तर कक्षा एवम् स्वरोजगार केन्द्रित ज्ञान र सिपसँग सम्बन्धित छ।

समुदायको आवश्यतालाई तत्काल र क्रमशः सम्बोधन गर्नका लागि संघ सरकार,प्रदेश सरकारले अनौपचारिक शिक्षा कार्यक्रमलाई उच्च प्राथमिकता दिएको देखिदैन । तथापि विगतदेखि निरक्षर समूहकालागि साक्षरता कक्षा,नव साक्षर समूहकालागि साक्षोतर कक्षा र कार्यमूलक साक्षरता एवम् आयआर्जन केन्द्रित कार्यक्रमहरू निरन्तररूपमा सञ्चालनमा रहेका छन् । ६ वर्ष देखि १४ वर्षका विद्यायल उमेर समहका बालबालिका तथा १५ वर्ष देखि ६० वर्ष सम्मका युवायुवती र प्रौढहरूका लागि क्रमशः अनौपचारिक शिक्षा,विद्यालय साक्षरता कक्षा,साक्षोत्तर कक्षा र आयमूलक एवम् डिजिटल साक्षरता कक्षाहरू सञ्चालन रहेका छन् । ती कार्यक्रमहरूलाई प्रभावकारीरूपमा सञ्चालन गर्न गर्नका लागि यस पालिकामा ६ वटा सामुदायिक सिकाइ केन्द्रको स्थापना भइ सञ्चालन रहेका छन् । सामुदायिक केन्द्रलाई समुदायको लागि आधारभूत ज्ञान,सिप प्रदायक संस्था र सूचना स्रोत केन्द्रको रूपमा स्थापित गर्ने भनिएता पनि सबै सामुदायिक सिकाइ केन्द्रहरू सो भूमिका प्रवाह गर्न सक्षम छैनन् । यद्यपि केही सामुदायिक केन्द्रहरू,नमुना सिकाइ केन्द्रको रूपमा स्थापित भइ समुदायको साथी संस्थाको रूपमा सञ्चालनमा रहेको देखिन्छ ।

आजीवन सिकाइ आफैमा अलग विधि होइन यो त समग्र शिक्षा प्राणालीलाई मार्गनिर्देश गर्ने सिद्धान्त हो। बाल शिक्षादेखि माध्यमिक शिक्षा हुदै उच्च शिक्षा सम्मको सिकाइ हासिल गर्ने क्रममा हरेक व्यक्तिलाई आजीवन सिकाइ कसरी गरिरहने भन्ने ज्ञान र सिप प्रदान गर्न जरुरी हुन्छ

। त्यसकारण आकस्मिक/अरीतिक, अनौपचारिक र औपचारिक सबै माध्यमहरूवाट आजीवन सिकाइको अवसर एवम् अभ्यासलाई सदृढ तुल्याउन आवश्यक छ। मानव जीवनलाई सरल सहज र सफल बनाउनु नै आजीवन सिकाइको मूल ध्येय हो । यसै तथ्यलाई मनन गरेर पालिकाले अनौपचारिक एवम् आजीवन सिकाइ पद्धतिसँग सम्बन्धित कार्यक्रमहरू मार्फत विद्यालय बाहिर रहेका वा विद्यालयमा न्यूनतम आधारभूत तह समेत उत्तीर्ण नभई विद्यालय छाडेका बालबालिका र पालिकाबासी निरक्षर मानिसहरूलाई शिक्षाको अवसर उपलब्ध गराउनु अहिलेको आवश्यकता हो ।

### ३.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न र प्रतिस्पर्धी नागरिक तयार पार्ने कार्य निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण भएसँगै अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश सङ्घीय संरचनामा रुपान्तरण भएसँगै साविकको अनौपचारिक शिक्षा केन्द्रले अगुवाई गरेको अनौपचारिक शिक्षा सम्बन्धी सबै जिम्मेवारी शिक्षा तथा मानवश्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ। प्रदेश सामाजिक विकास मन्त्रालय र सो अन्तर्गतको शैक्षिक योजना तथा अनुसन्धान शाखा रहेता पनि शाखाको कार्यविवरणमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग विषयले स्थान प्राप्त गरेको छैन। स्थानीय तहमा समेत यस कार्यक्रमले प्राथमिकता प्राप्त नगरेको सन्दर्भमा अबका दिन यसको महत्त्व र औचित्य बारे स्थानीयस्तरमा स्पष्ट गर्न जरुरी देखिन्छ। सूचना तथा प्रविधिको विकाससँगै विश्व परिवेश र व्यक्तिको जीवनमा आएको परिवर्तन र आवश्यकतालाई सम्बोधन गर्न विपत् जोखिमको अवस्था विद्यमान रहेको सन्दर्भमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको आवश्यकतालाई नागरिकको घरआँगन र टोल बस्तीसम्म निरन्तर सिकाइको अवसर प्रदान गर्न जरुरी छ ।

### ३.५.३ अवसर र चुनौतीहरू

**क) अवससर**

१. पालिका भित्र ६ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना भएका र सञ्चालनमा रहेका छन् ।

२. नगपालिकाको साक्षरता प्रतिशत ८५ .६ रहेको छ ।

३. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइका लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको

४. सिपमूलक तालिम दिई पिछडिएका समुदायका मानिसहरूमा सिपको विकास गरिएको
५. साक्षरता कार्यक्रममा आमा समूह टोल सुधार समितिलाई समेत समन्वय गराउने प्रयास भएको

**ख) चुनौतीहरू**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँचको सुनिश्चितता
२. सबै वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन
३. अनौपचारिक शिक्षालाई दैनिक जीवनसँग सम्बद्ध गराउनु
४. सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको सवलीकरण
५. नव साक्षर आमाहरूका लागि आय आर्जन केन्द्रित एवम् स्वरोजगार केन्द्रित सिपमूलक तालिम एवम् सिकाइ
६. पालिका भित्रका परम्परागत ज्ञान तथा सिपमा पारङ्गत अनुभवी व्यक्तिहरूको पहिचान र परिचालन
७. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सूचना एवम् सिकाइ स्रोतकेन्द्रको रूपमा सञ्चालन

### ३.५.४ उद्देश्यहरू

१. सबै पालिकाबासीका लागि साक्षरता कक्षा, निरन्तर शिक्षा,आजीवन सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु,
२. सबै वडामा कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्नु,
३. नगरपालिका भित्र रहेका परम्परागत ज्ञान,सिप र सिकाइ अनुभवको पहिचान र परिचालन गरी पुस्तान्तरण गर्नु,
४. तह पूरा नगरेका र बिचमा कक्षा छाडेका बालबालिका पहिचान र विद्यालयमा पुनः भर्ना गराउनु,
५. तीन वर्ष भित्रमा एउटा समुदायिक सिकाइ केन्द्रलाई नमुना सिकाइ केन्द्रको रूपमा स्थापित गर्नु,
६. विभिन्न लक्षित समूहका व्यक्तिहरूलाई स्वरोजगार केन्द्रित ज्ञान र सिप प्रदान गर्नु,
७. नवसाक्षरहरूलाई जीविकोपार्जनका गतिविधिहरूमा सहभागितामा वृद्धि गर्न,
८. बालबालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु,
९. सामुदायिक सिकाइ केन्द्रलाई वडास्तरमा सूचना केन्द्रको रूपमा विकास गर्नु,
१०. नगरपालिकाको साक्षरता प्रतिशत सतप्रतिशत पुऱ्याउनु ।

### ३.५.५ रणनीतिहरू

१. "एक वडा एक सामुदायिक सिकाइ केन्द्र" अभियान सञ्चालन गर्ने,
२. "एक पालिका एक नमुना सामुदायिक सिकाइ केन्द्र" स्थापना गर्ने,
३. सामुदायिक सिकाइ केन्द्रको सवलीकरणका लागि गैह्र सरकारी संस्थासँग समन्वय र सहकार्य गर्ने,
४. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सूचना केन्द्रको रूपमा विकास गर्ने,
५. विद्यालय बाहिर रहेका बालबालिका र कक्षा छाड्ने बालबालिकाको पहिचान र विद्यालय भर्ना प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
६. पालिकाभित्र रहेका निरक्षरहरूको पहिचान गरी उनीहरूका लागि साधारण साक्षरता कक्षा र डिजिटल साक्षरता कक्षा सञ्चालन गर्ने,
७. नवसाक्षरहरूका लागि निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
८. सामुदायिक सिकाइ केन्द्रलाई आयमूलक एवम् आजीवन सिकाइ केन्द्रको रूपमा विकास गर्ने,
९. पालिकाभित्रका परम्परागत ज्ञान तथा सिप भएका विज्ञ व्यक्तिहरूको सिप नयाँ पुस्तमा पुस्तान्तरण गर्ने,

### ३.५.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.५.६.१ उपलब्धि

**योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्-**

१. सबै नागरिकहरूमा साक्षरता कक्षा,निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त हुने छ
२. सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुने छन् ।
३. सबै वडमा भएका सामुदायकि सिकाइ केन्द्रहरू सूचना केन्द्रका रूपमा समेत कार्य गर्न सक्षम हुने छन् ।
४. नगरपालिकाको साक्षरता प्रतिशत सतप्रतिशत हुने छ ।

#### ३.५.६.२ नतिजाहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. पालिकाका सबै वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना भएको हुने छ ।
२. अनौपचारिक शिक्षा कार्यक्रमलाई पालिकाले उच्च प्राथमिकता दिएको हुने छ ।
३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूले साक्षरता कक्षाको अवसर प्राप्त गरेका हुने छन्

४. बिचमा कक्षा छाडेका बालबालिकाहरू पुनः विद्यालय भर्ना भएका हुने छन् ।

५. निरक्षर रहेका पालिकाबासीहरूले साक्षरता कक्षाको माध्यमबाट साक्षर हुने छन् ।

६. पालिकामा एक नमुना सामुदायिक सिकाइ केन्द्र स्थापना भएको हुने छ ।

७. नव साक्षरहरूमा डिजिटल साक्षरता सम्बन्धी ज्ञान र सिप समेत उपलब्ध हुने छ ।

८. पालिका भित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको सवलीकरण भएको हुने छ

९. नवसाक्षरहरूले आय आर्जन सम्बन्धी ज्ञान सिप प्राप्त गर्ने छन् ।

१०. सामुदायिक सिकाइ केन्द्र सामुदायिक सूचना केन्द्रको रूपमा स्थापित हुने छन् ।

११. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि साझेदारीको प्रारूप तयार हुने छ ।

### ३.५.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | नयाँ सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन (वडास्तर) | वडा | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| २ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५० | पालिका र गैसस | २ |
| ३ | निरक्षर व्यक्तिको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका | २ |
| ४ | साधारण साक्षरता कार्यक्रम सञ्चालन (समुदायस्तर) | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | १५०० | पालिका | २ |
| ५ | लक्षित बालबालिकाहरूको पहिचान र भर्ना | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | पालिका | १ |
| ६ | नमुना सामुदायिक सिकाइ केन्द्र स्थापना | वटा | ० | ० | १ | ० | ० | १ | २०० | पालिका | २ |
| ७ | परम्परागत सिप तथा ज्ञान पहिचान तथा पुस्तान्तरण | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | पालिका | २ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **३१५०** | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन | वटा | २ | ३ | ३ | ३ | ३ | १४ | १४० | संघ | १ |
| १० | अनौपचारिक कक्षा सञ्चालन | वटा | २ | ३ | ३ | ३ | ३ | १४ | ७०० | संघ | १ |
| ११ | डिजिटल साक्षरता कक्षा सञ्चालन | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | संघ | २ |
| १३ | सिपमूलक तथा आयमूलक तालिम | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | प्रदेश | १ |
| १४ | साक्षर पालिका घोषणा | पटक | ० | ० | ० | ० | १ | १ | २०० | संघ र प्रदेश | २ |
| **जम्मा बाह्य स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **२२९०** | | |
| **कुल जम्मा आन्तरिक र बाह्य प्रतिवर्ष बजेट** | | | | | | | | | **५४४०** | | |

# परिच्छेद चार

# ४. अन्तरसम्वन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

विद्यालय शिक्षाको मेरुदण्ड पाठ्यक्रम हो । पाठ्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्दछ । पाठ्यक्रम शिक्षा पद्धतिलाई मार्गनिर्देश गर्ने एक महत्त्वपूर्ण औजार समेत हो । पाठ्यक्रमले राष्ट्रको शिक्षालाई कुन पथमा लैजाने भनी निर्देश गरेको हुन्छ । विद्यार्थीहरूको सिकाइ आवश्यकताका आधारमा कक्षागत, विषयगत र तहगतरूपमा के सिकाउने? कति सिकाउने ? कसरी सिकाउने ? किन सिकाउने ? के कति सिक्न सके वा सकेनन्? भन्ने जिज्ञासाहरूलाई सहज र स्वभाविकरूपमा सम्बोधन गर्दै विद्यार्थीहरूमा न्यूनतम सक्षमताहरू हासिल गर्ने गराउने मुख्य आधार सामग्री हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट प्राप्त हुने ज्ञान, सिप र अभिवृद्धि एवम् सिकाइ अनुभवहरूले नागरिकलाई घर, परिवार, समुदाय, प्रदेश, राष्ट्र र विश्व परिवेश अनुकूल आफूलाई समायोजन गर्न स्वरोजगार तथा रोजगारी प्राप्त गर्न पेसा एवम् व्यवसायको छनौट गरी सञ्चालन गर्न आर्थिक र सामाजिक कार्यहरूमा सरिक हुन सहयोग गर्न सक्नुपर्छ। पाठ्यक्रम निश्चित मूल्य र मान्यताका आधारमा विकास र निर्माण गरिने हुनाले सामाजिक मूल्य र मान्यतालाई आत्मसात गर्दै विभेद रहित समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न एकअर्काको अधिकार र कर्तव्य प्रति सजक र सचेत रहन सिर्जनात्मक र तथ्यपरकढङ्गबाट सोच्न र निर्णय गर्न सक्ने नागरिक तयार गर्न सक्नुपर्छ। पाठ्यक्रम मानविय आवश्यकता सामाजिक संचरना र मूल्य मान्यता बालबालिकाको क्षमता र रुची स्थानीय ज्ञान, सिप र अनुभव सहित विश्व परिवेशमा विकास भएका, सिप र प्रविधि अनुकुल एक गतिशिल र लचिलो एवम् विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न सक्ने हुन आवश्यक छ।

पुतलीबजार नगरपिलकामा परम्परागत गुरुकुलमा आधारित संस्कृत गुरुकुलम, मुस्लिम समुदायका लागि सञ्चालित मदरसा कक्षाहरू, प्राविधिक शिक्षा अन्तर्गत सिभिल इन्जिनियरिङ शिक्षा र साधारण धारमा आधारित विद्यालय शिक्षा अन्तर्गत आधारभूत तह कक्षा (१-३), कक्षा (१-५), कक्षा (१-८) र माध्यमिक तह कक्षा (१-१०), कक्षा (१-१२) सम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

विद्यालय संरचनामा भएको परिवर्तनसँगै हाल प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा आठसम्म आधारभूत शिक्षा र कक्षा ९ देखि कक्षा १२ सम्म माध्यमिक शिक्षा कायम गरिएको छ। यद्यपि देशमा सङ्घीय शासन प्रणालीमा लागु भएपश्चात विद्यालय शिक्षाको संरचनामा परिर्वतन भएको छैन र जुन समय सापेक्ष पुनर्संरचना हुनु आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तह एवम् सरकारलाई प्रदान गरेको छ। सङ्घीय शिक्षा विधेयक विचाराधिन अवस्थामा रहेको र स्थानीय सरकारबाट जारी शिक्षा ऐन र नियमहरूले पूर्णता नपाएको सन्दर्भमा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट शिक्षा सम्बन्धी हक, निर्देशन सिद्धान्त र नीतिहरूको कार्यान्वयन गरी शिक्षालाई समयानुकूल सान्दर्भिक, व्यवहारिक एवम् व्यवसाय र स्वरोजगार एवम् रोजगारमुखी बनाउन सूचना तथा प्रविधिको क्षेत्रमा भएको विकासलाई आत्मसाथ गरी आवश्यकता अनुसार स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूलको शिक्षा प्रदान गर्न र स्थानीय विविधतालाई सम्मान गर्ने शिष्ट, संस्कारयुक्त, चरित्रवान, सिर्जनशील र समालोचनात्मक चेत भएका लोकतान्त्रिक पद्धति प्रति प्रतिबद्ध नागरिक तयार गर्नका लागि पाठ्यक्रममा क्रमिक सुधार तथा कार्यान्वयन आवश्यक छ।

### ४.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास कक्षा देखि कक्षा १२ सम्मको पाठ्यक्रम विकास नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रको अगुवाईमा हुनेगर्छ। सोही अनुरूप राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ निर्माण भइ २०७७ देखि क्रमशः लागू भइ २०८० सम्ममा सबै कक्षा (१-१२) सम्म कार्यान्वयन भइसकेको छ। यस नगरपालिकाले पनि नेपाल सरकारबाट स्वीकृति प्राप्त पाठ्यक्रम लागू गरेको छ। त्यस्तै गरी कक्षा १ देखि ८ सम्मका कक्षाहरूमा स्थानीय पाठ्यक्रम विकास गरी लागु गर्ने नीतिगत प्रावधान भए बमोजिम शैक्षिक सत्र २०८० मा स्थानीय तहबाट स्थानीय पाठ्यक्रम तथा शैक्षिक सत्र २०८० देखि हाम्रो पुतलीबजार (१-८) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम कक्षा (१-३) को पाठ्यघण्टा ५, कक्षा (४-५) र कक्षा (६-८) को पाठ्यघण्टा ४/४, कक्षा (९-१०) मा ऐच्छिक प्रथम र द्धितीयको पाठ्यघण्टा ४/४ र कक्षा (११-१२) मा ऐच्छिक प्रथम द्धितीय र तृतीयको पाठ्यघण्टा ५/५ रहेको छ। कक्षा (१-३) मा शतप्रतिशत आन्तरिक मूल्याङ्कनको प्रावधान राखिएको छ । नेपाल सरकारको परिपत्र अनुसार कक्षा (४-५) मा समेत शतप्रतिशत आन्तरिक मूल्याङ्कन गरिने व्यवस्था रहेको छ । कक्षा ६ देखि ८ सम्म आन्तरिक मूल्याङ्कन ५० प्रतिशत र वाह्य मूल्याङ्कन ५० प्रतिशतको प्रावधान राखिएको छ । कक्षा (९-१२) मा आन्तरिक मूल्याङ्कनको लागि २५ प्रतिशत र वाह्य मूल्याङ्कनका लागि ७५ प्रतिशतको प्रावधान राखिएको छ । ३२ कार्यघण्टा बराबर १ पाठ्यघण्टा मानिएको छ ।

६० मिनेट वरावरको एक कार्यघण्टा कायम गरिएको छ र विद्यालयले वार्षिक कार्य घण्टामा असर नपर्ने गरी पिरियडको समय व्यवस्थापन गर्न सकिने व्यवस्था समेत गररिएको छ । पाठ्यक्रममा निर्णयात्मक मूल्याङ्कनको लागि विद्यार्थी उपस्थिति न्युनतम ७५ प्रतिशत कायम गरिएको छ । शैक्षिक सत्रको अन्तमा लिईने परीक्षालाई हेर्दा आधारभूत शिक्षा परीक्षा (कक्षा ८) सम्बन्धित पालिकाबाट, माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) सम्बन्धित प्रदेशवाट र एस. एस. सी. (कक्षा १२) सङ्घबाट गरिने प्रावधान रहेको छ भने अन्य सबै कक्षाको परीक्षा सम्बन्धित विद्यालयले गर्ने प्रावधान रहेको छ । यद्यपि यस पालिकाले कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि नगरस्तरीय परीक्षा समितिले आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन कार्यविधिका आधारमा परीक्षा सञ्चालन व्यवस्थापन परीक्षाफल प्रकाशन तथा विश्लेषणको काम गर्ने गरेको छ ।

### ४.१.३ अवसर र चुनौतीहरू

**क) अवसर**

१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक " हाम्रो पुतलीबजार (१-८)" आफ्नै जनशक्ति र विज्ञता प्रयोग गरी निर्माण वितरण एवम् कार्यान्वयन,

२. स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि स्थानीय पठ्यक्रममा आधारित सिकाइ सहजीकरण स्रोत सामग्री (१-८) विकास प्रकाशन र वितरण,

३. एकिकृत पाठ्यक्रम सम्बन्धी क्षमता विकास,

४. हाम्रो पुतलीबजार स्थानीय पाठ्यक्रम अध्यापन गर्ने विषय शिक्षकको लागि अभिमुखीकरण कार्यक्रम,

५. प्रारम्भिक बाल कक्षा शिक्षकहरू लागि आधारभूत र पुर्नताजगी तालिम,

६. सबै तहगत र विषयगत शिक्षकका लागि नयाँ पाठ्यक्रमको प्रबोधीकरण,

७. कक्षा र विषय शिक्षकका लागि आन्तरिक मूल्याङ्कन र वाह्यमूल्याङ्कन सम्बन्धी क्षमता विकास,

८. प्रश्नपत्र निर्माण एवम् उत्तरपुस्तिका परीक्षण सम्परीक्षण सम्बन्धी क्षमता विकास,

९. स्थानीय पाठ्यक्रम हाम्रो पुतलीजारको विशिष्टीकरण तालिका कक्षा (१-८) को विकास

१०. तहगत र विषयगत शिक्षकहरूका लागि शैक्षिक सामग्री संकलन निर्माण र प्रयोग सम्बन्धी क्षमता विकास,

११. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने प्रयास

**ख) चुनौतीहरू**

१. पाठ्यक्रममको उपलब्धता

२. स्थानीय पाठ्यक्रमको छपाइ, पाठ्यपुस्तकको विकास प्रकाशन र वितरण

३. एकीकृत पाठ्यक्रमको पूर्ण उपयोग

४. मूल्याङ्कनलाई सिकाइ क्रियकलापको अंगका रूपमा स्वीकार र कार्यान्वय

५. शिक्षकको क्षमता विकास

६. विद्यालयगत विषगत शिक्षकको दरबन्दीको व्यवस्था

७. आर्थिक लगानी

**४.१.४ उद्देश्यहरू**

१. विद्यालयतहका लागि स्वीकृत पाठ्यक्रम २०७६ लाई पूर्णरूपमा कार्यान्वयन गर्नु,

२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक (१-८) विकास परिमार्जन र कार्यान्वयन गर्नु,

३. तहगत र विषयगत शिक्षकहरूमा नवीनतम शिक्षण विधिमा निपुण बनाउनु,

४. विद्यार्थी मूल्याङ्कन एवम् प्रश्न पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण सम्परीक्षण सम्बन्धी क्षमता विकासको अवसर प्रदान गर्नु

५. स्थानीय विषयका शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीसँग परिचित हुने अवसर प्रदान गर्नु,

६. कक्षा (१-८) का सबै बालबालिकाहरूमा एक एक सेट स्थानीय पाठ्यसामग्री उपलब्ध गराउनु,

७. एकीकृत पाठ्यक्रमको पूर्ण रूपमा कार्यान्वयन गरी आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउनु,

८. निर्माणात्मक मूल्याङ्कन प्रणालीको प्रभावकारिताको अभिवृद्धि गर्नु र यसलाई शिक्षण तथा सिकाइसँग आबद्ध गर्नु,

९. एकीकृत पाठ्यक्रमको पूर्णरूपमा कार्यान्वयन गरी आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउने

### ४.१.५ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप पाठ्यक्रमको पूर्ण रूपमा कार्यान्वयन गर्ने,

२. स्थानीय पाठ्यक्रम कक्षा (१-८) समय सापेक्ष परिमार्जन र पाठ्यसामग्री कक्षा (१-८) विकासका गरी कार्यान्वयन गर्ने,

३. सबै तह र विषयका मागमा आधारित तालिम र कार्यशाला सञ्चालन गर्ने,

४. नगरपालिकास्तरमा विषयगत र तहगत शिक्षक सिकाइ समूह गठन र परिचालन गर्ने,

५. वडास्तरमा लिडर विद्यालय र फिडर विद्यालयको अवधारणालाई लागू गर्ने,

६. विद्यालयस्तरमा विद्यार्थी सिकाइ समूह गठन गरी सहपाठी सिकाइ पद्धति अभिवृद्धि गर्ने,

७. सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि उपचारात्मक एवम् वैकल्पिक सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

८. स्थानीय विषय एवम् पाठ्यसामग्रीको नमुना शिक्षणका लागि अनुभवी स्थानीय नागरिक परिचालन गर्ने,

९. कक्षा कोठामा शिक्षण सिकाइका लागि सूचना तथा प्रविधि मैत्री वातावरण विकास गर्ने,

१०. गृह कार्य र परियोजना कार्यलाई व्यवहार कुशलसिप एवम् जीवन उपयोगी सिपसँग आवद्ध गर्ने,

११. अभिभावक शिक्षा कार्यक्रमलाई पालिका स्तरीय अभियानको रूपमा सञ्चालन गर्ने,

१२. विद्यार्थी मूल्याङ्कन डायरी एवम् शिक्षकको लागि दैनिक कार्यपुस्तिका अनिवार्य गर्ने,

१३. कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनलाई अभियानको रूपमा सञ्चालन गर्ने,

१४. आन्तरिक मूल्याङ्कन एवम् निरन्तर मूल्याङ्कन पद्धतिलाई अनिवार्य रूपमा लागू गर्ने,

१५. कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनका तहगत र विषयगत विज्ञ तथा विद्यालय अनुगमन र सुपरीवेक्षणका लागि जेनरिक समूह परिचालन गर्ने,

१६. नगरपालिकास्तरमा विद्यार्थीहरूका लागि प्रतिभा पहिचान प्रतियोगीता एवम कार्यक्रम सञ्चालन गर्ने,

१७. अन्तर विद्यालय असल अभ्यास एवम् सिकाइ अनुभव साटासट कार्यक्रम सञ्चालन गर्ने,

१८. कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको आन्तरिक मूल्याङ्कनका लागि मूल्याङ्कन सामग्री प्रकाशित गरी वितरण गर्ने,

### ४.१.६ उपलब्धि नतिजा र प्रमुख कियाकलाप तथा लक्ष्य

#### ४.१.६.१ उपलब्धिहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्-

१. शिक्षकहरू उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीको छनौट र प्रयोगमा सक्षम भएको हुने छन्-

२. अभिभावकहरू विद्यालयप्रति सकारात्मक र आफ्ना बालबालिका प्रति जिम्मेवार हुने छन् ।

३. सिकारुहरूको सिकाइ उपलब्धिस्तरमा अपेक्षित सुधार भएको हुने छ ।

४. सिकाइ बालबालिकाको जीवनपद्धतिसँग आवद्ध भएको हुने छ ।

५. आधारभूत सक्षमता एवम् न्यूनतम ज्ञान र सिप सहित सुझबुझ भएको सिकारु उत्पादन भएको हुने छ ।

६. सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरूको पहुँच पुगेको हुने छ ।

७. विद्यार्थी मूल्याङ्कन तथा अभिलेखीकरणको वैज्ञानिक व्यवस्था हुने छ ।

#### ४.१.६.२ नतिजाहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कक्षा (१-८) निर्माण र समय सापेक्ष परिमार्जन भएको हुने छ ।

२. स्थानीय पाठ्यसामग्री कक्षा (१-८) विकास र सबै विद्यार्थीहरूमा एक/एक सेट उपलब्ध भएको हुने छ ।

३. शिक्षकहरबीच सिकाइ अनुभव र शिक्षण सिप प्राप्तिको लागि सकारात्मक वातावरण तयार भएको हुने छ ।

४. विद्यार्थीहरूमा सिकाइ सहायता सहित साथी सिकाइको वातावरण तयार भएको हुने छ ।

५. विद्यालयहरू बिच लिडर र फिडर विद्यालयको रूपमा सम्बन्ध स्थापित भइ एक आपसमा सिकाइ संस्कारको वातावरण कायम भएको हुने छ ।

६. विद्यार्थीहरू स्थानीय ज्ञान, सिप र अभ्याससँग परिचित भई प्रयोगको वातावरण विकास भएको हुने छ ।

७. राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनका लागि परिमार्जित पाठ्यक्रम विकास, अभिमुखीकरण र विद्यार्थी मूल्याङ्कन मापदण्ड विकास हुने छ ।

८. सूचना प्रविधिमा आधारित पाठ्यसामग्री विकास भइ विद्यार्थीका लागि सहज पहुँच हुने ।

९. आन्तरिक मूल्याङ्कन व्यवहारिक र वैज्ञानिक हुने छ ।

### ४.१.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | स्थानीय पाठ्यक्रम हाम्रो पुतलीबजार परिमार्जन तथा कार्यान्वयन | पटक | ० | ० | ० | १ | ० | १ | २०० | पालिका | १ |
| २ | स्थानीय पाठ्यक्रम हाम्रो पुतलीबजार अभिमुखीकरण कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | २ | ३०० | पालिका | १ |
| ३ | स्थानीय पाठ्यक्रमको छपाइ र पाठ्यक्रममा आधारित पाठ्यपुस्तक (१-८) विकास र छपाइ र निशुल्क वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ८००० | पालिका | २ |
| ४ | शिक्षकको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| ५ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | २ |
| ६ | असल अभ्यास आदानप्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| ७ | कक्षा अवलोकन तथा नमुना पाठ प्रदर्शन र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | २ |
| ९ | परियोजनामा आधारित सिकाइको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| १० | आन्तरिक मूल्याङ्कन सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | विद्यालय | १ |
| ११ | कक्षा १-५ का लागि थिमगत मूल्याङ्कन पुस्तिका विकास र प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | पालिका | १ |
| १२ | आधुनीक शिक्षण विधि तथा प्रविधि सम्बन्धी सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| १३ | सामुदायिक विद्यालयहरूका लागि आवधिक परीक्षा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | २००० | पालिका र विद्यालय | १ |
| १४ | विद्यार्थीको प्रतिभा प्रष्फुटन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| १५ | शिक्षक सिकाइ समूह गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | शिक्षक | १ |
| १६ | विद्यार्थी सिकाइ समूह गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय विद्यार्थी | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शिक्षक प्रतिविम्बन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ० | शिक्षक विद्यालय | १ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **२१०००** | | |
| १२ | शिक्षकको क्षमता विकास तथा पेसागत सहायता | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | प्रदेश | १ |
| १३ | उपचारात्मक शिक्षण एवम् वैकल्पिक शिक्षण सिकाइ सम्बन्धी प्रशिक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | सङ्घीय सरकार | १ |
| १४ | एकीकृत पाठ्यक्रम सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | सङ्घीय सरकार तथा गै स स | २ |
| **जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **२५००** | | |
| आन्तरिक र बाह्य गरी जम्मा | | | | | | | | | **२३५००** | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका विभिन्न पक्षहरू मध्ये एक महत्त्वपूर्ण पक्ष शिक्षक हो । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिकरूपमा दक्ष, पेसाप्रति प्रतिवद्ध, स्वउत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही र जिम्मेवार हुनु अनिवार्य छ । शिक्षकमा भएको विषयवस्तु सम्बन्धी पर्याप्त ज्ञान, शिक्षण सिकाइ सहजीकरण सिप एवम् कक्षा सञ्चालनमा दक्षता र व्यक्तित्व प्रदर्शनले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पर्दछ । बालबालिकाको भावी जीवनलाई निर्देश गर्न र देशको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकास गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमले तोकेका सक्षमता सबै शिक्षकमा अनिवार्य रूपमा हुनुपर्दछ

शिक्षकहरू नै परिवर्तनका संवाहक हुने भएकोले सभ्य, सुसंस्कृत र शिक्षित समाज निर्माण र समाज रुपान्तरणमा शिक्षकको योगदानलाई नजर अन्दाज गर्न सकिँदैन । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एक अर्काको पर्याय हुन् । आधारभूत तहदेखि माध्यमिक तह सम्मको शिक्षामा योग्य, दक्ष, अभिप्रेरित र चरित्रवान शिक्षकको व्यवस्थापनवाट नै विद्यालय शिक्षाको गुणस्तर सुनिश्चित हुन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक हुन्छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर र संस्थागत सक्षमताका लागि आवधिक शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षकको व्यवस्थापन र पेसागत क्षमता विकास र दक्षता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

वर्तमान समयमा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालयहरू र सो अन्तर्गतका क्याम्पसहरूबाट भएका छन् । शिक्षक अध्यापन अनुमति पत्रको व्यवस्था र परीक्षा सञ्चालन, शिक्षकको पदपूर्तिका लागि परीक्षा सञ्चालन र नियुक्तिका लागि सिफारिस, बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिको लागि सिफारिस भएका शिक्षकहरूको नियुक्ति सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईबाट भएपश्चात् सम्बन्धित पालिकाबाट पदस्थापन हुने गरेको छ। त्यस्तै गरी कुनै कारणवस रिक्त भएका पदहरूमा तत्काल करार शिक्षक नियुक्त गर्नका लागि विद्यालयहरूलाई शिक्षा शाखाले अनुमति प्रदान गरी शिक्षक छनौट समिति मार्फत करार शिक्षक छनौटको कार्य सञ्चालन हुँदै आएको छ । शिक्षकको पेसागत दक्षता र क्षमताका विकासका लागि आवश्यक नीति तथा कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गर्ने र सोको कार्यान्वयनका लागि प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानवश्रोत विकास केन्द्र र शिक्षकको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम कार्यक्रमहरू प्रदेशस्तरका शैक्षिक तालिम केन्द्रहरूले गर्दै आएका छन । यद्यपि न्यून दरबन्दी र शिक्षक अपर्याप्त भई निजीरूपमा सञ्चालित विद्यालयहरूमा कार्यरत शिक्षकहरूका लागि

शिक्षण सिकाइ सहजिकरण सिप सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न एवम् बालबालिकाहरूको सिकाइ निरन्तरताकालागि नगरपालिकास्तरबाट र स्वयं विद्यालयबाट निजी स्रोतबाट व्यवस्था गरिएका स्वयंसेवक शिक्षक शिक्षण सहजकर्ता/निजी शिक्षकहरूका लागि छोटो अवधिका अभिमुखीकरण र कार्यशाला नगरपालिकास्तरबाट पनि हुने गरेका छन् ।

यद्यपि शिक्षक तयारी कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन सकिएको छैन । शिक्षक तयारीको क्षेत्रमा कार्यरत सरकारका निकायहरूबिच समन्वय र सहकार्य हुन सकेको छैन । सेवा प्रवेश एवम् कार्यरत शिक्षकहरूको प्रकृतिलाई हेर्दा स्थायी, अस्थायी, राहत अनुदान, शिक्षण सहयोग अनुदान, विशेष शिक्षा परिषद अन्तर्गत शिक्षक अनुदान, प्रारम्भिक बाल विकास शिक्षक, प्राविधिक धारअन्तर्गत प्रशिक्षक, निजी र स्वयंसेवक शिक्षक आदि रहेका छन् । ती शिक्षकहरूको सेवा सर्त र सुविधा पनि फरक फरक रहेको छ । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन एवम् सेवा सुविधा पनि सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन । अतः शिक्षा योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षण पेसालाई आकर्षक र पहिलो रोजाईको रूपमा मार्ग प्रशस्त गर्ने, शिक्षण सिकाइ सहजिकरण कार्यलाई थप प्रभावकारी बनाउने, विपत् जोखिम एवम् प्रसुती अवधिमा सिकाइ निरन्तरताको लागि वैकल्पिक जनशक्तिको परिचालन गर्ने, शिक्षकको पेसागत दक्षता अभिवृद्धि र क्षमता विकासमा विशेष जोड दिने, विद्यार्थीको सिकाइ प्रति थप जवाफदेही बनाउने, जहाँ विद्यार्थी त्यहाँ शिक्षक नीति अनुरूप शिक्षक व्यवस्थापन गर्ने, शिक्षक सिकाइ समूह एवम् सञ्जाल बनाउने जस्ता कार्यलाई प्राथमिकता दिइनेछ ।

### ४.२.२ वर्तमान अवस्था

प्रचलित शिक्षक सेवा नियमावली एवम् शिक्षा ऐन, नियमावली अनुसार दरबन्दी शिक्षक र सरकारी शिक्षकका लागि अध्यापन अनुमति पत्रको अनिवार्यरूपमा लिएको हुनुपर्ने, स्थायी शिक्षकका लागि शिक्षक सेवा आयोगबाट लिईने परीक्षा उत्तीर्ण र सिफारिस भएको हुनुपर्ने, तहगत शिक्षकको वृत्ति विकास एवम् वढुवाको लागि तोकिएको मापदण्ड पूरा गरेको हुनुपर्ने प्रावधान रहेको छ । तुलनात्मकरूपमा चालु दशकमा शिक्षक सेवा आयोगबाट नियमित विज्ञापन परीक्षा र सिफारिस हुने गरेकोले शिक्षण पेसा मर्यादित र आकर्षक भएको, स्थायी प्रक्रियाबाट शिक्षकको पदपूर्ति भएकोले योग्य र दक्ष शिक्षकहरूको पदस्थापन भएकोछ। यद्यपि स्थायी, अस्थायी, करार, राहत अनुदान, शिक्षण सहयोग अनुदान, स्वयंसेवक शिक्षक र सहजकर्ता, शिक्षण सहजकर्ता आदि विविध प्रकारका शिक्षकहरू सामुदायिक विद्यालयमा कार्यरत रहेको र सेवा शर्त र सुविधामा एकरूपता नभएको भन्ने गुनासो आउने गरेको छ ।

पेसाप्रति प्रतिबद्ध दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार ल्याउन सकिन्छ । यसका लागि शिक्षकहरूको पेसागत दक्षता र क्षमता विकासका अवसरहरू उपलब्ध अनिवार्य हुन्छन् । नवीन विधि र प्रविधि, विद्यार्थी मूल्याङ्कन र सिकाइ सहायता, खोज र अनुसन्धान, शिक्षण सिकाइ

सामग्री र सूचना तथा प्रविधिसँग सुपरिचित भइ कक्षाकोठा भित्र गरिने अभ्यासको माध्यमबाट शिक्षक स्वयम् अद्यावधिक हुनका लागि शिक्षक तालिम, कार्यशाला, सेमिनार, कार्यमूलक अनुसन्धान, शिक्षक सिकाइ समूह वा सञ्जाल गठन , असल अभ्यास एवम् सिकाइ अनुभव आदानप्रदान, शिक्षक मेन्टरिङ आदिबाट पेसागत विकासका गतिविधि गरिएको छ । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार ल्याउनका तयार गरिएका सामग्रीहरू (अफलाईन र अनलाईन) संस्थागत वेबपेजवाट सम्प्रेषित भएका छन् । यसको अतिरिक्त सम्बन्धित स्थानीय तह एवम् नगरपालिकाबाट शिक्षकहरूको पेसागत दक्षता एवम् क्षमता विकासका लागि आवश्यक अवसर प्रदान गरिएका पनि छन् ।

यस सन्दर्भमा नगरपालिकाले सबै तहगत र विषयगत शिक्षकहरूको पेसागत दक्षता र क्षमता विकासको लागि पेसागत विकास तथा उत्प्रेणात्मक कार्यक्रम, पाठ्यक्रम प्रवोधिकरण, परीक्षा प्रश्न निर्माण कार्यशाला र सूचना तथा प्रविधि सम्बन्धी क्षमता विकास तालिम र बाल विकास कक्षा शिक्षकका लागि आधारभूत तालिम र कक्षा (१-३) मा अध्यापन गर्ने शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम र मूल्याङ्कन पद्धति सम्बन्धी तालिमको सञ्चालन गरे पश्चात शिक्षकहरूमा थप हौसला र प्रेरणा प्राप्त भएको महसुस गरिएको छ । यद्यपि शिक्षकहरूको माग बमोजिम थप तालिम कार्यक्रम सञ्चालन गरी सिकाइ अवसर प्रदान गर्न आवश्यक छ । तथापि गण्डकी प्रदेश शिक्षा तालिम केन्द्रबाट कोटा पद्धतिमा सञ्चालन भएका विद्यालय व्यवस्थापन र शिक्षकका पेसागत क्षमता अभिवृद्धिका कार्यक्रमले सबै शिक्षकलाई समेट्न सकेको छैन र लामो समय पर्खनु पर्ने अवस्था विद्यमान रहेको छ।

### ४.२.३ अवसर र चुनौतीहरू

**क) अवसर**

१. विद्यालयमा रिक्त भएका स्थायी शिक्षकहरूको विज्ञापन, परीक्षा र नियुक्तिको लागि सिफारिस गर्ने कार्य शिक्षक सेवा आयोगबाट हुने,

२. स्थायी नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूको नियुक्ति सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइबाट हुने,

३. सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति प्राप्त गरेका तहगत र विषयगत शिक्षकहरूको पदस्थापन कार्य नगरपालिकाबाट हुने,

४. नगरपालिका भित्र कार्यरत स्थायी शिक्षकहरूको सरुवा/अवकाश/राजीनामा भए पश्चात रिक्त हुने पदमा पुनः पदपूर्तिका लागि सम्बन्धित नगरपालिकाले सम्बन्धित शिक्षा विकास तथा समन्वय

इकाइमा जानकारी गराइने,

५. दरबन्दी, राहत अनुदान र सङ्घीय शिक्षण सिकाइ अनुदान तथा विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा बाल विकास सहजकर्ताको रिक्त पदका लागि नगरपालिकाले सम्बन्धित विद्यालयको माग अनुसार करार नियुक्तिको खुला प्रतियोगिता गराउनका लागि अनुमति दिने,

६. नगरपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरूमा सञ्चालित कक्षा र अध्ययनरत विद्यार्थी संख्याको आधारमा आफ्नो नगरपालिका भित्रका विद्यालहरूमा शिक्षक समायोजन एवम् व्यवस्थापन,

७. शिक्षण पेसालाई सम्मानित र रोजाईको पेसाको रूपमा स्थापित गर्न शिक्षक सम्मान तथा पुरस्कार कार्यक्रम,

८. शिक्षकको पेसागत दक्षता र क्षमता विकासको लागि अवसर दिइएको,

९. शिक्षकको पेसागत सहयोग र सहायताको लागि विज्ञ सहितको रोष्टर समूह निर्माण र परिचालन,

१०. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध र कार्यान्वयन,

११. पाठ्यक्रमले निर्धारित गरेका सिकाइ उपलब्धिको सुनिश्चित एवम् न्यूनतम सक्षमताहरू हासिल गर्न प्रोत्साहान,

१२. शिक्षण सिकाइ सहजिकरण एवम् क्रियाकलाप बालमैत्री र विद्यार्थी केन्द्रित बनाउन एवम् शिक्षण, सिकाइ क्रियाकलापमा विविधिता ल्याउन शिक्षकको क्षमता विकासको अवसर

१३. विद्यालय समायोजन (मर्ज, तह घटुवा र एकीकरण) र शिक्षक व्यवस्थापन,

१४. सेवा निवृत्त शिक्षकहरूको सम्मान र सिकाइ अनुभवको उपयोग गर्ने वातावरण,

१५. शिक्षण सिकाइ सामग्रीको छनौट र प्रभावकारीरूपमा प्रयोग,

१६. आधारभूत र माध्यमिक तहका लागि विषय शिक्षकहरूको व्यवस्थापन गर्न,

१७. सूचना तथा प्रविधिसम्बन्धी ज्ञान र सिप कक्षाकोठा सिकाइ कार्यमा उपयोग गर्न,

**ख ) चुनौतीहरू**

१. सबै विद्यालयमा विषयगत तथा तहगत शिक्षकको उपलब्धता,

२. स्थायी करार राहत तथा सङ्घीय अनुदानका शिक्षकको व्यवस्था,

३. शिक्षकको पेसागत विकास र क्षमता अभिवृद्धि

४. सत प्रतिशत शिक्षकमा शिक्षकका सक्षमताको विकास,

५. शिक्षकको मनोबल विकास तथा स्वउत्प्रेरणा,

६. न्युन विद्यार्थी भएका विद्यालयमा शिक्षकको व्यवस्थापन,

७. शिक्षकको कार्यदक्षतामा सुधार,,

### ४.२.४ उद्देश्यहरू

१. तहगत, कक्षागत तथा विषयगतरूपमा शिक्षकको व्यवस्थापन गर्नु,

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु.

३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु,

४. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार गर्नु,

५. विषय विज्ञ शिक्षकहरूको रोष्टर समूहद्धारा कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनको अवसर प्रदान गर्नु,

६. सबै तहमा योग्य, सक्षम तथा दक्ष शिक्षकहरूलाई आकर्षित गर्ने र टिकाइराख्न गुणस्तरीय शिक्षक शिक्षा तालिम तथा विकासका कार्यक्रमहरूको अभिवृद्धि गर्नु

७. विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा अवरोध नहोस भन्नका लागि विषयतग शिक्षकहरूको शिक्षक वैंक तयार गर्ने,

८. सबै शिक्षकमा शिक्षकका न्यूनतम सक्षमता प्राप्त गराउने,

९. शिक्षकलाई आधुनीक शिक्षण विधि तथा डिजिटल सिकाइका लागि सक्षम बनाउने ।

### ४.२.५ रणनीतिहरू

१. शिक्षकहरूको व्यवस्थापन विद्यालयमा सञ्चालित कक्षा विद्यालयको आवश्यकता र विद्यार्थी सङ्ख्याको आधारमा गर्ने,

२. विषय विज्ञ शिक्षकहरूको रोष्टर समूह गठन, कक्षा अवलोकन र नमूना पाठ प्रदर्शन लागि

परिचालन गर्ने,

३. शिक्षक सेवा आयोगबाट अस्थायी योग्यता सूचीमा सूचीकृत रहेका सम्बन्धित अन्तर्गतका तहगत र विषयगत शिक्षकहरूलाई अस्थायी करार नियुक्तिको लागि उच्च प्राथमिकता प्रदान गर्ने

४. महिला शिक्षक प्रसुती बिदामा रहेको अवधिमा शिक्षण सिकाइ निरन्तरताको लागि सट्टा शिक्षकको व्यवस्थापन गर्ने,

५. नव प्रवेशी एवम् कार्यरत शिक्षकहरूको पेसागत दक्षता,क्षमता विकासका लागि नवीनतम विधि र प्रविधि सम्बन्धी तालिमको सञ्चालन गर्ने,

६. शिक्षकको उपस्थिति,शिक्षकले कक्षा कोठामा बिताउने समय र कार्यसम्पादन सुधार योजना अनिवार्यरूपमा लागु गर्ने,

७. शिक्षक तथा प्र. अ. को वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरी विद्यार्थीको सिकाइ उपलब्धि र नतिजाप्रति जवाफदेहि हुने पद्धतिको विकास गर्ने,

८. प्र. अ. र शिक्षकहरूका लागि कार्यसम्पादन करार सम्झौताको नीति अवलम्वन लागु गर्ने,

९. विभिन्न सेवाबाट अवकाश प्राप्त अधिकारीहरूलाई विद्यालयमा आमन्त्रित स्रोतब्यक्तिको रूपमा परिचालन गर्ने,

१०. तहगत र विषयगत शिक्षकहरूका लागि सिकाइ उपलब्धि प्रक्षेपण तथा निरन्तर सुधार कार्यान्वयनको नीति अवलम्वन गर्ने,

११.दीर्घसेवा पश्चात अनिवार्य अवकाश प्राप्त शिक्षक एवम् कर्मचारीहरूलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने,

१२. नगरपालिकास्तरमा शिक्षकको पेसागत विकास र क्षमता अभिवृद्धिका लागि शिक्षक पेसागत विकास कार्यविधि निर्माण गरी शिक्षक सहायता पद्धति स्थापित गर्ने,

१३. नगरपालिका र अन्तर नगरपालिकाका असल अभ्यास र सिकाइ अनुभवको अवसर आदानप्रदान गर्ने,

१४. शिक्षक सेवा आयोगबाट सिफारिस र तोकिएको अधिकारीबाट स्थायी नियुक्ति प्राप्त शिक्षकलाई प्रचलित तोकिएको मापदण्ड अनुसार शिक्षक पदस्थापन गर्ने,

२५. समसामयिक र नवीन शिक्षण विधि,प्रविधि तथा डिजिटल सामग्रीसँग परिचित गराउनु र कक्षा शिक्षणमा प्रयोगको वातावरण तयार गर्ने,

१६.विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा अवरोध नहोस् भन्नका लागि विषयगत शिक्षकहरूको शिक्षक वैंक तयार गरी आवश्यकताका आधारमा परिचालन गर्ने,

१७. सबै शिक्षकलाई आधुनिक शिक्षण विधि तथा डिजिटल सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्षम बनाउने ।

### ४.२.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.२.६.१. उपलब्धिहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्-

१. नगरपालिकास्तरमा शिक्षण पेसा सम्मानित तथा जिम्मेवारपूर्ण हुने छ ।

२. प्रशिक्षित सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा अपेक्षित सुधार हुने छ ।

३. सञ्चालित कक्षा सङ्ख्या र अध्ययनरत विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान भइ शिक्षक व्यवस्थापन भएको हुने छ ।

४. प्रभावकारी शिक्षण सिकाइ सहजीकरणका कारण विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा वृद्धि भएको हुने छ ।

५.नवप्रवेशी र कार्यरत शिक्षकहरूको पेसागत दक्षता र क्षमता अभिवृद्धिका लागि नगरपालिकास्तरमा शिक्षक सहायता पद्धतिको विकास र सहायता संस्कृति स्थापित भएको हुने छ ।

६. प्रधानाध्यापक र शिक्षकहरूमा कार्यसम्पादन करार सम्झौता भइ कार्यसम्पादनस्तरमा सुधार भएको हुने छ ।

७.विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा अवरोध नहोस भन्नका लागि विषयतग शिक्षकहरूको शिक्षक वैंक तयार भै आवश्यकताका आधारमा विद्यालयहरूमा परिचालन हुने छ ।

८. सबै शिक्षक सक्षमताले भरिपूर्ण तथा डिजिटल सिकाइका लागि सक्षम हुने छन्

९. शिक्षकमा बाल केन्द्रित विधि तथा आधुनिक सिकाइ सहजीकरण प्रविधिमा निपुणता हुने छ ।

### ४.२.६.२ नतिजाहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. सबै विद्यालयहरूमा न्यूनतम सङ्ख्यामा शिक्षकहरूको पदपूर्ति भएको हुने छ ।

२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुने छ ।

३. नगरपालिकास्तरमा तहगत,विषय शिक्षक एवम् विज्ञहरू रोष्टर समूह गठन,शिक्षकहरूको कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनका लागि परिचालित गरिने छ ।

४. प्रसुती विदामा रहेका शिक्षकहरूको कक्षा सञ्चालन प्रभावित हुन नदिन सट्टा शिक्षकको व्यवस्था हुने छ ।

५. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान भएको हुने छ ।

६. शिक्षक पेसागत सहयोग प्रणाली स्थापना भई प्रभावकारी रूपमा कार्यान्वयन हुने छ ।

७. सतप्रतिशत शिक्षकहरूले डिजिटल सामग्री उत्पादन तथा डिजिटल सिकाइमा सक्षम हुने छन् ।

### ४.२.६.३ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | बाल विकास सहजकर्ताका लागि प्रोत्साहान अनुदान | जना | ७२ | ७२ | ७२ | ७२ | ७२ | ३६० | ३२७६० | पालिका | १ |
| २ | विद्यालय सहयोगीका लागि प्रोत्साहान अनुदान | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | २७३०० | पालिका | १ |
| ३ | विद्यालय कर्मचारीका लागि प्रोत्साहान अनुदान | जना | १७ | १७ | १७ | १७ | १७ | ८५ | ७७३५ | पालिका | १ |
| ४ | माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षक अनुदान | जना | १ | १ | १ | १ | १ | ५ | ३१३५ | पालिका र विद्यालय | २ |
| ५ | माध्यमिक तहमा खेल तथा संगीत/नृत्य शिक्षक | जना | ६ | ६ | ६ | ६ | ६ | ३० | १५६०० | पालिका | २ |
| ६ | शिक्षकको पेसागत दक्षता अभिवृद्धि कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| ७ | असल अभ्यास आदानप्रदान कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | २००० | पालिका | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | उत्कृष्ट शिक्षक सम्मान कार्यक्रम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १०० | पालिका | २ |
| ९ | प्रसुति विदामा बसेका महिला शिक्षकको सट्टा शिक्षक व्यवस्थापन | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५०० | पालिका | १ |
| १० | विद्यालय अनगमन तथा सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| ११ | कक्षा अवलोकन र नमुना कक्षा प्रदर्शन र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| १२ | शिक्षक वैक | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| १३ | शिक्षकको पेसागत विकास कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका गैसस | २ |
| १४ | नमुना विद्यालयको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | पालिका | १ |
| १६ | शिक्षाका सरोकारवालाहरूका लागि शैक्षिक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | २ |
| १७ | शिक्षकका लागि डिजिटल सिकाइ क्षमता विकास कार्यक्रम | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | २००० | पालिका | १ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | १००६३० | | |
| १२ | उत्कृष्ट विद्यालय अनुदान | विद्यालय | २ | २ | २ | २ | २ | १० | २००० | संघ | १ |
| १३ | बाल विकास सहजकर्ता विद्यालय सहयोगी र विद्यालय कर्मचारीका | जना | | | | | | | २६५३३ | सङ्घीय सशर्त | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि पारिश्रमिक तथा पोशाक अनुदान | | | | | | | | | | |
| १४ | आधारभूत तथा माध्यमिक तहका स्थायी करार राहत सङ्घीय अनुदानका शिक्षकका लागि पारिश्रमिक तथा पोशाक अनुदान | जना | | | | | | | २५०००० | सङ्घीय सरकार सशर्त | २१ |
| **जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट** | | | | | | | | | २७८५३३ | | |
| आन्तरिक र बाह्य स्रोत गरी जम्मा | | | | | | | | | ४२९३२८ | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

पुतलीबजार नगरपालिका सामाजिक, सांस्कृतिक रूपमा विविधता भएको नगरपालिका हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास रहेको छ । यही विविधताले नेपाली समाजको पहिचान तथा सामर्थ्यलाई प्रतिनिधित्व गर्छ। जातिगत तथा भाषिक कारणले विद्यालय शिक्षाको पहुँच, सहभागिता र सिकाइमा असर परेको देखिन्छ। शैक्षिक समता र समावेशीकरणले शिक्षा प्रणालीमा समान अवसर र सबैको सहभागिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । शैक्षिक समता समाजका सबै वर्ग, लिङ्ग, जाति र आर्थिक अवस्थाका व्यक्तिहरूलाई शिक्षा प्राप्त गर्न समान अवसर प्रदान गर्नु हो। यसले सबैलाई शिक्षा प्राप्तिको हक प्रदान गर्दै न्यायोचित समाज निर्माणमा योगदान पुर्‍याउँछ । समावेशीकरण भनेको शैक्षिक प्रणालीमा सबै विद्यार्थीहरूको सक्रिय सहभागिता, तिनीहरूको आवश्यकता र क्षमतालाई ध्यानमा राखेर शिक्षा प्रणालीको विकास गर्नु हो । त्यसैगरी बालबालिकाहरूको शारीरिक, मानसिक, आर्थिक र सामाजिक विविधतालाई सम्मान गर्दै सबैलाई समान रूपमा शिक्षा प्रदान गर्ने प्रयास गर्दछ ।

शैक्षिक समता र समावेशीकरणले विद्यार्थीहरूको क्षमता विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ । उनीहरूको सामाजिक र आर्थिक विकासको मार्ग प्रशस्त गर्छ । यसले समाजमा असमानता, विभेद र अन्यायको अन्त्य गर्न मद्दत गर्छ। समावेशी शिक्षा प्रणालीले सबै बालबालिका, विशेष गरी विकलांग, गरीब र ग्रामीण क्षेत्रका बालबालिकालाई समान अवसर प्रदान गर्दै उनीहरूको पूर्ण विकासमा सहयोग पुर्‍याउँछ । यसरी शैक्षिक समता र समावेशीकरणले केवल व्यक्तिको जीवन सुधार्छ तर समग्र समाजको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका एवम् आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिबृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अपाङगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको

एकिकृत समता र नीति, २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ। तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिएको छ। यसै सम्बन्धमा दिगो विकासको लक्ष्य नं (४) ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छ। उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरूलाई छात्रवृत्ति, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैह्र आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको व्यवस्था, समावेशी व्यवस्था अनुसार पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातीय र संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुर्‍याउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच पुर्‍याउन, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री, भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्नु, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउनु जस्ता कार्यहरू अवसर तथा चुनौती दुवै छन् ।

शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस नगरपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ । अटिजम भएका बालबालिकाहरूका लागि स्रोतकक्षाको व्यवस्था रहेको छैन । त्यसैगरी आर्थिक, विपन्नता र अपाङ्गताका कारणले कुनै पनि बालबालिकाहरू विद्यालय बाहिर नरहुन भन्ने अवधारणालाई आत्मसाथ गरिएको छ।

### ४.३.३ उद्देश्य

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्रअन्तरगत देहायका उद्देश्य रहेका छन् :

१. नगरपालिका क्षेत्र भित्रका जोखिममा रहेका, विपन्न वर्ग, अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित, जनजाति, दलित र महिलालाई  शिक्षामा समान पहुँच सुनिश्चित गर्नु,

२. समता र समावेशीकरणका सिद्धान्तअनुसार गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु,

३. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,

४. विद्यालयमा सबै प्रकारको विभेद र दुर्व्यवहार मुक्त वातावरण सुनिश्चित गर्नु,

५. विविधता, समता एवम् समावेशी मूल्य, मान्यतामा आधारित भइ विद्यालय शिक्षा प्रणालीलाई सुदृढ गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्नु,

### ४.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने,

२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री, भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने,

३. अपाङ्गता भएका र अन्य लक्षित समूहका बालबालिकाकालागि समतामूलक कार्यक्रम मार्फत पहुँचको सुनिश्चितता गर्ने,

४. दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने,

५. कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने,

६. भाषाका कारणले सिकाइमा समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने,

७. चरम आर्थिक अभाव भएका तथा विशेष आवश्यकता भएका बालबालिकालाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने,

८. बहिरा आधारभूत विद्यालयको क्षमता अभिवृद्धि गर्ने,

९. विद्यालयमा बालमैत्रीपन बढाउन आधारभूत तथा माध्यमिक विद्यालयहरूमा बालक्लब गठन गरी क्रियाशील बनाउने तथा पालिकास्तरीय सञ्जाल निर्माण गरी सक्रिय बनाउने,

### ४.३.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.३.५.१. उपलब्धि

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चति भइ सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

२. विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने छ ।

३. विद्यालयमा सबै प्रकारका विभेदहरूको अन्त्य भै बालबालिकारू पूर्ण रूप सुरक्षित भै अध्ययन गर्न सक्ने छन् ।

४. विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई नगरपालिकाले आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरेको हुने छ ।

#### ४.३.५.२. नतिजा

१. पुतलीबजार नगरपालिका क्षेत्रभित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित, सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुने छ ।

२. विद्यालयहरूमा बालमैत्री वातावरणसहित सिकाइमा सुधार भएको हुने छ ।

३. विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ ।

४. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता,

५. समता तथा समावेशीता अभिवृद्धि भइ समता सूचकहरूमा सुधार हुने छ ।

### ४.३.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका वडा र विद्यालय | १ |
| २ | भेदभाव र दुर्व्यवहार विरुद्ध सचेतना कार्यक्रम (विद्यालय स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका र | १ |
| ३ | बालमैत्री विद्यालय कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अभिमुखीकरण र मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ४ | अति कठीन अवस्थामा भएका बालबालिकाहरूको पहिचान र सहायता | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| ५ | लैंगिक फोकल पर्सनको व्यवस्थापन र क्षमता विकास ( विद्यालयस्तरमा) | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | पालिका र विद्यालय | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अपाङ्गता भएका विद्यार्थीलाई अत्यावश्यक सिकाइ सामग्री सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ७ | नियमित रूपमा विद्यालय जान नसक्ने विशेष अवस्था भएका बालबालिकाहरूका लागि गृह विद्यालय कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | २५० | पालिका | १ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **२७५०** | | |
| १२ | छात्रवृत्ति | जना | | | | | | | १५०० | संघ | १ |
| १३ | सबै प्रकारका विभेद र दुर्व्यवहार विरुद्ध सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | प्रदेश | १ |
| **जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **२०००** | | |
| आन्तरिक र बाह्य स्रोत गरी जम्मा | | | | | | | | | ४७५० | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय तहका बालबालिकाहरूको पोषणस्तरमा सुधार तथा बालबालिकाहरूलाई विद्यालयमा टिकाउन शुरु गरिएको दिवा खाजा कार्यक्रम बालबालिकाहरूको पोषण, स्वास्थ्य र सिकाइको स्तर सुधार्न सहयोगी भएको छ ।यस कार्यक्रमले विद्यालय जाने बालबालिकाहरूलाई पौष्टिक खाना प्रदान गरेर उनीहरूको शारीरिक र मानसिक विकासमा सहयोग पुर्‍याउँछ।यो कार्यक्रम विशेष गरी गरिबी तथा विपन्नतामा रहेका बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि गर्ने, कक्षामा ध्यान दिन र सिकाइ परिणाम सुधार्न सहयोगी साबित भएको छ। दिवा खाजा कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक र स्थानीय सरकारको सक्रिय सहभागिता रहन्छ।यस पहलले बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि, पोषण सुधार र सिकाइमा सकारात्मक प्रभाव पार्दै आएको छ। दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम विद्यार्थीहरूको शारीरिक, मानसिक र शैक्षिक विकासलाई प्रोत्साहित गर्नका लागि सञ्चालित महत्त्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय उमेरका बालबालिकाहरूलाई नियमित स्वास्थ्य जाँच पौष्टिक खाना तथा स्वच्छता सम्बन्धी शिक्षा प्रदान गरेर उनीहरूको स्वास्थ्य सुधार्न मद्दत गर्दछ। यस कार्यक्रम अन्तर्गत बालबालिकाहरूलाई आवश्यक पोषक तत्वहरू समावेश गरिएको खाना दिइन्छ जसले कुपोषण घटाउन र उनीहरूको सिकाइ क्षमतालाई सहयोग पुग्दछ । विद्यालयहरूमा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ र स्वच्छताको महत्त्व बुझाउने प्रयास गरिन्छ।यसरी दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमले बालबालिकाहरूको स्वस्थ र सशक्त भविष्य निर्माणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

### ४.४.२ वर्तमान अवस्था

बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशक देखि कार्यान्वयनमा रहेको छ। "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि ५ कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ ।

पुतलीबजार नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालयमा बाल विकासदेखि ५ सम्म अध्ययनरत बालबालिकाहरूले दिवा खाजाको सुविधा पाइरहेका छन् । सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा

प्रति विद्यार्थी प्रति दिन रू २०।- उपलब्ध गराउने र पुतलीबजार नगरपालिकाले विद्यालयमा विद्यार्थी संख्याको आधारमाप्रति विद्यार्थी प्रति दिन रू ५।- थप गरी जम्मा रु २५।-विद्यालयमा निकासा दिने गरेको छ । विद्यालयमा अभिभावक सहितको सहभागितामा विद्यालय खाजा व्यवस्थापन समिति गठन गरी खाजा व्यवस्थापन समिति मार्फत खाजा तयार गरी टिफिनको समयमा विद्यार्थीहरूलाई खाजा खुवाइने प्रावधान रहि आएको छ ।

यस नगरपालिकाका सबै विद्यालयहरूमा खानेपानी तथा शौचालयको व्यवस्था भएतापनि बालबालिकाले साबुन र पानी सहितको शौचालय तथा स्वच्छ पिउने पानीको सुविधा प्राप्त गर्न सकेका छैनन् । आधारभूत तथा माध्यमिक विद्यालयका बालिकाहरूका लागि महिनावारी स्वच्छताका लागि सेनिटरी प्याडको व्यवस्था गराइएको छ । हरेक विद्यालयमा एक महिला शिक्षकलाई लैगिक फोकल पर्सन तोकी आइरन चक्की खुलाउने जुकाको औषधी खुलाउने तथा अन्य स्वास्थ्य सम्बन्धी गतिविधिहरू विद्यालयहरूले गरेका छन् ।

बढ्दो महङ्गीका कारणले सङ्घीय सरकार तथा नगरपालिकाबाट प्राप्त रकमले स्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु, विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्गै कर्मचारीको व्यवस्था नहुनु, बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी व्यवहारिक सिकाइलाई विद्यालयहरूले उचित महत्त्व नदिनु, बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न नसक्नु व्यवस्थित शौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था हुन नसक्नु आदि यस नगरपालिकाको दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख समस्याहरू हुन् ।

### ४.४.३ उद्देश्य

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्य देहायअनुसार रहेका छन् :

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु,

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,

३. विद्यार्थीहरूको शारीरिक, मानसिक लगायत समग्र स्वास्थ्यका साथै सुरक्षित वातावरणमा शिक्षा प्राप्त हुने सुनिश्चितता गर्नु,,

४. विद्यालयमा व्यवस्थित शौचालय तथा स्वच्छ खानेपानीको प्रबन्ध गर्ने,

५. प्रत्येक माध्यमिक विद्यालयमा पूर्णकालिन स्वास्थ्यकर्मीको व्यवस्था गर्ने,

६. हरेक विद्यालय स्वास्थ्य प्रवर्धन कक्षको व्यवस्था गर्ने,

७. बालबालिकाहरूमा आधारभूत स्वास्थ्य सम्बन्धी ज्ञान तथा सिपको विकास गर्ने ।

### ४.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. स्थानीय उत्पादनलाई दिवा खाजासँग आवद्ध गराउने दिवा खाजा व्यवस्थापना समुदायको सहभागिता अभिवृद्धि गर्ने तथा स्वच्छ र पौष्टिक दिवा खाजाको व्यवस्थापन गर्ने । समय सापेक्ष दिवा खाजामा नगरपालिकाले दिने अनुदानमा क्रमश वृद्धि गर्ने,

२. स्थानीय समुदायमा प्रचलित स्वस्थकर परिकारहरूको प्रयोग गरी परम्परागत खाना शैलीलाई आधुनिक पोषणसँग समायोजन गरिने,

३. विद्यार्थीहरू र अभिभावकहरूलाई पोषणको महत्त्व र स्वस्थ खाजाका बारेमा शिक्षा दिई दिवा खाजा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गरिने,

४. विद्यालय परिसरमा करेसाबारीको स्थापना गरी बालबालिकाहरूमा तरकारी लगाउन प्रेरित गर्ने करेसाबारीबाट उत्पादित तरकारीलाई दिवा खाजामा समावेश गर्ने,

५. विद्यार्थीहरूको रुचि र आवश्यकतालाई ध्यानमा राखेर दिवा खाजामा विविधता ल्याउन साप्ताहिक खाजाको परिकारको मेनु तयार गरी पूर्णरूपमा कार्यान्वयन गराउने,

६. दिवा खाजाको उचित व्यवस्थाका लागि विद्यालयहरूमा न्यूनतम पूर्वाधारको उपलब्धता गराउने,

७. नगरपालिका स्थित स्वस्थ्य चौकीहरूको सहयोग लिई बालबालिकहरूको आवधिकरूपमा स्वास्थ्य परीक्षण र जुकाको औषधीको व्यवस्था मिलाउने,

८. विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गरी समय समयमा उक्त रजिष्ट्रारको विश्लेषण गरिने,

९. विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गरिने,

१०. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी, थप प्रभावकारी बनाउने,

११. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।

### ४.४.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.४.५.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्-

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ ।

२. गम्भीर रोगबाट सुरक्षित भइ पर्याप्त पोषणका साथ बालबालिका स्वस्थ रूपमा विद्यालयमा सहभागी भएको हुने छन् ।

#### ४.४.५.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्

१. खाजा व्यवस्थापन समिति सक्रिय भइ नियमित रूपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएका हुने छन्

२. आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुने छ ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिकरूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुने छ ।

### ४.४.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | दिवा खाजा प्रोत्साहान अनुदान | जना | १९३८ | २००० | २०५० | २१०० | २१५० | १०२३८ | ९२१४।२ | पालिका | १ |
| २ | दिवा खाजाका लागि टिफिन बाकस सहितका सामग्री प्रदान विद्यालयस्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ३ | बालबालिकाहरूका लागि व्यक्तिगत सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | पालिका र विद्यालय | १ |
| ४ | विद्यालयका लागि सरसफाइ तथा प्राथमिक उपचारका लागि सामग्री सहायता | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| ५ | व्यक्तिगत स्वास्थ्य विवरण सहितको विद्यार्थी हाँजिरी रजिष्टरको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय | २ |
| **जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट** | | | | | | | | | **१०२१४** | | |
| १२ | महिनावारी स्वच्छताका लागि सेनिटरी प्याडको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ७५०० | संघ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | भिटामीन ए जुकाको औषधी तथा फोलिक एसिड वितरण | पटक | २ | २ | २ | २ | २ | १० | १०० | प्रदेश | १ |
| १४ | बालबालिकाको आवधिक रूपमा स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | प्रदेश | १ |
| १५ | एक विद्यालय एक व्यवस्थित भान्छाघर वा चमेनागृहको व्यवस्थापन | वटा | १० | १० | १० | १० | १० | ५० | २५० | संघ र प्रदेश | १ |
| १६ | एक माध्यमिक विद्यालय एक स्वास्थ्य कर्मीको व्यवस्था | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ३३१५० | संघ | २ |
| **जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट** | | | | | | | | | ४०९०० | | |
| | | | | | | | | | ५१११४ | | |

## ४.५ विद्यालयमा सुरक्षा,विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा कार्यक्रमले बालबालिकाहरूको निरन्तर शिक्षालाई सुनिश्चित गर्न र उनीहरूको शैक्षिक अधिकारकी रक्षा गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । भूकम्प, बाढी, पहिरो, महामारी जस्ता विपतका समयमा विद्यालय सञ्चालनमा अवरोध आए पनि यस कार्यक्रमले वैकल्पिक शिक्षण विधिहरू जस्तै अस्थायी कक्षाकोठाहरू, रेडियो र अनलाइन कक्षाहरू मार्फत सिकाइ प्रक्रिया जारी राख्छ र यसको साथसाथै विद्यार्थीहरूलाई सामाजिक सुरक्षा प्रदान गर्दै उनीहरूको मानसिक स्वास्थ्यमा पनि ध्यान दिन्छ। यस किसिमको पहलले बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिन सहयोग पुयाउँछ जसले गर्दा उनीहरू विपतका चुनौतीहरू सामना गर्न सक्ने क्षमताको विकास गर्दै सक्षम नागरिकको रूपमा अघि बढ्ने अवसर प्रदान गर्दछ ।

यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी, आपतकालीन अवस्थामा क्षति न्यून हुने गरी तत्काल प्रतिकार्य गर्ने र आपतकाल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचामा समेटिने गरिन्छ । आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएको छ ।

वृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ ले विद्यालयको न्यूनतम सुरक्षाका उपायसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपतपछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपत जोखिम न्यूनीकरण तथा उत्थानशिलता विकास गर्ने व्यवस्था गरेको छ।

### ४.५.२ वर्तमान अवस्था

नेपाल विश्वको भूकम्प जाने देश मध्ये एक हो यहाँ कुनै पनि बेला भूकम्प जानसक्छ । विगत २०७२ सालमा यस क्षेत्रमा गएको बिनासकारी भूकम्पले ठूलो पाठ सिकाएको छ। जलवायु परिवर्तनले भू-मण्डलिय तापक्रम वृद्धि गर्दा मौसम, बेमौसम, अल्प तथा अति वृष्टिले गर्दा बाढीको समस्या पनि बढदै गएको छ। पहाडहरूबाट पहिरोहरू गएर मानविय क्षतिमा वृद्धि हुँदैछ। प्रत्येक वर्ष तापक्रममा वृद्धि भएर खडेरी, महामारीर भूखमरीको समस्या पनि बढदै गैरहेको छ। त्यसैगरी कुनै पनि बेला कुनै पनि प्राकृतिक प्रकोप हुनसक्छ र आपतकालीन अवस्था सृजना हुनसक्छ भन्ने अनुमान विशेषगरी केही वर्ष देखि गरिएकै हो ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपत्कालीन अवस्थाको स्थान परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकिन

भविष्यवाणी गर्न भने सकिदैन। त्यसैगरी कतिपय प्रकोप, महामारी तथा आपत्कालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ। तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो। स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् ।

आपतकालीन तथा सङ्कटकालिन अवस्थामा अथवा विपतको सामना गर्न तीनै तहका सरकारका साझा काम हो यति हुँदाहुँदै पनि यसको कार्यान्वयन नहुनु, विपतको समयमा आवश्यक पर्ने तालिम प्राप्त दक्ष जनशक्ति र उपकरणहरूको अभाव, विपत व्यवस्थापन सम्बन्धमा जन चेतनाका कार्यक्रम नहुनु, विपतको सही व्यवस्थापनको लागि आवश्यक पर्ने प्रविधिको विकास जस्तै पूर्व चेतावनी प्रणाली विकास गरी लागु हुन नसक्नु, विपतको लागि बनाएका योजना पनि विपतको समय कार्यान्वयन नहुनु, विपत सम्बन्धी आवश्यक स्रोत साधनहरूको अभाव हुनु जस्ता समस्या तथा चुनौती रहेका छन। विपत व्यवस्थापनको लागि केही वडाहरूमा प्रशस्त मात्रामा रहेको खुला ठाउँलाई उच्चतम प्रयोग गर्न सकिने सम्भावना छ। वनजङ्गलको आगलागी नियन्त्रणको लागि सीमित आवश्यक चौडाईको अग्नीरेखा बनाउनु पर्ने देखिन्छ।

### ४.५.३ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. विपत् जोखिम न्यूनीकरण, विपत् प्रतिकार्य एवं पूनर्लाभलाई प्रभावकारी बनाउनु

२. संभावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु

३. जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्वन गर्दै क्षति न्यूनीकरण गर्नु

४. विपत्को समयमा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्ने उपायहरूको अभ्यास गराउनु

५. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका बिधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु

### ४.५.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू परिपूर्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ-

१. नगरपालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय सडक संरचना, खोला, नाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपत् जोखिमको नक्साङ्कन तयार गर्ने,

२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,

३. विपत्को समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने

४. स्थानीय पाठ्यक्रममा समेत विपत् व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेस गर्ने,

५. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गराउने,

६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,

७. विपत् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने,

८. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बिच वडा तहसम्म समन्वय र जिम्मेवारीका लागि संयन्त्र बनाउने,

९. विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने,

१०.हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,

११.विपत् व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी भएका कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन,

१२. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजनाको कार्यान्वयन गर्ने,

१३. विपत व्यवस्थापनका लागि नगरपालिका र विद्यालयको क्षमता विकास गर्ने,

१४. स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गर्ने,

१५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने ।

### ४.५.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.५.५.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्-

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।

२. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने छ ।

#### ४.५.५.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. नगरपालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय, सडक संरचना, खोला, नाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपत् जोखिमको नक्साङ्कन तयार भएको हुने छ ।

२. नगरपालिका र विद्यालयहरूमा विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।

३. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।

४. विपत् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन भएका हुनेछन् ।

## प्रमुख क्रियाकलाप

| क सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | विपत् जोखिमको नक्साङ्कन | पटक | १ | ० | ० | ० | ० | १ | २०० | पालिका | १ |
| २ | विपतको पूर्वानुमान प्रभावको मूल्याङ्कन विश्लेषण | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | १ |
| ३ | विपत् सम्बन्धी नीति मार्गदर्शन तथा कार्यविधि तयार | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | १ |
| ४ | स्थानीय पाठ्यक्रममा विपत् सम्बन्धी पाठ्यवस्तु समावेश | पटक | १ | ० | १ | ० | १ | ३ | ३०० | पालिका | १ |
| ५ | विपत् सम्बन्धी पूर्वसावधानी प्रकोपबाट बच्ने सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| ६ | विपत् व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | १ |
| ७ | विपत् व्यवस्थापन संयन्त्र निर्माण समन्वय र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ८ | हरित विद्यालय अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| ९ | विद्यालयमा विपत् कोष अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालयमा संकटकालिन सामग्री किटको वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ११ | विपतको अवस्थामा अस्थायी वसोबासको रूपमा विद्यालयलाई तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| १२ | विद्यालयमा हुन सक्ने अन्य दुर्घटना न्युनीकरण कार्यक्रम विद्यालय स्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट | | | | | | | | | **५३००** | | |
| १२ | आपतकालिन अवस्थामा समन्वय तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | संघ | १ |
| १३ | मनोवैज्ञानिक परामर्श | पटक | २ | २ | २ | २ | २ | १० | १००० | सङ्घीय सशर्त | १ |
| १४ | विपत् को अवस्थामा सिकाइको निरन्तरका लागि वैकल्पिक सिकाइ रणनीति | पटक | १ | १ | १ | १ | १ | ५ | ५००० | सङ्घीय सरकार सशर्त | १ |
| जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट | | | | | | | | | **७०००** | | |
| आन्तरिक र बाह्य स्रोत गरी जम्मा | | | | | | | | | **१२३००** | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

गुणस्तरीय शिक्षाको एक महत्त्वपूर्ण आधार भौतिक पूर्वाधार पनि हो । प्रभावकारी शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्छ । प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता हुनु अपरिहार्य छ। विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरू पर्दछन् जसले शिक्षण सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । भवन / कक्षाकोठा, फर्निचर, शौचालय सुविधा, पिउने पानी, खेल मैदान, खेल सामाग्री, सुरक्षित घेरबार, पार्क/बगैंचा, पुस्तकालय, विषयगत प्रयोगशाला, प्रविधि र सूचना प्रणालीका सामग्री, शैक्षिक सामग्रीहरू आदि जस्ता तत्वहरू विद्यालयको भौतिक पूर्वाधारहरू अन्तर्गत पर्दछन्। विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ र यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित बालमैत्री हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

पुतलीबजार नगरपालिकाका विद्यालयहरू प्राय पक्की भवनमा सञ्चालनमा र कक्षाकोठाहरू राम्रो अवस्थामा रहेका छन्। केही विद्यालयका पुराना जीर्ण भवन तथा कक्षाकोठाहरूको मर्मत गरी कक्षा सञ्चालन गर्नुपर्ने अवस्था पनि रहेको छ। कक्षाकोठाहरूमा फर्निचरको अवस्था राम्रो छ जसले विद्यार्थीहरूको अध्ययन वातावरणलाई सहज बनाइ रहेको छ। स्वास्थ्य र सरसफाइका सुविधा सन्तोषजनक छ र शुद्ध पिउने पानीको व्यवस्था प्रायः सबै विद्यालयमा उपलब्ध छ। सबै विद्यालयमा विद्युतको सुविधा रहेको छ। खेल मैदान र अन्य अतिरिक्त क्रियाकलापका लागि थोरै मात्रामा मात्र स्थलहरूको व्यवस्था छ।

### ४.६.३ उद्देश्य

भौतिक पूर्वाधारको क्षेत्रअन्तर्गत देहायका उद्देश्य निर्धारण गरिएको छ :

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन बनाउन परामर्श गर्नु,
४. बाल सुरक्षाका लागि अभिभावकत्व लिने शिक्षा क्षेत्रका जनशक्तिको ज्ञान, सिपसहितको क्षमता विकास गर्नु ।

### ४.६.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा समेत स्रोत व्यवस्थापन गरी मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने,
२. अन्य संघसंस्थाले बनाउने भौतिक पूर्वाधारहरू मापदण्ड बमोजिम भए मात्र स्वीकार गरी बनाउने अनुमति दिने,
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने,
४. नगरपालिकाले ,विद्यालयको माष्टर प्लान तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने
५. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह र विद्यार्थी संख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गर्ने,
६. एक विद्यालयमा पूर्वाधार विस्तारका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने,
७. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने,
८. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय सरकारी एवम् गैह्रसरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण गर्ने ।

## ४.६.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ४.६.५.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्

१. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र सुरक्षित हुने छ ।

२. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने छ ।

३. विद्यालयहरूमा भौतिकपूर्वाधारहरूको विकास भइ विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुने छ ।

### ४.६.५.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू देहाय बमोजिम हुने छन्-

१. विद्यालयहरूमा पर्याप्त भौतिक संरचनाहरू निर्माण एवम् मर्मत हुने छन् ।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र सुरक्षित हुने छन् ।

३. सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार तथा स्तरोन्नत्ति भएको हुनेछ ।

४. विद्यालयहरू सुरक्षित भइ अपाङ्ग एवम् छात्रामैत्री हुने छन् ।

## प्रमुख क्रियाकलाप

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | बुक कर्नर | वटा | १० | १० | १० | १० | १० | ५० | २५०० | पालिका | १ |
| २ | बाल विकास कक्षाका लागि सिकाइ कुनाको व्यवस्थापन | वटा | १० | १० | १० | १० | १० | ५० | २५०० | पालिका | १ |
| ३ | कक्षा ३ सम्मका बालबालिकाहरूका लागि कार्पेट कुसनको व्यवस्था सहित भित्ते लेखन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | २५०० | पालिका | १ |
| ४ | हरित विद्यालय | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | २ |
| ५ | कम्प्युटर ल्याव | वटा | २ | २ | २ | २ | २ | १० | २००० | पालिका | १ |
| ६ | विज्ञान प्रयोगशाला | वटा | २ | २ | २ | २ | २ | १० | १५०० | पालिका | १ |
| ७ | गणित प्रयोगशाला | वटा | २ | २ | २ | २ | २ | १० | १००० | पालिका | १ |
| ८ | सामाजिक प्रयोगशाला | वटा | २ | २ | २ | २ | २ | १० | ५०० | पालिका | १ |
| ९ | स्मार्ट कक्षाको व्यवस्था माध्यमिक विद्यालयमा | वटा | ३ | ३ | ३ | ३ | ५ | १७ | ३४०० | पालिका | १ |
| १० | पुस्तकालय | वटा | २ | २ | २ | २ | २ | १० | १००० | पालिका | १ |
| जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट | | | | | | | | | **१७४००** | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | अपाङ्गमैत्री बालमैत्री भवन तथा कक्षाकोठा | वटा | १ | १ | १ | १ | १ | ५ | ५००० | संघ | १ |
| १२ | व्यवस्थित शौचालय | वटा | १ | १ | १ | १ | १ | ५ | ५००० | सङ्घीय सशर्त | १ |
| १३ | सुरक्षित खानेपानीको व्यवस्था | वटा | २ | २ | २ | २ | २ | १० | २००० | सङ्घीय सरकार सशर्त | १ |
| १४ | खेलमैदान व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | ५ | २५०० | संघ | २ |
| १५ | छात्राबास व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | ५ | १००० | प्रदेश | २ |
| १६ | चमेना गृह तथा भान्छाघरको व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | ५ | १००० | प्रदेश | २ |
| १७ | विद्यालयको घेराबार | वटा | १ | १ | १ | १ | १ | ५ | १००० | संघ र प्रदेश | २ |
| जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट | | | | | | | | | **१७५००** | | |
| आन्तरिक र बाह्य स्रोत गरी जम्मा | | | | | | | | | **३४९००** | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

आजको एक्काइसौं शताब्दी सूचना र प्रविधिको युग हो। आजका स्क्रिनएजर बालबालिकाहरूलाई परम्परागत विधि र तौरतरिकाबाट शिक्षण गर्नु व्यवहारिक हुन सक्दैन  विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिले शिक्षाको गुणस्तर सुधार गर्न र विद्यार्थीहरूलाई आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। विद्यालयहरूमा सूचना तथा सञ्चारको प्रयोगलाई बढावा दिन विविध पहलहरू सञ्चालन भइ रहेका छन्। विद्यालयहरूमा कम्प्युटर इन्टरनेट र शैक्षिक सफ्टवेयरको उपलब्धता बढ्दै गएको छ जसले विद्यार्थीहरूको सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरूलाई इन्टरनेटमार्फत विश्वभरको जानकारी हासिल गर्न र उनीहरूको ज्ञानको क्षितिज बिस्तार गर्न सहयोग पुर्‍याएको छ। साथै शिक्षकहरूलाई पनि नयाँ शिक्षण विधिहरू अपनाउन र धारणात्मक शिक्षण शैलीमा जोड दिन प्रेरित गरेको छ। डिजिटल शिक्षण सामग्रीको प्रयोग अनलाइन पाठ्यक्रमहरू र भर्चुअल कक्षा सञ्चालनले शिक्षामा नयाँ आयामहरू थपेको छ ।

### ४.७.२ वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधिमा भएको विकासले आजको विश्वलाई पर्याप्त लाभ दिएको छ। नेपालमा पनि सूचना र सञ्चार क्षेत्रमा भएको विकास निकै उत्साहजनक छ । सूचना तथा सञ्चार प्रविधिले मानव जीवनका धेरै क्षेत्रमा प्रभाव पारेको छ जसमध्ये शिक्षा क्षेत्र पनि एक महत्त्वपूर्ण क्षेत्र हो । सामुदायिक विद्यालयका शिक्षकहरूलाई सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ तालिम सञ्चालन, कम्प्युटर ल्याब स्थापना, सिसि टिभी क्यामरा जडान भइ विद्यार्थी तथा शिक्षकहरूको सकारात्मक गतिविधिको सुरुवात, परीक्षा, अनुगमनमा सहजता, पठनपाठनमा प्रभावकारिता आएको तथा शिक्षकको नियमितता तथा समय व्यवस्थापन प्रभावकारी भैरहेकोले सबै विद्यालयहरू इन्टरनेटको उपलब्धताले सूचना प्रविधि प्रयोगशाला सञ्चालनमा सहजता आई प्रभावकारी शिक्षण सिकाइको व्यवस्था भएको, शिक्षण सिकाइको प्रभावकारिता बढेको, स्मार्टबोर्डको प्रयोगले धारणात्मक शिक्षण सिकाइमा सहज, नयाँ प्रविधिको प्रयोगले चक डस्टर भन्दा डिजिटद माध्यमबाट विषयवस्तु प्रस्तुत गर्दा विद्यार्थीको सिकाइ स्तरमा सकारात्मक प्रभाव परेको पाइन्छ। बालबालिकाहरू सूचना तथा सञ्चार प्रविधिको उपयोग गरि सिक्दा सिकाइ उपलब्धिमा सहयोग

पुगिरहेको भएता पनि सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र उपयोगको क्षेत्रमा धेरै सुधार गर्नुपर्ने देखिन्छ ।

यस नगरपालिकाका सबै वडाहरूमा मोबाइल नेटवर्क कभरेज रहेको छ । विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा ग्रामीण क्षेत्रसम्म विस्तार गरेका छन् । कक्षा ८ सम्म चलेका सबै सामदायिक विद्यालय तथा माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याव तथा इन्टरनेट सुविधा रहेको छ । केही विद्यालयहरूले सि सि टि भी जडान गरेका छन् भने केही विद्यालयहरूले स्मार्ट बोर्डको समेत व्यवस्था गरी डिजिटल माध्यमबाट हुने सिकाइलाई जोडेका छन् । अधिकांश आधारभूत विद्यालयहरू सूचना तथा सञ्चार प्रविधिमा धेरै पछाडि परेका छन । नगरपालिकाबाट भए गरेका शैक्षिक क्रियाकलापहरू सूचनाहरू नगरपालिकाको वेभसाइट मार्फत प्रकाशित हुने गरेका छन् । विद्यालयहरूले वेभसाइट बनाएका छैनन् । विद्यालयका सूचना तथा जानकारीहरू विद्यालयको आधिकारिक फेसबुकबाट सरोकारवालाहरू समक्ष पुऱ्याएको पाइन्छ । केही माध्यमिक विद्यालयहरूले कम्प्युटर विज्ञानको कक्षा सञ्चालन गरेका छन् भने आधारभूत तहमा समेत कम्प्युटर विज्ञान विषयको शिक्षण गरी बालबालिकाहरूमा आधारभूत कम्प्युटर सम्बन्धि ज्ञान तथा सिपको विकास गराएको पाइन्छ ।

अधिकांश विद्यालयहरूमा स्रोत साधनको अभावले सूचना प्रविधिको माध्यमबाट शैक्षिक क्रियाकलाप सञ्चालन भएको खासै पाइदैन । सूचना तथा सञ्चार प्रविधि प्रयोगको लागि उपयुक्त कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षकहरूलाई तालिमको अभाव जस्ता सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित विद्यमान समस्या रहेका छन भने कक्षाकोठामा विषय र माध्यमका रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु दक्षजनशक्तिको विकास सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रूपमा कक्षाकोठामा प्रयोग गर्नु अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास गर्नु सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु जस्ता कार्यहरू चुनौतीको रूपमा रहेका छन् ।

### ४.७.३ उद्देश्य

सिकाइमा सूचना तथा सञ्चार प्रविधि विषय क्षेत्रका देहायका उद्देश्य रहेका छन् :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु,

२. सिकाइ र सुशासनलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको

प्रयोग गर्नु,

३.सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षाको समग्र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु,

४. सूचना तथा सञ्चार प्रविधिलाई सिकाइ क्रियाकलापसँग आवद्ध गर्ने ।

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास गर्ने,

२. आधारभूत विद्यालयमा पनि कम्तिमा एक कम्प्युटर सेट सहित इन्टरनेट कनेक्टिभिटीको व्यवस्था गर्ने,

३. सबै माध्यमिक विद्यालयमा एक कम्प्युटर शिक्षक तथा कम्तिमा एक स्मार्टबोर्ड सहित डिजिटल सिकाइको सुनिश्चित गर्ने,शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोगको विस्तार गरिने

४. सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गरिने

५. लागत साझेदारी समेतका माध्यमबाट विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था गरी अधिकतम् प्रयोग गर्ने व्यवस्था मिलाइने

६. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने

७. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोगको विस्तार गरिने

८. सरकारी गैह्र सरकारी तथा विभिन्न संघसंस्थासमेतलाई अनुरोध गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने

९.कम्प्युटर,लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

१०. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने

११. हरेक वर्ष नगरपालिकाले शिक्षक र विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधि मेलाको

आयोजना गरी प्रतिस्पर्धात्मक रूपमा उत्कृष्ट शिक्षक तथा विद्यार्थी वा विद्यार्थी समूहलाई सम्मानित गर्ने ।

### ४.७.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.७.५.१ उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ

३. विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्धन भएको हुने छ ।

४. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पहुँच तथा प्रयोगमा वृद्धि भइ शैक्षिक योजना, व्यवस्थापन तथा सुशासनको गुणस्तर र कुशलतामा सुधार भएको हुने ।

५ सबै शिक्षकहरू सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सक्ने क्षमताको विकास हुने छ र सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको उपयोग हुने छ ।

६.माध्यमिक तहका बालबालिकाहरू सूचना तथा सञ्चार प्रविधिको राम्रोसँग उपयोग गरी सिर्जनात्मक सिपको समेत विकास गर्नेछन्।

#### ४.७.५.२ नतिजा

१. सबै विद्यालयले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने छन्

२. विभिन्न कक्षा र विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था भइ सिकाइमा उपयोग हुने छ ।

३. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास हुने छ

४. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुधार भइ सुदृढ हुने छ

५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने छ

६. शिक्षक तथा विद्यार्थीहरू सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न गराउन सक्षम हुने छन्

७. सूचना तथा सञ्चार प्रविधिको उपयुक्त प्रयोग गर्ने ज्ञान तथा सिप विद्यालय हुँदै समुदायसम्म पुग्नेछ।

## प्रमुख क्रियाकलाप

| क्र सं | मुख्य क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (२०८२/८३-२०८६/८७) | | | | | | जम्मा बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको लक्ष्य | | | |
| १ | सबै शिक्षकहरूमा कम्प्युटर सिपको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| २ | विद्यालयमा ईहाजिरी व्यवस्थापन | पटक | १ | ० | ० | १ | ० | २ | १००० | पालिका | १ |
| ३ | सिसिटिभि व्यवस्थापन | वटा | ३ | ३ | ३ | ४ | ४ | १७ | ८५० | पालिका | १ |
| ४ | विद्यालयमा आधारित फोकल पर्सनको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | १ |
| ५ | डिजिटल सामग्री निर्माण क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | १ |
| जम्मा आन्तरिक स्रोत प्रति वर्ष बजेट | | | | | | | | | **४३५०** | | |
| ६ | ICT ल्याव विस्तार | वटा | २ | २ | २ | २ | २ | १० | ६५०० | संघ | १ |
| ७ | विद्यालयहरूमा डिजिटल प्रविधि प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको व्यवस्थापन | वटा | २ | २ | २ | २ | २ | १० | १००० | प्रदेश | १ |
| ८ | इन्टरनेट सेवा विस्तार | पटक | १ | १ | १ | १ | १ | ५ | ४००० | संघ | १ |
| ९ | इमिस क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | संघ | १ |
| जम्मा बाह्यस्रोत प्रति वर्ष बजेट | | | | | | | | | **१२५००** | | |
| आन्तरिक र बाह्य स्रोत गरी जम्मा | | | | | | | | | **१६८५०** | | |

# परिच्छेद पाँच
# सुशासन तथा व्यवस्थापन

## परिचय

बालबालिकाको लागि समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गरी नगरको सामाजिक तथा आर्थिक रुपान्तरणमा योगदान गर्ने लक्ष्य प्राप्तिका लागि प्रभावकारी शासकीय प्रबन्ध तथा व्यवस्थापन आवश्यक छ। शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण मानिन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व बहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

नगरपालिकाको शिक्षा संचरना अन्तर्गत सामाजिक विकास समिति, नगर शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, सामुदायिक विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र रहेका छन्। यस्तै गरी निजी लगानीमा सञ्चालित विद्यालयका अतिरिक्त उक्त सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेका छन। नगरपालिकाको समग्र शैक्षिक गतिविधि एवम् कार्यक्रमहरूलाई प्रभावकारीरूपमा सञ्चालन र कार्यान्वयन गर्नका लागि स्थानीय शिक्षा ऐन, २०७४ जारी भएको र सोही अनुसार आन्तरिक शिक्षा प्रशासन र शैक्षिक कार्यक्रम एवम् गतिविधिहरू कार्यान्वयन भएका छन् । संस्थागत संरचनालाई जीवन्त र गतिशिल बनाई अपेक्षित नतिजा हासिल गर्नका लागि प्रचलित ऐन, नियम र मापदण्ड बमोजिम जनशक्ति व्यवस्थापन गरिएका छन। उक्त संचरनाहरूमा नेतृत्वदायी र सहयोगी भूमिका लागि पदीय जिम्मेवारी सहित कार्यविवरण तोकिएका छन् ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरी विभिन्न उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता

मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै तीन तहको सरकारको साझा कार्यसूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन्। आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू स्थानीय सरकारको एकल अधिकारमा सूचिकृत गरिएको छ। विद्यालयमा शैक्षिक प्रशासनको व्यवस्थापन गर्नका लागि नगर शिक्षा ऐन २०७५ सहित विभिन्न कार्यविधि तथा निर्देशिकाहरू निर्माण गरिएका छन् । विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन विद्यालय व्यवस्थापन समितिहरूको गठन गरिएको हुन्छ। विद्यालयको शैक्षिक, भौतिक, आर्थिकजस्ता विभिन्न पक्षहरूमा गुणात्मक सुधार र व्यवस्थापन समिति र विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा समन्वय गर्न प्रत्येक विद्यालयमा सबै अभिभावक र शिक्षकहरू रहेको शिक्षा ऐनले व्यवस्था गरे अनुसारको एक शिक्षक अभिभावक संघ गठन हुन्छ। यी सबै समितिहरूको भूमिका र सक्रियतालाई बढाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने, शैक्षिक सुशासन अभिवृद्धि गर्ने कुरा नै विद्यालय व्यवस्थापन हो।

विद्यालय व्यवस्थापनअन्तर्गत विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिलाई जिम्मेवार, सक्रिय र जवाफदेही बनाउन, विद्यालयमा दिगो वित्तीय स्रोत व्यवस्थापन गर्नु, व्यवस्थापकीय तहमा कार्य गर्ने समितिहरूको क्षमता विकास गर्नु, शैक्षिक संस्थाहरूको उत्तरदायित्त्व र जवाफदेहिताको संस्कारमा बद्धि गर्नु र विद्यालय व्यवस्थापन समिति गठन र सक्रियतामा स्वार्थले प्रभाव पार्नु यस क्षेत्रसँग सम्बन्धित मुख्य चुनौतीहरू रहेका छन् । ।

### ५.१.२ वर्तमान अवस्था

विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्थापन गर्नु, विद्यालयमा विद्यार्थी सङ्ख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलगअलग वास सहितको शौचालय, सिकाइमैत्री वातावरण, प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड, बुक कर्नर जस्ता न्यूनतम सुविधाहरूको व्यवस्थापन, रेडक्रस, बालक्लव तथा वातावरणमैत्री क्लबहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरूलाई नियमित रूपमा

सञ्चालन गर्नुजस्ता सवालहरू विद्यालय व्यवस्थापनमा देखिएका छन् । शिक्षालाई पहिलो प्राथमिकतामा राखी सधैं भेटिन सक्ने, अनुगमन तथा निगरानी हुन सक्ने, साधन स्रोत उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्ने स्थानीय सरकार र त्यसका २३ वटा शिक्षाको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन गर्न सक्ने कानुनी तथा नीतिगत व्यवस्था हुनु, सूचना तथा सञ्चार प्रविधिमा पहुँच, अनलाइन तथ्याङ्क तथा शिक्षक कर्मचारी व्यवस्थापन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, ईपुस्तकालय जस्ता न्यूनतम पक्षहरूमा निरन्तर बजेट विनियोजन हुनु, स्थानीय सरकारले दरबन्दी मिलान गर्नु, प्रधानाध्यापक सम्बन्धी कानुनी व्यवस्था गर्नु विद्यालय व्यवस्थापनमा अवसरका रूपमा रहेका छन्।

### ५.१.३ उद्देश्य

१. पाँच बर्से आवधिक योजना निर्माण गर्नु
२. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
३. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
४. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
५. संघ, प्रदेश र स्थानीय सरकार मातहतका सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग समन्वय, सहकार्य र सहयोगको लागि आवश्यक वातावरण विकास गर्नु
६. समग्र शैक्षिक नतिजाप्रति जवाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु।

### ५.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
६. नगरपालिकाको अधिकार दायित्वसँग सम्बन्धित अस्पष्ट रहेका पक्षहरूमा स्पष्टताको लागि संघ र प्रदेशस्तरमा नबाझिने कानुनसँग नबाझिन गरी आवश्यक कानुनी व्यवस्थाको प्रबन्ध गर्ने
७. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

### ५.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

**(क) उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।
४. सबै विद्यालयहरूमा प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने।
५. नियमितरूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन हुने।
६. सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधन परिचालन हुने।
७. सबै विद्यालयहरूमा प्रविधिमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री तथा शैक्षिक व्यवस्थापन हुने छ।

## (ख) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | जिम्मेवार निकाय | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | योग्य र क्षमतावन प्रधानाध्यापकको व्यवस्थापन | नगरपालिका र विद्यालय | पटक | ० | १ | ० | ० | ० |
| २ | प्रधानाध्यापक शिक्षक र कर्माचारीलाई प्रोत्साहन | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ४ | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास तथा अभिभावक अभिमुखीकरण | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ५ | विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |

| क्रसं | सूचक | जिम्मेवार निकाय | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| ६ | विद्यार्थी तथा अभिभावकको गुनासो सुनुवाइको व्यवस्था | विद्यालय | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | समयमै शैक्षिक तथ्याङ्क भर्ने प्रयोजनाका लागि अभिमुखीकरण | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ८ | लेखा, खरिद र जिन्सी व्यवस्थापनमा आधुनिक पद्धतिको प्रयोग र वित्तीय सुशासन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | जिम्मेवार | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | नगरपालिका | १ | ० | ० | ० | ० | १ |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | नगरपालिका | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | जिम्मेवार | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | नगरपालिका | १ | १ | १ | १ | १ | ५ |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | नगरपालिका र विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | नगरपालिका र विद्यालय | १ | १ | १ | १ | १ | ५ |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्त्वको संरचना पर्दछन्। यसअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् ।

### ५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भइरहेका छन् । स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरू भइरहेका छन्। साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदानप्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग

अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरू विद्यालयस्तरबाट हुँदै आएको छ ।

### ५.२.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु

२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ५.२.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने

२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने

४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने

६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

# परिच्छेद छ
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

देश विकासको लागि “शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो” भनिन्छ । दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ। नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ। शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म लगानी पुऱ्याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन। अहिलेको विद्यालय क्षेत्र विकास योजनाको अन्त्यसम्ममा लगानी वृद्धि हुने आशा गर्न सकिन्छ ।

संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ । शिक्षा ऐन, नियम, राष्ट्रिय शिक्षा नीति २०७६ र विद्यालय क्षेत्र विकास योजना २०७३ ले पनि यसै कुरालाई पछ्याएको देखिन्छ ।

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुऱ्याउनुपर्दछ। तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पुरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ। परिमाणस्वरूप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माण लगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत उपलव्ध हुने सशर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ।

## ६.२ वर्तमान अवस्था

बालबालिकाको शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको अध्ययनहरूले देखाएका छन् । संस्थागत विद्यालयहरूमा वार्षिक शुल्कलगायत सबै खर्च घरपरिवारबाटै हुने गर्छ भने सामुदायिक विद्यालयहरूमा पनि घरपरिवारको लगानी स्टेशनरी तथा पोसाक लगायतमा हुने भएकोले बालबालिकाको शिक्षामा उनीहरूको उल्लेख्य लगानी भइरहेको छ । सार्वजनिक शिक्षामा लगानीको कुरा गर्दा शिक्षकको आपूर्ति तथा व्यवस्थापनमा सर्वाधिक लगानी हुने गरेको छ । भौतिक पूर्वाधार एवम् संरचना, पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री, प्रशासनिक खर्च, छात्रवृत्ति, विद्यालय दिवा खाजा आदि अन्य लगानीका प्रमुख विषयक्षेत्र हुन् । शिक्षामा लगानी क्रमिकरूपमा बढोत्तरी गर्नुपर्छ भन्ने कुरा संघ, प्रदेश र स्थानीय

सरकारको बिचमा सैद्धान्तिक सहमति भएको पाइन्छ । गतविगत वर्षको तुलनामा आगामी वर्षहरूमा लगानीको परिमाण बढ्नु स्वभाविक छ । पुतलीबजार नगरपालिकाले पनि आन्तरिक बजेटमा वृद्धि गर्दै लग्ने योजना बनाएको छ ।

## ६.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ६.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको ३ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ६.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

### अ. स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २८७९ | २८७९ | २८७९ | २८७९ | २८७९ | १४३९५ | |
| २ | आधारभूत शिक्षा | २४१० | २४०९ | २४०९ | २४०९ | २४१२ | १२०४९ | |
| ३ | माध्यमिक शिक्षा | ६११० | ६११० | ६११० | ६११० | ६११० | ३०५५० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ७१० | ७१० | ७१० | ७१० | ७१० | ३५५० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ६३० | ६३० | ६३० | ६३० | ६३० | ३१५० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्याङ्कन | ४२०० | ४२०० | ४२०० | ४२०० | ४२०० | २१००० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २०१२६ | २०१२६ | २०१२६ | २०१२६ | २०१२६ | १००६३० | |
| ८ | शिक्षामा समता र समावेशीकरण | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | २०४६ | २०४२ | २०४२ | २०४२ | २०४२ | १०२१४ | |
| १० | विद्यालयमा सुरक्षा विपत् न्यूनीकरण र उत्थानशीलता | १०६० | १०६० | १०६० | १०६० | १०६० | ५३०० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३४८० | ३४८० | ३४८० | ३४८० | ३४८० | १७४०० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ८७० | ८७० | ८७० | ८७० | ८७० | ४३५० | |
| | जम्मा | ४५०७० | ४५०६७ | ४५०६७ | ४५०६७ | ४५०६७ | २२५३३८ | |

## आ. प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १४४ | १४४ | १४४ | १४४ | १४४ | ७२० | |
| २ | आधारभूत शिक्षा | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | |
| ३ | माध्यमिक शिक्षा | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १७० | १७० | १७० | १७० | १७० | ८५० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्याङ्कन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ८ | शिक्षामा समता र समावेशीकरण | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | |
| १० | विद्यालयमा सुरक्षा विपत् न्यूनीकरण र उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | |

| क.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| | जम्मा | २५४९ | २५४९ | २५४९ | २५४९ | २५४९ | १२७४५ | |

## ई. संघीय सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १६४१९ | १६४१६ | १६४१६ | १६४१६ | १६४१६ | ८२०८३ | |
| २ | आधारभूत शिक्षा | ५६९१ | ५६८९ | ५६८९ | ५६८९ | ५६८९ | २८४४७ | |
| ३ | माध्यमिक शिक्षा | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०२८ | १०२८ | १०२८ | १०२८ | १०२८ | ५१४० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २८८ | २८८ | २८८ | २८८ | २८८ | १४४० | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष हजारमा | | | | | पाँच वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्याङ्कन | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ५५७०९ | ५५७०६ | ५५७०६ | ५५७०६ | ५५७०६ | २७८५३३ | |
| ८ | शिक्षामा समता र समावेशीकरण | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ८०९५ | ८०९५ | ८०९५ | ८०९५ | ८०९५ | ४०४७५ | |
| १० | विद्यालयमा सुरक्षा विपत् न्यूनीकरण र उत्थानशीलता | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३१०० | ३१०० | ३१०० | ३१०० | ३१०० | १५५०० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २३०० | २३०० | २३०० | २३०० | २३०० | ११५०० | |
| | जम्मा | ९५३७६ | ९५३७३ | ९५३७३ | ९५३७३ | ९५३७३ | ४७६८६८ | |

## ६.६योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाइ वार्षिक रूपमा रूपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सुनिश्तिततताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्छ । यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाइ समावेश गर्नुपर्छ । योजना निर्माण गर्दा स्थानीय तहको पाँच बर्से बजेटसहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रीत भइ वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ । वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा यसै योजनाको ढाँचालाई आधार मानी तयार गरिने छ ।

# परिच्छेद : सात
# अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छन् ।

यसको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिका स्तरमा उपप्रमुखको संयोजकत्वमा योजना अनुगमन तथा सुपरीवेक्षण समितिको व्यवस्था गरेको छ । कार्यक्रमको प्रकृति र प्राविधिक पक्षलाई ध्यानमा राखेर सामुहिक जवाफदेहिता र शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वयमा जेनरिक र विशिष्टकृत अनुगमन संयन्त्र आवश्यक मानिन्छ ।

## ७.२ वर्तमान अवस्था

क) विद्यमान अनुगमन तथा मूल्याङ्कन व्यवस्था

१. आन्तरिक र वाह्य समूहवाट अनुगमन तथा मूल्याङ्कनः- पालिका स्तर, प्रदेश स्तर र संघ स्तरका निकायबाट गरिने

कार्यक्रम अनुगमन तथा मूल्याङ्कन प्रमुख, उपप्रमुखसहित स्थानीय कार्यपालिका, सामाजिक विकास समिति, नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धित प्रदेश शिक्षा विकास निर्देशनालय र सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानवशस्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि तथा आमसञ्चार कर्मी, सरेकारवाला समूह, अभिभावकहरूबाट आमन्त्रित तथा संस्थागतरूपमा हुने गरेको छ।

२. जेनरिक समूहबाट अनुगमन र मूल्याङ्कनः स्थानीय नेतृत्व र जनप्रतिनिधि, पालिकाका विषयगत शाखा प्रमुख, स्थानीय अभिभावक र सरोकारवाला, स्थानीय पत्रकार समूह, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरूबाट आमान्त्रित तथा संस्थागतरूपमा हुने गरेको छ।

३. विज्ञ समूहवाट अनुगमन र मूल्याङ्कनः शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, विषयगत प्रअ र

शिक्षकहरूमध्येबाट सूचीकृत रोष्टर तथा पालिकाका अन्तर्गत प्राविधिक, सूचना तथा प्रविधि शाखाका प्रमुखबाट हुने गरेको छ ।

वडास्तरमा हुने विद्यमान अनुगमन व्यवस्था वडा समितिका वडा अध्यक्ष र पदाधिकारी, वडा शिक्षा समिति संयोजक र सदस्यहरू, छिमेकी विद्यालयका प्र. अ.बाट नियमित र आकस्मिक रूपमा हुने गररेको छ।

ख) विद्यालयस्तरमा हुने विद्यमान अनुगमन तथा मूल्याङ्कन व्यवस्था

विव्यस, प्र.अ., शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक तथा अन्य संस्थाबाट विद्यालय अनुगमन एवम् सुपरीवेक्षण प्रत्यक्ष र अप्रत्यक्षरूपमा हुने गरेको छ । साथै सामान्यरूपमा कक्षा अवलोकन र विद्यालयको नियमित, आवधिक र आकस्मिक अनुगमन संस्थागत र आमान्त्रितरूपमा हुने गरेको छ।

उल्लिखित तहका विज्ञ समूहवाट कार्यक्रम अनुगमन / सुपरीवेक्षण र मूल्याङ्कन गर्दा स्थलगतरूपमा तोकिएको अनुगमन एवम् मूल्याङ्कन साधनको प्रयोग हुने गरेको पाइन्छ। सँगसँगै तत्काल अनुगमन एवम् मूल्याङ्कनकर्ता र सम्बन्धित पक्षहरू बिच संयुक्त बैठक गरी पृष्ठपोषण र सल्लाह आदान प्रदान हुने गरेको स्थिति विद्यमान रहेको छ।

# ७.३ उद्देश्यहरू

१. नगरपालिका स्तरमा अनुगमन तथा मूल्याङ्कनको लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु

२. वडास्तर र विद्यालय स्तरमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापना गर्नु
३. विद्यालय तहमा कक्षा अवलोकन र पृष्ठपोषण अनुगमन /सुपरीवेक्षण र मूल्याङ्कनकालागि विषयगत विज्ञहरूको रोष्टर समूहको व्यवस्था गर्नु
४. प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीका लागि जेनरिक र विशिष्ट प्रकृतिको साधन र मापदण्डको विकास गर्नु
५. अनुगमन तथा मूल्याङ्कनको लागि संघ र प्रदेशस्तरीय सम्बन्धित निकायसँग समन्वय र सहकार्यको वातावरण विकास गर्नु
६. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
७. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

## ७.४ रणनीति

१. शैक्षिक योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि पालिका स्तर, वडास्तर र विद्यालय स्तरमा संयन्त्र निर्माण गर्ने
२. शैक्षिक योजना तथा कार्यक्रमको वस्तुगत अनुगमन र मूल्याङ्कनका लागि अनुगमन साधन तथा मूल्याङ्कनका मापदण्ड विकास गरी प्रयोग गर्ने
३. कक्षा कोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कनलाई प्रभावकारी बनाइ कार्यस्थलमा कक्षा अवलोकन र पृष्ठपोषणका लागि विज्ञ समूहको गठन गरी परिचालन गर्ने
४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने

५. विद्यालयमा विनियोजित कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि विव्यस, शिअसंघ र प्र.अ. लाई जवाफदेही र उत्तरदायी हुने वातावरण विकास गर्ने
६. कार्यसम्पादनमा आधारित प्रोत्साहनको लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विश्वसनीय र वस्तुगत सूचनाका एकीकृत सूचना प्रणालीसँग आवद्ध गर्ने
७. नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्बन गर्ने
८. विद्यालयको पारदर्शिता, जवाफदेहीता र सुशासन कायम राख्न सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण पश्चात सार्वजनिकरणको नीति अवलम्वन गर्ने
९. विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा नगरपालिका भरी एकरूपता कायम गरी परीक्षाको मर्यादा कायम राख्न पालिकास्तरमा परीक्षा समितिको व्यवस्था गर्ने

# ७.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

## ७.५.१.उपलब्धिहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुने छन्

१. कक्षाकोठाको सिकाइलाई प्रभावकारी बनाउन र शिक्षकहरू बिच सिकाइ अनुभवको साटासाटको माध्यमबाट क्षमता विकास भएको हुने छ

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित भई शैक्षिक योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ

३. कार्यक्रम कार्यान्वयनको क्रममा आएका समस्या र चुनौतीको सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।

## ७.५.२. नतिजाहरू

**योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू-**

१. संघ, प्रदेश र स्थानीय तहवाट विनियोजित बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको लागि समन्वयात्मक एकीकृत पद्धतिको विकास भएको हुने छ

२. अनुगमन तथा मूल्याङ्कनको लागि पालिकास्तर वडास्तर र विद्यालयस्तर एक/एक वटा प्रतिनिधिमूलक संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ

३. नगरपालिकाभित्रका विद्यालयहरूमा सिकाइ वातावरण प्रबर्धनका लागि विषयगत शिक्षक, विज्ञ समूहको गठन र परिचालन भएको हुने छ

४. जेनरिक समूहबाट अनुगमन तथा मूल्याङ्कनमा केन्द्रित अनुगमन साधन र मूल्याङ्कनका मापदण्ड विकास र प्रयोग भएको हुने छ

५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

# ७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | | |
| १ | शिक्षा नीति तथा योजना र कार्यक्रम समन्वय अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण पालिका, वडा र विद्यालय स्तरमा | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | |
| २ | विषयगत विज्ञ शिक्षक समूह गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ३ | अनुगमन प्रणालीका लागि सूचक (चेक लिस्ट) तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ४ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | १५०० | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | |
| ७ | शैक्षिक योजना तथ्याङ्क प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | |
| | जम्मा | | | | | | | | **६५००** | |

# सन्दर्भ साम्रगीहरू

१) नेपालको संविधान, २०७२ नेपाल कानुन आयोग

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नेपाल कानुन आयोग

३) शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संसोधन सहित)

४) दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्ग चित्रः २०१६-२०३० नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौं

५) स्रोह्रौ योजना (आ.व. २०८१/०८२-२०८५/०८६) नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौं

६) शिक्षा क्षेत्रको योजना २०२१-२०३० नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाडौं २०७७

७) शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा २०७७ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाडौं २०७७

८) नीति कार्यक्रम तथा बजेट २०८२-०८३ पुतलीबजार नगरपालिका

९) राष्ट्रिय शिक्षा नीति २०७६ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाडौं

१०) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर

११) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर

१२) शिक्षा सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरू

१३) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८२

१४) प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८

१५) शैक्षिक सूचना २०८२ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाडौं ।